रोम विधानको कार्यान्वयन सन्दर्भमा राष्ट्रिय तयारी

अध्ययनप्रतिवेदन

२०६८

अध्ययनसमूह

डा. आनन्दमोहन भट्टराई

तिलप्रसाद श्रेष्ठ

नृपध्वज निरौला

राष्ट्रिय न्यायिक प्रतिष्ठान

हरिहर भवन, ललितपुर

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलङ्की, स्यूचाटार, काठमाडौं

रोम विधानको कार्यान्वयन सन्दर्भमा
राष्ट्रिय तयारी
अध्ययनप्रतिवेदन

प्रकाशन मिति : २०६८ जेठ

सङ्ख्या : १ हजार प्रति

प्रकाशक : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

मुद्रण : फर्म्याट प्रिन्टिङ प्रेस, काठमाडौँ, नेपाल

भूमिका

नेपाल रोम विधानको पक्ष बन्नु पर्छ भन्ने विषयमा नागरिक समाजले लामो समयदेखि आवाज उठाउँदै आएको हो। यसैको फलस्वरूप २०६२/०६३ को जनआन्दोलनपश्चात् पनि गठित संसद्ले सरकारलाई रोम विधानको पक्षराष्ट्र बन्ने सन्दर्भमा आवश्यक पहल गर्न निर्देश दिएको थियो। तर यो विषय सरकारको प्राथमिकतामा भने अझै पर्न सकेको छैन।

रोम विधानको पक्ष बन्नमा अन्तर्राष्ट्रिय समुदायले देखाएको चासो र अन्तर्राष्ट्रिय रूपमा विधिको शासनको संस्थापनामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको बढदो सान्दर्भिकतालाई हेर्दा विधानको पक्ष नबनेर हामी लामो समयसम्म विश्व समुदायबाट अलग बस्नु उचित देखिँदैन। कुनै राष्ट्र रोम विधानको पक्ष नबन्दैमा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्लाई बडापत्रको परिच्छेद-७ अन्तर्गत अदालतबाट मुद्दाको अनुसन्धान र अभियोजनको सिफारिस गर्नबाट रोक्न सक्दैन। हालै लिबियाको सन्दर्भमा सुरक्षापरिषद्ले गरेको सिफारिसले पनि सो कुरा स्पष्ट गरिरहेको छ। त्यसैले रोम विधानको पक्ष नबन्नेतर्फ ढिलाई गर्नु वा संकोच मान्नुको कुनै तात्विक अर्थ देखिँदैन।

रोम विधानको पक्ष बन्नुको सबैभन्दा ठूलो सन्दर्भ राष्ट्रिय कानुनमा सुधार गरी मुलुकमा दण्डहीनताको अन्त्य गर्नु हो। रोम विधानको पक्ष बन्दैमा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा चलिहाल्ने होइन। त्यस्तो अवस्था एकदमै न्यून रहन्छ। यसको मूल लक्ष राष्ट्रिय कानुनी व्यवस्थाको सुदृढीकरण नै हो। करिब एक दशक लामो द्वन्द्वपश्चात् राज्यको पुन: संरचना गर्न नेपाल लागिरहेको र सोही क्रममा संहिता निर्माण भई सदनमा पेश भइरहेको हुँदा रोम विधानको पक्ष बनेपछि नेपालले के कस्तो कानुनी र संस्थागत संरचना निर्माण गर्नु आवश्यक हुन्छ भन्ने विषयमा एउटा तयारी गर्नु अत्यन्त समसामयिक हुन्छ। यस कार्यमा राष्ट्रिय न्यायिक प्रतिष्ठान र अग्रणी मानवअधिकार संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)बीच

सहकार्य हुन सकेकोमा मलाई अत्यन्त खुशी लागेको छ। प्रस्तुत अध्ययन प्रतिवेदनले कानुनको निर्माणलगायत यस विषयमा आवश्यक नीति निर्माणका साथै क्षमता विकासको कार्यमा संलग्न सबैलाई सहयोग पुग्ने मेरो विश्वास छ।

प्रस्तुत अध्ययनको संयोजन माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराईले गर्नुभएको छ भने सो कार्यमा माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ र रजिष्ट्रार श्री नृपध्वज निरौला सहभागी रहनु भएको छ। छोटो समयमा सरोकारवालाहरूसँग परामर्श समेत गरी मेहनतपूर्वक प्रतिवेदन तयार गर्नु भएकोमा अध्ययनसमूहलाई म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै प्रतिष्ठानसँग सहकार्यको अग्रसरताको लागि इन्सेकका अध्यक्ष श्री सुबोधराज प्याकुरेल तथा वरिष्ठ अधिकृत अधिवक्ता श्री विद्या चापागाईलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै इन्सेकसँगको सहकार्य आउँदा दिनहरूमा अरु प्रगाढ र फलदायी बन्ने विश्वास मैले लिएको छु।

धन्यवाद

२०६८ जेठ

राघबलाल वैद्य
कार्यकारी निर्देशक

भूमिका

पुनर्स्थापित प्रतिनिधिसभाले २०६३ साउन ९ गते सङ्कल्प प्रस्ताव पारित गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तत्काल अनुमोदन गर्न सरकारका नाममा निर्देशन दिएको थियो। तत्कालीन परराष्ट्रमन्त्री उपेन्द्र यादवले २०६५ माघ २९ गते मन्त्रिपरिषद्मा विधान अनुमोदनका लागि प्रस्ताव पेश गरेपछि सरकारले विधान अनुमोदन गर्ने प्रक्रिया अगाडि बढाएको महसुस नेपाली जनताले गरेका थिए। सन् २०११ को शुरुमा संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षाको क्रममा नेपाल सरकारले रोम विधानको पक्षराष्ट्र हुने सम्बन्धमा सकारात्मक तत्परता देखाएको थियो। यसले मुलुकमा व्याप्त दण्डहीनताको अन्त्य गर्दै द्वन्द्वको परिस्थिति आएछ भने पनि नेपाल सरकार कानुनी राज सुनिश्चित गर्न प्रतिबद्ध रहने छ भन्ने सन्देश दिएको थियो। तर, प्रस्ताव कार्यान्वयन गर्ने सम्बन्धमा हालसम्म पनि कुनै प्रक्रिया अगाडि नसारिएकोले दण्डहीनता अन्त्य गरी कानुनी राज स्थापना गर्ने ठोस प्रयास नभएको स्थिति विद्यमान रहेको देखिन्छ।

रोम विधानको प्रभावकारी कार्यान्वयनका लागि राज्यले विधानअनुकूल राष्ट्रिय कानुनलाई परिमार्जन गरी कानुन तर्जुमा गर्नुपर्ने हुन्छ जसले पक्षराष्ट्रको फौजदारी न्याय प्रणालीलाई सशक्त बनाउन सकोस्। तीन सदस्यीय अन्तरमन्त्रीस्तरीय कार्यदल गठन गरी रोम विधान अनुमोदनपश्चात् नेपाललाई आइपर्ने दायित्व तथा प्रभावको अध्ययन गर्नुले पनि सरकारले रोम विधान अनुमोदन गर्नुपूर्वको गृहकार्य सम्पन्न गरिसकेको स्पष्ट हुन्छ।

सरकारको यसै प्रयासलाई सहयोग गर्न नागरिक समाजको तर्फबाट सुझाव, सिफारिस उपलब्ध गराउने उद्देश्यले यस अध्ययनमार्फत सुझाव दिइएको हो। अनुमोदनपश्चात् विधान कार्यान्वयनका लागि कानुनी संयन्त्र निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले इन्सेकले २०६६ सालमा नेपालमा विद्यमान कानुनहरू खास गरी

रोम विधानको आधारमा विद्यमान फौजदारी कानुनहरूको पुनरावलोकन गरी विभिन्न सरोकारवालाहरूलाई अध्ययनका लागि उपलब्ध गराइसकेको छ। त्यसै अध्ययनको परिअनुगमन स्वरूप रोम विधानअनुरूप आइपर्ने दायित्वहरूको कार्यान्वयन गर्ने सन्दर्भमा कानुनी तथा न्यायिक प्रणाली परिमार्जनका लागि आवश्यक सिफारिस गर्ने उद्देश्य पूर्तिका लागि राष्ट्रिय कानुनमा विधानको व्यवस्थाको कार्यान्वयन, विधानको अनुमोदन र नेपालले निर्वाह गर्नुपर्ने दायित्वका साथै न्यायिक प्रणालीमा गर्नुपर्ने सुधारका बारेमा पनि यस प्रतिवेदनमा सिफारिस गरिएको छ। रोम विधानसँग पूर्णरूपमा समान्जस्य कायम राख्न यो अध्ययन सहयोगी दस्ताबेज हुने आशा गरिएको छ।

यस महत्त्वपूर्ण अध्ययनका लागि हाम्रो प्रस्तावलाई स्वीकार गरी राष्ट्रिय न्यायिक प्रतिष्ठान र प्रतिष्ठानका तर्फबाट अध्ययनमा संलग्न संयोजक माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई, पुनरावेदन अदालत पाटन, ललितपुर, माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ र राष्ट्रिय न्यायिक प्रतिष्ठानका रजिष्ट्रार नृपध्वज निरौलाप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। इन्सेकसमक्ष यस अध्ययनबारे प्रस्ताव राखी आवश्यक सम्पूर्ण संयोजन गर्नुहुने इन्सेककी वरिष्ठ अधिकृत अधिवक्ता विद्या चापागाईलाई विशेष धन्यवाद दिन चाहन्छु। त्यसैगरी यस अध्ययनको सम्पादन गर्नुहुने इन्सेकका वरिष्ठ अधिकृत योगीशकृष्ण खरेल र आवरण/लेआउट डिजाइन गर्नुहुने यसै कार्यालयका अधिकृत गीता माली धन्यवादका पात्र छन्।

यस पुस्तकको माध्यमबाट दण्डहीनताको अन्त्य गरी कानुनी राजको स्थापनार्थ प्रतिबद्ध व्यक्तिहरू लाभान्वित हुनुहुने विश्वास गर्नुका साथै पुस्तकका बारेमा सुझाव एवम् टिप्पणीको अपेक्षा राखेको छु।

२०६८ जेठ

सुबोधराज प्याकुरेल
अध्यक्ष
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

विषय-सूची

परिच्छेद-एक

प्रारम्भिक

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य ३

१.३ अध्ययनको सीमा ४

१.४ अध्ययनविधि ५

१.५ अध्ययनको ढाँचा ५

परिच्छेद-२

नेपालको फौजदारी न्यायप्रणाली

२.१ नेपालको न्यायपालिका ६

२.२ नेपालको फौजदारी न्यायसँग सम्बन्धित संवैधानिक प्रावधान १०

२.३ नेपालको फौजदारी न्यायप्रणाली १२

२.३.१ अनुसन्धानप्रक्रिया १३

२.३.२ अभियोजन १४

२.३.३ मुद्दाको कारबाही प्रक्रिया १६

२.३.३.१ पुर्पक्ष १६

२.३.३.२ प्रमाणसम्बन्धी व्यवस्था १७

२.३.३.३ प्रमाण सङ्कलनसम्बन्धी अन्य व्यवस्था १९

२.३.३.४ बन्द इजलासबाट सुनुवाइको व्यवस्था २०

२.३.३.५ फरार अभियुक्त उपस्थित नभए पनि मुद्दा किनारा गर्ने व्यवस्था २१

२.३.३.६ फैसला र पुनरावेदनसम्बन्धी व्यवस्था २१

२.३.४. दण्ड सजायसम्बन्धी व्यवस्था २२
२.३.४.१ सर्वस्व, कैद र जरिवाना २२
२.३.४.२ झुठा प्रमाण बनाई पेश गर्ने वा झुठा बकपत्र गर्नेलाई तथा अदालतको अपहेलना गर्नेलाई सजायको व्यवस्था २३
२.३.५ सजायमा माफी, मिन्हा, मुलतवी र सजाय घटाउनेसम्बन्धी व्यवस्था २५
२.३.६ पीडितको संरक्षण र क्षतिपूर्ति २६
२.३.७ फैसला कार्यान्वयनसम्बन्धी अन्य व्यवस्था ३०
२.३.८ विविध ३१
२.३.८.१ मुद्दा फिर्ता ३१
२.३.८.२ फौजदारी अपराधको दायित्व उपल्ला आदेश दिने पदाधिकारीले वहन गर्ने व्यवस्था ३२
२.३.८.३ बहिर्क्षेत्रीय अधिकार क्षेत्र ३२
२.३.८.४ हदम्यादसम्बन्धी व्यवस्था ३३
२.३.८.५ कारागार प्रशासन ३४
२.४ अन्तर्राष्ट्रिय परिवेशमा नेपाली फौजदारी न्यायप्रणाली सम्मुख रहेका हाँक र चुनौतीहरू ३७

परिच्छेद-३

रोम विधान र विद्यमान कानुन

३.१ रोम विधानद्वारा परिभाषित अपराधहरू ४०
३.२ क्षेत्राधिकार ४२
३.३ अनुसन्धान र अभियोजन ४३
३.४ पुर्पक्ष र सजाय ४६
३.५ पुनरावेदन र पुनरावलोकन ५४
३.६ रोम विधानका व्यवस्था, नेपाली कानुन र गरिनुपर्ने सुधारहरू ५७

परिच्छेद-४

रोम विधानद्वारा सिर्जित दायित्व र गरिनुपर्ने व्यवस्था

४.१ राष्ट्रियरूपमा अनुसन्धान र अभियोजन १२१
४.२ अदालतलाई सहयोग १२४

४.२.१ सहयोगका लागि अनुरोध गर्ने कार्यविधि १२५
४.२.२ गोपनीयताको सुनिश्चितता १२७
४.२.३ अनुरोध कार्यान्वयनको बाधा अड्काउ फुकाउने १२७
४.२.४ गिरफ्तारीको कार्यमा सहयोग गर्ने १२८
४.२.५ अन्तर्राष्ट्रिय फौजदारी अदालतको गिरफ्तार पुर्जी पक्राउ पुर्जीलाई राष्ट्रिय कानुनअन्तर्गत मान्यता दिने १३०
४.२.७ गिरफ्तारीपछि सक्षम न्यायिक अधिकारीसमक्ष सुनुवाइ गर्ने १३१
४.२.८ अन्तरिम रिहाइ १३१
४.२.९ म्याद जारी गरिएकोमा तामेल गर्न सहयोग गर्ने १३२
४.२.१० आरोपित व्यक्तिको समर्पण (Surrender) मा सहयोग गर्ने १३३
४.२.११ प्रतिस्पर्धी अनुरोध (Competing Requests) को अवस्थामा सहयोग गर्ने १३४
४.२.१२ आफ्नो भूमि प्रयोग गरेर व्यक्ति जिम्मा लगाउन लैजान सहयोग गर्ने १३५
४.२.१३ प्रमाणको सङ्कलन र संरक्षणमा सहयोग गर्ने १३५
४.२.१४ विशेष अवस्थामा प्राप्त सूचना र जानकारीको गोपनीयता कायम गर्ने १३६
४.२.१५ साक्षी परीक्षणको कार्यमा सहयोग गर्ने १३६
४.२.१६ भौतिक र लिखित प्रमाण एवं अपराधिक सम्पत्ति १३७
४.३ फैसला कार्यान्वयन १३८
४.३.१ कैद सजायको कार्यान्वयन १३९
४.३.२ जरिवाना असुल गर्ने र जफत गर्ने १४२
४.३.३ सजायको पुनरावलोकन १४३

परिच्छेद-५

निष्कर्ष र सुझाव

५.१ निष्कर्ष १४४
५.२ सुझाव १४५

५.२.१ नेपाल पक्ष भएका मानवअधिकारसँग सम्बन्धित महासन्धिहरूद्वारा सिर्जित दायित्वको कार्यान्वयन १४६
५.२.२ संवैधानिक व्यवस्था र सोको कार्यान्वयन १४६
५.२.३ संविधानमा संशोधन १४७
५.२.४ अन्य कानुनमा सुधार १४८
५.२.५ नयाँ कानुनी र संरचनागत व्यवस्था १४९
५.२.६ अदालतको कामकारबाहीमा सहयोगसम्बन्धी कानुन निर्माण १५०
५.२.७ राष्ट्रिय फौजदारी न्यायप्रणालीको सशक्तीकरण १५२
५.२.८ कारागार प्रशासनमा सुधार १५३
५.२.९ सरकारी अधिकारीहरूको क्षमता विकास १५३
५.२.१० नयाँ संरचना निर्माण वा सुधार १५४
५.२.११ साझा मतको निर्माणको लागि गृहकार्य र कार्यशैलीमा सुधार १५४
५.२.१२ अन्य १५५

परिच्छेद-१

प्रारम्भिक

१.१ पृष्ठभूमि

अपराध गर्ने व्यक्तिलाई हरतरहले कानुनबमोजिम अभियोजन गरी सजाय गर्नुपर्दछ। दण्डहीनताले कुनै पनि स्थान पाउनु हुँदैन। चाहे राज्यका सरकारी निकायका पद ओगटेर बसेका सरकारी व्यक्ति होऊन् वा सत्ता पक्षसँग असन्तुष्ट रही विद्रोहमा संलग्न विद्रोही नेता वा तिनका कार्यकर्ता, अपराध गर्नेलाई उन्मुक्ति दिँदा दण्डहीनताको स्थिति सिर्जना हुन जान्छ, कानुनको शासनको मर्म अपहेलित र निस्तेज हुन पुग्दछ।

फौजदारी अपराध गर्ने सामान्य नागरिक वा व्यक्तिहरूउपर त देशको फौजदारी कानुनअनुसार अभियोजन भई सजाय हुन सक्छ। तर देशको उच्च राजनीतिक वा कार्यकारी तहमा वा शक्तिमा रहेका पदाधिकारीहरूले आफ्नो कर्तव्यपालनको नाममा गरेका मानवअधिकारको उल्लङ्घनलगायतका जघन्य अपराधहरूमा वा सत्ता वा शासन परिवर्तनका नाममा विद्रोही नेता वा कार्यकर्ताबाट भएका मानवअधिकार वा मानवीय कानुनको घोर उल्लङ्घन वा राजनीतिक उद्देश्यको परिपूर्तिको नाममा भएका आम अपराधहरूमा दोषीलाई न्यायको कठघरामा ल्याउन सामान्य अवस्थाका अपराधीलाई जस्तो सहज र सजिलो हुँदैन। तिनलाई न्यायको कठ्घरामा नल्याउने हो भने अराजकता र दण्डहीनताको स्थिति झन बढ्न जान्छ। अझ द्वन्द्वोत्तर समाजमा राष्ट्रका संरचनाहरूले राम्रोसँग काम गर्न नसक्ने अवस्था हुँदा दण्डहीनताले झनै प्रोत्साहन पाउने अवस्था हुन्छ। राज्यसंयन्त्रले काम गरेको स्थितिमा पनि त्यस्ता संरचनाबाट पूर्वाग्रह हुन सक्दछ। राष्ट्रिय कानुन वा न्यायप्रणालीले सहजतापूर्वक काम गर्न नसकेको परिस्थितिमा अन्तर्राष्ट्रिय अपराधका अपराधीहरू कानुनको दायरामा आउन सक्दैनन्।

विश्व इतिहासमा यस्ता धेरै घटनाहरू छन् जहाँ सत्ता वा विद्रोही पक्षबाट मानवअधिकार कानुन र मानवीय कानुनको घोर उल्लङ्घन गरेको अवस्थामा पनि अन्तर्राष्ट्रिय अपराध गर्नेहरूउपर अभियोजन वा सजाय हुन सकेका छैनन्। यही परिस्थितिको सम्बोधन गर्न दोस्रो विश्वयुद्धपछि युद्ध विजेता राष्ट्रहरूले युद्धअपराधीहरूलाई न्यायको कठघरामा ल्याई व्यक्तिगत रूपमा फौजदारी अपराधको लागि उत्तरदायी ठहराए। तर त्यसबखतका पुर्पक्षहरू आलोचनामुक्त हुन सकेनन्। न्यूरेम्बर्ग र टोकियोमा गरिएका पुर्पक्षको निष्पक्षतामा शङ्का गरियो। यी न्यायाधिकरणहरूलाई विजेताका अदालत भन्ने नामाकरण पनि गरियो। त्यसैले अन्तर्राष्ट्रिय प्रकृति र सरोकारका अपराधहरूमा संलग्नलाई व्यक्तिगत रूपमा जिम्मेवार ठहऱ्याउन पचासको दशकदेखि नै अन्तर्राष्ट्रियस्तरमा प्रयत्नहरू हुन थालेका हुन्। राष्ट्रिय फौजदारी न्यायिक प्रणालीमार्फत अपराधीलाई न्यायको दायरामा ल्याउन नसकिएको स्थितिमा अन्तर्राष्ट्रिय तहबाट भए पनि त्यस्ता गम्भीर अन्तर्राष्ट्रिय अपराधमा संलग्नलाई अभियोजन गरी सजाय गर्न आवश्यक छ भनी सन् ९० को दशकमा संयुक्त राष्ट्रसङ्घ सुरक्षापरिषद्बाट केही तदर्थ प्रकृतिका न्यायाधिकरण स्थापनाका पहलहरू पनि भएका हुन्। तर स्थायी प्रकृतिको र सबैलाई मान्य हुने एक स्थायी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाको अपरिहार्य आवश्यकतालाई अस्थायी प्रकृतिका यस्ता अदालत वा न्यायाधिकरणहरूले पूरा गर्न सकेनन्। परिणामतः संयुक्त राष्ट्रसङ्घ र यसका सदस्य राष्ट्रहरूको पहलमा रोम विधान १९९८ मार्फत एक स्थायी प्रकृतिको अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गरियो। रोम विधानले अन्तर्राष्ट्रिय फौजदारी अपराधहरू-मानवता विरुद्धको अपराध, जाति हत्या, युद्धअपराधलगायतमा अदालतले परिपूरक क्षेत्राधिकार ग्रहण गर्ने व्यवस्था गरेको छ। सन् २००२ जुलाई १ बाट लागू भएको यो विधानको पक्ष राष्ट्रहरू हाल ११५ पुगिसकेका छन्।[१]

अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार परिपूरक हुने र अदालतलाई पक्ष राष्ट्रहरूले पूर्ण सहयोग गर्नु पर्ने यी रोम विधानले पक्ष राष्ट्रलाई सुम्पेका महत्त्वपूर्ण दायित्व हुन्। विधानमा उल्लेखित अपराधहरूमा अनुसन्धान, अभियोजन वा पुर्पक्षमा पक्ष राष्ट्रले अनिच्छा वा असमर्थता देखाएको अवस्थामा मात्र अन्तर्राष्ट्रिय

---

१ May 2011[update], 114, http://en.wikipedia.org/wiki/States_Parties_to_the_Rome_Statute_of_the_International_Criminal_Court

फौजदारी अदालतले आफ्नो परिपूरक क्षेत्राधिकार ग्रहण गर्न सक्तछ। अदालतले क्षेत्राधिकार ग्रहण गरेको अवस्थामा विधानमा उल्लेखित अपराधमा अनुसन्धान, अभियोजन वा पुर्पक्ष र फैसला कार्यान्वयन सम्मका चरणहरूमा पक्ष राष्ट्रले अदालतलाई पूर्ण सहयोग गर्नु पर्दछ। रोम विधानका पक्ष भइसकेका राष्ट्रहरूले विधानमा उल्लेखित सम्बद्ध व्यवस्थाहरूको कार्यान्वयनको लागि आफ्नो घरेलु कानुनमा रोम विधान कार्यान्वयन ऐन, अदालतलाई सहायता गर्नेसम्बन्धी ऐनका अतिरिक्त रोम विधानमा उल्लेखित अपराधहरूलाई सम्बोधन गर्नको लागि छुट्टाछुट्टै कानुनहरू पनि बनाएका पाइन्छन्।

१.२ अध्ययनको उद्देश्य

नेपालमा रोम विधानले परिभाषित गरेका अपराधहरू नभएका होइनन्। विगत दशवर्से सशस्त्र द्वन्द्वताका सरकार तथा विद्रोही पक्षबाट गरी १३ हजारभन्दा बढी मासिको हत्या भएको तथा हजारौँ बेपत्ता र बलात स्थानान्तरण भएको तथ्याङ्कहरू सार्वजनिक भएका छन्। तर यस्ता अपराधमा संलग्न व्यक्तिहरूउपर राष्ट्रको फौजदारी कानुन अनुसार अभियोजन र सजाय हुन सकेको छैन। नेपाल रोम विधानको पक्ष भइनसकेको हुँदा विधानद्वारा परिभाषित अपराधमा सामान्यत: सो अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्ने अवस्था पनि रहेन। यस्तो अवस्थामा भविष्यमा अन्तर्राष्ट्रिय प्रकृतिका यस्ता अपराध सत्तासीन वा विद्रोही पक्ष वा अन्य कसैले गरे गराएको बखत तिनलाई न्यायको कठघरामा ल्याउन राष्ट्रिय न्यायप्रणालीका संरचनाहरू असमर्थ वा अक्षम रहेमा परिपूरक क्षेत्राधिकारअन्तर्गत रोम विधानअन्तर्गतको अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरी दण्डहीनताको अन्त्य गर्न मद्दत पुऱ्याउन सक्ने अपेक्षा गरी रोम विधानको पक्ष बन्न प्रेरितसम्म गरेको छ। २०६२/०६३ को जनआन्दोलन सफल भएपछि पुनर्स्थापित प्रतिनिधि सभाले २०६३ साल साउन ९ गते रोम विधानको पक्ष बन्न आवश्यक कारबाही अगाडि बढाउन सरकारलाई निर्देश पनि गरेको छ। नेपाल रोम विधानको पक्ष हुनुपर्छ भनेर इन्सेकलगायत गैरसरकारी संस्था तथा नागरिक समाजबाट पनि प्रशस्त आवाजहरू उठेका छन्। तर यसका बाबजुद् हालसम्म नेपाल रोम विधानको पक्ष बन्न सकेको छैन। रोम विधानको पक्ष बनेमा नेपालले सो विधानमा परिभाषित अपराधहरूलाई राष्ट्रको कानुनमा अपराध घोषित गरी उपयुक्त

दण्डको व्यवस्था गर्ने मात्र होइन, सोही अनुसारको संरचनागत तथा नीतिगत सुधारहरू गर्नु आवश्यक हुन्छ। रोम विधानको पवित्र उद्देश्य दण्डहीनतालाई हरतरहले नियन्त्रण गर्नु रहेकोले विधानको पक्ष बन्नु नेपालको हितमा हुने देखिन्छ। त्यसैले यसको लागि नेपालले पूर्वतयारी गर्नु आवश्यक छ। रोम विधानको पक्ष बनेपछि वर्तमान फौजदारी कानुनले ती अपराधहरूलाई समेट्छ समेट्दैन, त्यसबारे विचार गर्नु जरुरी छ। साथै रोम विधानमा परिभाषित अपराधलाई अपराध घोषित गर्ने र सजाय दिने साथै हाल भइरहेका अनुसन्धान, अभियोजन, निर्णय तथा निर्णय कार्यान्वयनका प्रक्रिया र प्रविधिहरूमा के कस्तो परिमार्जन, सुधार वा नयाँ व्यवस्था गर्नुपर्ने हो भन्ने विषयमा आजैबाट सोच्नु आवश्यक छ। यो कार्यको थालनी सरकारी क्षेत्रबाट मात्र नभएर गैरसरकारी क्षेत्र, बुद्धिजीवी, अधिकारकर्मीहरूबाट पनि हुन जरुरी छ। यही साझा सोचको उपज प्रस्तुत अध्ययन हो।

रोम विधानद्वारा स्थापित कानुनी तथा न्यायिक मान्यताको सन्दर्भमा नेपालको फौजदारी न्यायप्रणालीको अध्ययन गरी यसलाई कसरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानको मापदण्ड अनुकूल हुने गरी सुधार वा परिमार्जन गर्न सकिन्छ; सुधार, परिमार्जन वा नयाँ व्यवस्था वा बन्दोबस्तका क्षेत्रहरू वा हस्तक्षेपका क्षेत्रहरू के कति र कहाँ हुन सक्दछन्, वर्तमान फौजदारी कानुन र फौजदारी न्यायप्रणालीमा पुनरावलोकनका अन्य क्षेत्रहरू के के हुन सक्दछन् र रोम विधानको कार्यान्वयनको सन्दर्भमा के कस्तो पूर्व तयारी गर्नु पर्दछ भन्ने विषयमा अध्ययन अनुसन्धान र विश्लेषण गरी सुझावहरू प्रस्तुत गर्नु नै यस अध्ययनको उद्देश्य हो।

१.३ अध्ययनको सीमा

ढिलो वा चाँडो नेपाल पनि रोम विधानको पक्ष हुने अवस्था आउँछ नै। त्यसैले यस विधानको पक्ष भएपछि सिर्जना हुने राष्ट्रिय दायित्वलाई पूरा गर्नुपर्ने कानुनी, संस्थागत र मानवीय स्रोत साधनबारे अहिलेदेखि नै सोच्नु आवश्यक छ। रोम विधानको कार्यान्वयनको सन्दर्भमा नेपालको फौजदारी न्यायप्रणालीमा के कस्तो परिमार्जन वा सुधार आवश्यक पर्छ, के कस्ता नयाँ कानुन तथा संरचनाहरूको निर्माण आवश्यक हुन्छ, भइरहेका संरचनाहरू र त्यसमा कार्यरत जनशक्तिहरूको अझ उचित व्यवस्थापन र सशक्तीकरण कसरी गर्न सकिन्छ अर्थात रोम विधानको

कार्यान्वयनको क्रममा के कस्तो तयारी गर्नुपर्छ भन्ने प्रश्नहरूमा सीमित रही यो अध्ययनलाई अगाडि बढाइएको छ। समय र स्रोत साधनको सीमितता हुँदाहुँदै पनि प्रस्तुत अध्ययनलाई सकेसम्म विस्तृत र तयारीको हिसाबले उपयुक्त बनाउने कोसिस गरिएको छ।

१.४ अध्ययनविधि

प्रस्तुत अध्ययन सैद्धान्तिक अनुसन्धानमा आधारित छ। रोम विधानको पक्ष भएका राष्ट्रहरूले यसको कार्यान्वयनका क्रममा गरेका तयारी सम्बन्धमा पाइए सम्मका अध्ययन सामग्रीहरू, विभिन्न विद्वानका लेखरचनाहरू र नेपालको फौजदारी न्यायप्रणालीमा आधारित भई प्रस्तुत अध्ययनलाई अगाडि बढाइएको छ। अध्ययनलाई पूर्णता दिने क्रममा न्याय र कानुनको क्षेत्रसँग सम्बन्धित विशिष्ट व्यक्तित्वहरूसँग भएको परामर्श बैठकहरू र औपचारिक एवं अनौपचारिक छलफलबाट प्राप्त भएका सुझावहरूसमेतलाई अध्ययन प्रतिवेदनमा समावेश गरिएको छ।

१.५ अध्ययनको ढाँचा

यस अध्ययन मूलत: पाँचवटा परिच्छेदमा विभक्त छ। पहिलो परिच्छेद परिचयात्मक खण्डसँग सम्बन्धित छ। दोस्रो परिच्छेदमा नेपालको न्यायपालिका र घरेलु फौजदारी न्यायप्रणालीबारे सङ्क्षिप्त उल्लेख गरिएको छ। तेस्रो परिच्छेद रोम विधानमा भएका मुख्य व्यवस्थाहरू र बिद्यमान कानुनसँग सम्बन्धित छ भने चौथो परिच्छेदमा रोम विधानको अनुमोदनबाट सिर्जना हुने दायित्व र त्यसलाई सम्बोधन गर्न गरिनु पर्ने व्यवस्थाबारे चर्चा गरिएको छ। अन्तिम तथा पाँचौं परिच्छेदमा निष्कर्ष र सुझाव प्रस्तुत गरिएको छ।

परिच्छेद-२

नेपालको फौजदारी न्यायप्रणाली

२.१ नेपालको न्यायपालिका

नेपालको अन्तरिम संविधान २०६३ ले नेपालको न्यायसम्बन्धी अधिकार यो संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गरिने व्यवस्था गरेको छ।[२] नेपालमा सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत रहने साथै खास किसिम र खास प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न कानुनद्वारा अन्य अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिने व्यवस्था संविधानमा गरिएको छ।[३] अन्तर्राष्ट्रिय अपराधहरू राष्ट्रको न्यायप्रणालीले आफ्नो दायरामा ल्याउन नसकेमा त्यस्तो अपराधलाई सम्बोधन गर्न छुट्टै विशेष अदालत वा अन्तर्राष्ट्रिय अदालतमार्फत कारबाही हुन सक्ने परिकल्पना हाम्रो न्यायप्रणालीले गरेको छैन।

नेपालको न्यायपालिकाको सबैभन्दा माथिल्लो तहमा सर्वोच्च अदालत रहेको छ। सर्वोच्च अदालत अभिलेख अदालत हुने, यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारबाही चलाई कानुनबमोजिम सजाय गर्न सक्ने, संविधानसभासम्बन्धी अदालतको क्षेत्रधिकारभित्र पर्ने विषयमा बाहेक संविधान र प्रचलित कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा निहित रहने व्यवस्था संविधानमा गरिएको छ। सर्वोच्च अदालतलाई संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानुन संविधानसँग बाझिएको हुँदा बदर घोषित गरिपाउन कुनै नेपाली नागरिकले निवेदन दिएमा सो अनुसार कुनै कानुन संविधानसँग बाझिएको देखिए

२ धारा १००(१)

३ तर कुनै खास मुद्दाको लागि अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन भन्ने व्यवस्था संविधानले गरेको छ।

त्यस्तो बाझिएको कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार प्राप्त छ। यथार्थमा संविधानमा प्रत्याभूत मौलिक हकको रक्षकको रूपमा सर्वोच्च अदालतलाई राखिएको छ। संविधानप्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा भए पनि अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने, सो प्रयोजनको लागि पूर्णरूपमा न्याय गरी उचित उपचार प्रदान गर्न बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश सर्वोच्च अदालतले जारी गर्न सक्ने व्यवस्था संविधानले गरेको छ। संविधानले सर्वोच्च अदालतलाई प्रदान गरेको उपरोक्त अधिकारको प्रयोग गरी नागरिक वा व्यक्तिको मौलिक हकको रक्षार्थ तथा संवैधानिक वा कानुनी प्रश्न समावेश सार्वजनिक हक वा सरोकारका विवादको निरुपण गरी सार्वजनिक हक रक्षार्थ विभिन्न आदेशहरू जारी भएका छन्। संविधान विपरीत रहेका ऐन तथा नियमका कतिपय प्रावधानहरू अमान्य गरिएका पनि छन्। सर्वोच्च अदालतबाट भएका आदेशबाट नेपालले अनुमोदन गरी पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूबाट सिर्जना भएका दायित्व पूरा गर्न सरकारका नाममा निर्देशनात्मक आदेशहरू जारी भएका छन्। यसैगरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिसँग अमिल्दा राष्ट्रिय कानुनहरूलाई परिमार्जन गर्न वा संशोधन गर्न आदेशहरू जारी भएका छन्।

सर्वोच्च अदालतलाई उपरोक्त असाधारण क्षेत्राधिकारको अतिरिक्त कानुनमा व्यवस्था भएबमोजिम शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने वा निवेदन सुन्ने साधारण अधिकार क्षेत्र पनि संविधानले प्रदान गरेको छ। सर्वोच्च अदालतले कानुनद्वारा तोकिएका अवस्था र शर्तमा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्ने व्यवस्था समेत रहेको छ।

पुनरावेदन अदालतले शुरु कारबाही र किनारा गरेको मुद्दा, दश वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा र शुरु अदालत निकाय वा अधिकारीले गरेको निर्णय र सो निर्णयउपर पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णयमा उल्टी

वा केही उल्टी हुने गरी गरेको फैसला वा अन्तिम आदेशउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐनले गरेको छ।[४] ऐनमा सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने मुद्दामा पुनरावेदन अदालतले सो सजाय ठहराएकोमा सर्वोच्च अदालतमा साधक जाहेर गरी वा कसैको पुनरावेदन परेमा सोबाट अन्तिम किनारा हुने व्यवस्था छ। मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दा किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिए वा सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएको अवस्थामा सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश पुनरावलोकन गर्न सक्छ।[५] त्यसैगरी पुनरावेदन अदालतले तल्लो तहको फैसला सदर गरी सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर विभिन्न चार अवस्थामा मुद्दा दोहाऱ्याई हेरिपाउन परेको निवेदनका आधारमा सर्वोच्च अदालतले दोहोऱ्याई हेर्न सक्छ।[६]

पुनरावेदन अदालतलाई आफ्नो मातहतको जिल्ला अदालत र प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र रहेका अन्य कुनै निकाय वा अधिकारीले मुद्दा मामिलामा गरेको शुरु फैसला वा अन्तिम आदेशउपर पुनरावेदन सुन्ने, साधक जाँच्ने अधिकारको अतिरिक्त आफ्नो प्रादेशिक अधिकार क्षेत्रभित्र कुनै निकाय वा अधिकारीले कुनै व्यक्तिको कानुनप्रदत्त हकमा आघात पुऱ्याएमा सो हकको प्रचलनको लागि आवश्यकतानुसार बन्दीप्रत्यक्षीकरण, परमादेश वा निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार प्राप्त रहेको[७] मा हालै न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले न्याय प्रशासन ऐन, २०४८ को दफा ८ मा संशोधन गरी उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा समेत थप गरेको छ।[८] जिल्ला अदालतलाई प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आफ्नो क्षेत्रभित्रको सबै मुद्दामा शुरु कारबाही र किनारा गर्ने अधिकार रहने व्यवस्था छ।[९] न्याय प्रशासन ऐन २०४८ मा न्याय प्रशासनसम्बन्धी

४ न्याय प्रशासन ऐन, २०४८ को दफा ९

५ ऐ.दफा ११

६ ऐ.दफा १२

७ ऐ. दफा ८

८ न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७, नेपाल राजपत्र खण्ड ६०) काठमाण्डौ, चैत्र १५ गते २०६७ साल(अतिरिक्ताङ्क ३७

९ ऐ.दफा ७

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ ले गरेको संशोधनले जिल्ला अदालतलाई समेत आफ्नो क्षेत्रभित्र बन्दीप्रत्यक्षीकरण वा निषेधाज्ञा जारी गर्ने अधिकार हुने गरी न्यायिक क्षेत्राधिकारमा विकेन्द्रीकरणको मान्यतालाई आत्मसात गरेको छ। कतिपय कानुनले विभिन्न अर्द्धन्यायिक निकायहरूलाई शुरु क्षेत्राधिकार प्रदान गरेका छन्। यस्तोमा ती निकायले गरेको निर्णय पुनरावेदन अदालतमा पुनरावेदन क्षेत्राधिकारको विषय बन्न पुग्दछ। प्रशासकीयरूपमा छुट्याइएको क्षेत्र नै जिल्ला अदालतको आफ्नो क्षेत्राधिकार रहने व्यवस्था कानुनमा छ।

विवादहरूको निरुपण शुरु जिल्ला अदालतमा एक जना न्यायाधीशको इजलासबाट गरिने व्यवस्था छ भने पुनरावेदन अदालतमा एकजना न्यायाधीशको इजलास, दुईजना न्यायाधीश भएको संयुक्त इजलास वा एकजना रहेको तेस्रो न्यायाधीशको इजलासबाट मुद्दाको कारबाही र किनारा गर्ने व्यवस्था छ। सर्वोच्च अदालतमा एकल इजलासदेखि दुईजना न्यायाधीश रहेको संयुक्त वा तीनजना वा सो भन्दा बढी सङ्ख्या रहेको पूर्ण वा विशेष इजलासबाट मुद्दाको कारबाही र किनारा गर्ने व्यवस्था रहेको छ।[१०] शुरु जिल्ला अदालतलाई अधिनिर्णयन अदालत (Court of Adjudication), पुनरावेदन अदालतलाई सुधारात्मक अदालत (Court of Correction) र सर्वोच्च अदालतलाई व्याख्यात्मक अदालत (Court of Interpretation) को रूपमा लिइएको पाइन्छ।

सङ्गठनात्मक संरचनातर्फ हेर्दा नेपालमा हाल एक सर्वोच्च अदालत, १६ वटा पुनरावेदन अदालत र ७५ वटा जिल्ला अदालत रहेका छन्। खास किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्न विभिन्न अदालत, न्यायाधिकरण तथा अर्द्धन्यायिक निकायहरू समेत गठन गरिएका छन्। भ्रष्टाचार मुद्दाको शुरु कारबाही र किनारा गर्नको लागि विशेष अदालत, निजामती कर्मचारीलाई भएको सजायउपर पुनरावेदन सुन्न प्रशासकीय अदालत, श्रमसम्बन्धी विवादको पुनरावेदन सुनी किनारा गर्न श्रम अदालत, वैङ्किङ्ग कारोबारमा हुन नसकेको ऋण असुली विवाद निराकरण गर्न ऋण असुली न्यायाधिकरण, वैदेशिक रोजगारसँग सम्बन्धित विवादको निरुपणको लागि वैदेशिक रोजगार न्यायाधिकरण, राजश्व असुलीसम्बन्धी विवादको निरुपणको लागि राजश्व न्यायाधिकरणको स्थापना गरिएका छन् भने विभिन्न प्रशासकीय

---

१० जिल्ला अदालत नियमावली, २०५२, पुनरावेदन अदालत नियमावली, २०४८ तथा सर्वोच्च अदालत नियमावली, २०४९ मा भएको व्यवस्था अनुसार।

निकायहरूलाई खास किसिम र प्रकृतिका विवादको शुरु कारबाही र किनारा गर्न कानुनले अख्तियारी दिई विवादको निरुपण हुने गरेका छन्। यस्ता निकायहरू पनि न्यायिक संरचनाकै अवयव वा भागको रूपमा रहेका छन्।

नेपालमा विगत केही वर्षदेखि अदालतभित्र विशिष्टिकृत इजलासको व्यवस्था शुरु हुन थालेको छ। जिल्ला तहमा केही नमूना अदालतहरूमा देवानी र फौजदारी इजलास अलग अलगरूपमा राखिएका छन्। पुनरावेदन तहमा केही अदालतहरूमा वाणिज्यसम्बन्धी मुद्दा हेर्न बाणिज्य इजलास गठन गरिएको छ। सर्वोच्च अदालतको तहमा संविधान र कानुनको पुनरावलोकनसँग सम्बन्धित विवाद हेर्न विशेष इजलासको व्यवस्था गरिएको छ भने गत वर्षदेखि फरकफरक प्रकृतिका मुद्दाहरू छुट्याई त्यस्ता भिन्न भिन्न प्रकृतिका मुद्दाको सुनुवाइ गर्न न्यायाधीशहरूको समूह (Panel) खडा गरी मुद्दा हेर्ने परिपाटी कायम गरिएको छ।

२.२ नेपालको फौजदारी न्यायसँग सम्बन्धित संवैधानिक प्रावधान

नेपालको वर्तमान संवैधानिक संरचनाअन्तर्गत संविधानलाई मूल कानुन घोषित गरिएको छ। संविधानसँग बाझिने अन्य कानुनहरू बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरी संवैधानिक सर्वोच्चताको मान्यतालाई स्वीकार गर्दै संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुने घोषणा गरिएको छ।

न्यायसम्बन्धी हकको उल्लेख गर्दै संविधानले कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउ परेको व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिन पाउने हक हुने र आफ्नो कानुनव्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित नगरिने व्यवस्था गरेको छ। पक्राउ गरिएको व्यक्तिलाई पक्राउ परेको समयबाट बाटोको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनु पर्ने र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राख्न नमिल्ने व्यवस्था संविधानमा छ।

संविधानमा तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी नहुने र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय नदिइने व्यवस्था छ। कुनै अभियोग

लगाइएको[११] व्यक्तिलाई निजले कसुर गरेको प्रमाणित नभएसम्म कसुरदार मानिने छैन भन्ने व्यवस्था रहेको छ। यसका अतिरिक्त कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एक कसुरमा एकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन भन्ने प्रतिबद्धता व्यक्त गरिएको पाइन्छ। कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफू विरुद्ध साक्षी हुन कर नलगाइने, कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने र असमर्थ पक्षलाई कानुनमा व्यवस्था भएबमोजिम निःशुल्क कानुनी सेवा पाउने हक हुने गरी न्यायमा पहुँचको प्रत्याभूति गरिएको छ।

उपरोक्त हकहरूको अतिरिक्त कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने, त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने व्यवस्था छ। प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै किसिमको शोषण गर्न नहुने, त्यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुने र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइने कुराको प्रत्याभूत गरिएको छ। अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनैपनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने, यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने र यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिमको क्षतिपूर्ति दिइने व्यवस्था गरिएको छ। यसैगरी प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुने, प्रथा परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न नपाइने, कसैलाई पनि निजको इच्छा विपरीत काममा लगाउन नपाइने गरी संवैधानिक प्रत्याभूति गरिएको छ।

राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत राज्यको दायित्वमा राज्य पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने, सशस्त्र द्वन्द्वको क्रममा मारिएकाहरूको परिवारलाई तथा यस क्रममा घाइते भई अपाङ्ग र अशक्त भएकाहरूलाई उचित राहत, सम्मान तथा पुनर्स्थापनाको व्यवस्था गर्ने, सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने, सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने

११ कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने र महान्यायाधिवक्ताले यस्तो अधिकार मातहतका अधिकृतलाई सुम्पन्न सक्ने व्यवस्था छ (धारा १३५)।

तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको बारेमा सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने[१२] भन्ने उल्लेख गरिएको पाइन्छ।

२.३ नेपालको फौजदारी न्यायप्रणाली

नेपालको फौजदारी न्यायप्रणालीको विगत हेर्दा राणा शासनको अन्त्यसँगै प्रतिद्वन्द्वात्मक कानुनप्रणाालीलाई अवलम्बन गर्न थालिएको पाइन्छ। वि.सं. १९९७ सालमा न्यायपालिका र कार्यपालिकालाई छुट्याउने गरी प्रधानन्यायालयको स्थापना भएको[१३]मा नेपाल सरकार वैधानिक कानुन २००४ जारी भएपछि यसले प्रथागत कानुन (Common law)प्रणालीको प्रवेशको मार्ग खुला गऱ्यो, अन्तरिम शासन विधान, २००७ ले पश्चिमी कानुनीप्रणाालीको स्वागत गऱ्यो।

राणाकालीन न्यायप्रणालीको मुख्य विशेषता अन्वेषणात्मक विधि (Inquisitorial Procedure) थियो। अर्थात न्यायकर्ताले प्रमाणको अनुसन्धान र मूल्याङ्कन गरी सजाय निर्धारण गर्नुपर्ने दायित्व कानुनद्वारा निर्धारित गरिएको थियो। प्रधानन्यायालय ऐन, २००८ आङ्लो-अमेरिकन कानुनप्रणाली (कमन ल/प्रतिद्वन्द्वात्मक प्रणाली) को समीपमा रहेको थियो। २००७ सालको परिवर्तनले नेपालको न्यायप्रणालीमा न्यायकर्तालाई प्रमाण पुऱ्याउने पक्षको हकमा निर्णय दिने निर्णयकर्ताको रूपमा रूपान्तरण गऱ्यो। सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ ले अनुसन्धान र अभियोजनलाई सरकारको कर्तव्य र अधिकारभित्र राखी न्यायिक निरूपणको कार्यलाई अदालतको स्वतन्त्र अधिकारमा राख्ने कार्य गऱ्यो। प्रमाण सङ्कलन गर्नुपर्ने, कसुर प्रमाणित गर्ने दायित्व राज्यमा रहन पुग्यो।

प्रमाण ऐन, २०३१ जारी भएपछि फौजदारी मुद्दामा प्रमाणको भार वादीउपर रहने व्यवस्थाले कसुर प्रमाणित हुनुपूर्व अभियुक्त निर्दोष मानिने र साविती दिन कर नलाग्ने फौजदारी न्यायका सिद्धान्तलाई परोक्षरूपमा अनुशरण गऱ्यो। नेपाल अधिराज्यको संविधान २०४७ तथा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लागु हुनु अघिसम्म नेपाल सरकारी वकिल र प्रहरी अनुसन्धानकर्ताबाट संयुक्तरूपमा

---

१२ नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गतको धारा ३३(घ)।

१३ नेपाल कानुन प्रणाली र कानुनी इतिहास: एक अनुभव, कानुन, अंक ३६, पौष २०५९, नेपाल कानुन व्यवसायी क्लब, काठमाडौं, पृ. ३५।

अनुसूचित अपराधसम्बन्धी मुद्दाहरूको अनुसन्धान, तहकिकात र अभियोजन हुने गर्दथ्यो। अभियोजनको कुरामा यी दुवैको राय बाझेमा सम्बन्धित मुद्दा हेर्ने अधिकारीको निर्णयानुसार हुन्थ्यो। अवस्थाअनुसार अदालतले पुन: अनुसन्धान गर्ने आदेशसमेत जारी गर्न सक्दथ्यो। तर नेपाल अधिराज्यको संविधान २०४७ र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ प्रारम्भ भएपछि अब न्यायाधीशको आदेशले पुन: अनुसन्धान गर्ने गराउने कानुनी व्यवस्थाको अन्त्य भई अदालतलाई स्वतन्त्र र निष्पक्ष निर्णयकर्ता (Neutral Umpire) को रूपमा स्थापित गरिदिएको छ। अनुसन्धान र अभियोजनको कार्यलाई पनि पृथक गरी अभियोजन सरकारी वकिलले मात्र गर्ने, अनुसन्धानकर्ता प्रहरीलाई अभियोजकले निर्देशन दिन सक्ने व्यवस्था हाल गरिएको छ। अदालत स्वतन्त्र भएको कारण अदालतले प्रहरीलाई कार्यकारिणीको एकाई मानी व्यवहार गर्ने, प्रहरीले सरकारकोतर्फबाट अनुसन्धान गर्ने, सरकार वादी हुने भएपछि अदालतभन्दा बाहिर भएको बयानको ग्राह्यतामा सर्तहरू तोकियो। प्रमाण ऐन, २०३१ ले यस्तै व्यवस्था गऱ्यो।[१४] र, अदालतबाट पनि सोही अनुरूपका कानुनी सिद्धान्तहरू प्रतिपादन भएका छन्।

२.३.१ अनुसन्धानप्रक्रिया

नेपालको कानुनीप्रणालीले फौजदारी मुद्दाहरू पनि व्यक्तिवादी र सरकारवादी भई चल्ने व्यवस्था गरेको छ। व्यक्तिको हक हितमा असर पार्ने सामान्य प्रकृतिका अपराधलाई व्यक्तिवादी फौजदारी मुद्दा मानी व्यक्तिले दावी गरी उपचार प्राप्त गर्ने र प्रतिवादीलाई केही सजाय पनि हुने व्यवस्था गरिएको पाइन्छ। समाज तथा सिङ्गो राज्यलाई नै असर पर्ने खालका र व्यक्तिगत तहबाट राम्रोसँग अनुसन्धान र अभियोजन गर्न नसकिने ठानिएका अपराधहरूलाई सरकारवादी फौजदारी मुद्दा मानी सरकारकोतर्फबाट मुद्दा चलाउने व्यवस्था गरिएको पाइन्छ। नेपाल सरकार वादी भई चलाइने मुद्दाको सम्बन्धमा र नेपाल सरकार विरुद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी भएको सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लेख भएको कुनै अपराधको वा भइरहेको वा हुन लागेको थाहा पाउने व्यक्तिले तत्सम्बन्धी अपराधबारे आफूसँग भएको वा आफूले देखे-जाने सम्मको सबुत प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा

---

१४ प्रमाण ऐन, २०३१ को दफा ९

मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने व्यवस्था रहेको पाइन्छ। यसरी जानकारी पाएमा प्रहरीले यथाशीघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्बन्धित कुनै प्रमाण लोप वा नास हुन नदिने र अपराध गर्ने व्यक्ति भाग्न, उम्कन नपाउने व्यवस्था गर्नु पर्दछ। कुनै अपराधको तहकिकात शुरु गर्नुभन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकिल कार्यालयमा प्रारम्भिक प्रतिवेदन पठाई भएको आवश्यक निर्देशन अनुसार तहकिकात गर्नु पर्दछ। तहकिकातको क्रममा प्रहरी कर्मचारीले अपराध भएको ठाउँको विवरण, सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्बन्ध, अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य उल्लेखनीय कुरा खुलाई मुचुल्का तयार गर्ने, अन्य आवश्यक प्रमाण सङ्कलन गर्ने गर्नुपर्दछ। यसैगरी अनुसन्धानको क्रममा कुनै पनि अपराधको सम्बन्धमा प्रहरी कर्मचारीले सम्बन्धित सरकारी वकिलसमक्ष सम्बन्धित अभियुक्तको बयान लिने, व्यक्ति वा स्थानको खानतलासी लिने, मानिसको मृत्यु भएको भए लाश जाँच गर्ने, पक्राउ परेको व्यक्तिको रगत, बीर्य वा शरीरको अन्य कुनै भाग वा अन्य कुनै कुराको जाँच गराउने, अपराधसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिने, २४ घण्टाभन्दा बढी थुनामा राख्नु परेमा पक्राउ परेको व्यक्तिलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्ने गर्नु पर्दछ। यसरी कुनै अपराधको तहकिकात पूरा भएपछि आफ्नो रायसहित मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिलसहित सम्बन्धित सरकारी वकिल कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ।[१५] कतिपय विशेष ऐनले सरकारी वकिलबाट मुद्दा चल्ने निर्णय भएपछि सम्बन्धित निकायले नै अदालतमा अभियोजन गर्ने व्यवस्था पनि गरेको पाइन्छ।

२.३.२. **अभियोजन**

अपराधको अनुसन्धान गर्ने निकायले गर्नुपर्ने अनुसन्धान तहकिकातका कार्यहरू पूरा गरी आफ्नो रायसहित मिसिल कागजात सरकारी वकिल कार्यालयमा पठाउनुपर्ने व्यवस्थाबमोजिम मिसिल प्राप्त भएपछि सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय गर्नुपर्दछ। सो सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकिलले

---

१५ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७

थप सबुत प्रमाण सङ्कलन गर्न वा कुनै व्यक्तिगत सोधपूछ गर्न आवश्यक देखेमा सो गर्न तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिने र सो बुझ्नु नपरी मुद्दा चल्ने देखिएमा मिसिलका विवरणसहित अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्बन्धी प्रमाण, सम्बन्धित कानुनअनुसार अभियुक्तलाई हुनुपर्ने सजाय र अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूति भराई दिनुपर्ने भए सो क्षतिपूर्तिको रकम समेत उल्लेख गरी सम्बन्धित अदालतमा अभियोगपत्र दायर गर्नुपर्ने व्यवस्था रहेको छ।

उक्त कानुनी व्यवस्थाको प्रयोग हेर्दा प्रहरी हिरासतमा लिनेबित्तिकै अभियुक्तको बयान लिने, सोधपुछ गर्ने कार्य गरी बन्दीका अधिकारको उपेक्षा हुने गर्दछ, कसुर प्रमाणित गर्नको लागि अभियुक्तको साबिती बयान सबैभन्दा विश्वसनीय प्रमाण हो भन्ने गलत अवधारणा प्रहरीमा संस्थागत भएको एकातिर छ भने अदालतले पनि इन्कारी बयान गर्नेलाई नै अन्य प्रमाणद्वारा समर्थित भएमा सफाइ दिने हुँदा प्रहरीमा साबित भएका भनिएका अधिकांश अभियुक्त अदालतमा इन्कारी बयान दिने गर्दछन्। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले सरकारी वकिललाई प्रहरीले अभियुक्तका विरुद्ध पेश गरेको प्रमाण कागज एवं तिनको चरित्र हेरेर छानबिन गरेर मुद्दा चलाउन सक्ने अधिकार भए पनि त्यसको प्रयोग नगरी बढी हदको सजाय माग गरी मुद्दा चलाउने गरेको यथार्थ रहेको छ।

मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनमा दोषी देखिएका उपर प्रहरीले अनुसन्धान वा सरकारी वकिलले अभियोजन नगरेमा कानुनबमोजिम अनुसन्धान गरी अनुसन्धानबाट दोषी देखिए अभियोजन गर्न सर्वोच्च अदालतले आफूसमक्ष परेको निवेदनको आधारमा परमादेश जारी गर्न सक्ने[१६] बाहेक अनुसन्धान वा अभियोजन गर्न सम्बन्धित राष्ट्रिय संयन्त्र अक्षम अनिच्छुक वा असमर्थ रहेको अवस्थामा दोषीलाई न्यायको कठघरामा ल्याउन पीडित वा निजको पक्षबाट अन्य कसैले उजुर वा पुनरावेदन गर्न पाउने व्यवस्था छैन। न

---

१६ प्रहरीसमक्ष परेको जाहेरीबमोजिम अनुसन्धान कारबाही अगाडि नबढाएको र अभियोजन नगरेको भनी परमादेश जारी गरि पाउन परेका रिट निवेदनहरूमा सर्वोच्च अदालतबाट जाहेरी दर्ता गरी अनुसन्धान कारबाही अघि बढाई अनुसन्धानबाट मुद्दा चलाउनुपर्ने देखिए अभियोजन गर्नु भनी प्रहरी र सरकारी वकिलका नाउँमा परमादेश जारी भएका उदाहरणहरू छन्।

त यस्तो अवस्थामा अन्तर्राष्ट्रिय संरचना वा न्यायाधिकरणमार्फत अनुसन्धान वा अभियोजनको अभ्यास नै नेपालमा भएको छ।[१७]

२.३. ३ मुद्दाको कारबाही प्रक्रिया

२.३.३.१ पुर्पक्ष

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा उल्लेख भएका गहन प्रकृतिका फौजदारी मुद्दाहरूको अनुसन्धान तहकिकात भई सरकारी वकिलले अभियोजन गरेपछि अदालती प्रक्रिया प्रारम्भ हुन्छ। हुन त पक्राउ परेका अभियुक्तलाई २४ घण्टाभन्दा बढी समय थुनामा राख्नुपर्दा मुद्दा हेर्ने अधिकारीको अनुमति दिई म्याद थप पाएमा मात्र कारबाही अगाडि बढाउन सकिने हुन्छ। अदालतमा अभियोजन दायर भएपछि अदालतले उपस्थित रहेका अभियुक्तको हकमा बयान लिई थुनछेक गरी, मुद्दा पुर्पक्षको क्रममा थुनामा राख्ने वा तारेखमा राखेर मुद्दाको कारबाही अगाडि बढाउने यकिन गरी अनुपस्थित अभियुक्तका हकमा पक्राउ पुर्जी म्यादीपुर्जी जारी गर्ने लगायतका कार्य गर्ने व्यवस्था मुलुकी ऐन अदालती बन्दोबस्तको ११८ नं.,९४ नं. ९९ नं. मा रहेको पाइन्छ।

पुर्पक्षको क्रममा जन्मकैदको सजाय हुन सक्ने अपराध, तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिने भएमा वा त्यस्तो प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अन्यथा प्रमाणित नभएसम्म अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था रहेको छ।[१८] यसैगरी नेपालमा स्थायी बसोबास नभएको कुनै अभियुक्त तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सोभन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार भएमा अड्डाले निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था छ। सोबाहेक तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्त कसुरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिब आधार

---

१७ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान १९९८ को प्रस्तावनाको दशौं परिच्छेदमा र धारा १७ मा उक्त अदालतको परिपूरक क्षेत्राधिकार रहने व्यबस्था रहेको छ। अर्थात रोम विधानमा उल्लेखित अपराधलाई पक्ष राष्ट्रको कानुनमा अपराध घोषित गरी सजायको व्यवस्था गरी त्यस्ता अपराधमा संलग्नलाई अनुसन्धान गरी राष्ट्रको घरेलु अदालतमा अभियोजन गरी कारबाही गर्नु पर्ने, त्यसरी अनुसन्धान अभियोजन गरी कारबाही गर्न राष्ट्रिय संयन्त्र असमर्थ वा अनिच्छुक भएमा मात्र अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्न सक्ने व्यवस्था छ।

१८ अ.बं. ११८ नं. को देहाय (२)

भएमा अड्डाले निजसँग धरौट वा जमानत वा धरौटमा नरहेको अभियुक्त पछि प्राप्त प्रमाणबाट कसुरदार हो भन्ने विश्वास गर्ने आधार भएमा मुद्दाको कारबाहीको जुनसुकै बखत अभियुक्तलाई अवस्थानुसार थुनामा राख्न वा धरौट वा धरौट वा जमानत माग्न थुनामा परेको कुनै अभियुक्त पछि प्राप्त प्रमाणबाट कसुरदार होइन भन्ने विश्वास गर्नुपर्ने कुनै मनासिब आधार भएमा थुनाबाट रिहा गर्न सक्ने व्यवस्था छ। यद्यपि यी व्यवस्थाहरूको प्रयोग कमै मात्रामा हुने गरेको पाइन्छ। कतिपय विशेष ऐनले कसुर गरेको बात लागेका अभियुक्तलाई पुर्पक्षको क्रममा थुनामा नै राख्नुपर्ने विशेष व्यवस्था पनि गरेको पाइन्छ। हातहतियार खरखजाना ऐन, २०१९ मा प्रचलित कानुनमा जुनसुकै कुरा देखिएको भए तापनि यस ऐनअन्तर्गतको मुद्दाका अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कारबाही गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ।[१९] मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा पनि अभियोग लागेका प्रतिवादीलाई थुनामा नै राख्नुपर्ने अनिवार्यता रहने व्यवस्था रहेकोमा सर्वोच्च अदालतले त्यसलाई अमान्य गरिदिएको छ।[२०]

२.३.३.२ प्रमाणसम्बन्धी व्यवस्था

जसले जे भन्छ वा जे आरोप लगाउँछ, सो कुरा निजले नै प्रमाणित गर्नुपर्छ भन्ने प्रमाण कानुनको सिद्धान्त हो। फौजदारी मुद्दामा अभियोग वा दोष पुष्टि गर्ने दायित्व अभियोजन पक्षको हुँदा अभियोजन पक्षले प्रमाणबाट पुष्टि गर्न नसकेसम्म अभियुक्तलाई निर्दोष मान्नुपर्ने र शङ्काको सुविधा अभियुक्तले पाउने हुन्छ। हाम्रो संवैधानिक व्यवस्थामा पनि कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने निर्दोषिताको अनुमानको सिद्धान्त अवलम्बन गरिएको र कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफू विरुद्ध साक्षी हुन कर नलाग्ने अर्थात चुप लाग्न पाउने अधिकार (Right to Remain Silent) रहेको हुँदा अभियुक्तउपरको दोषको प्रमाण भार अभियोजन पक्ष अर्थात सरकारले पुऱ्याउनुपर्ने हुन्छ। तर यो सिद्धान्तलाई छाता सिद्धान्त (Overarching Principle) को रूपमा

---

१९ दफा २४ (क)

२० अधिवक्ता कमलेश द्विबेदी बि. नेपाल सरकार, रिट नं. ०६४-WS-००२७, उत्प्रेषणसमेत, बि.ई., आदेश मिति २०६३।३।११, यसमा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नुपर्छ भन्ने दफा ८ को व्यवस्थालाई अमान्य र बदर घोषित गऱ्यो।

भने नेपालको कानुनी संरचनामा अझै स्वीकार गर्न सकिएको छैन।[३१]

प्रमाण ऐन, २०३१ को व्यवस्थाअनुसार कुनै अभियुक्तलाई लगाइएको अभियोगका सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गर्दा निज सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्नसक्ने स्थितिमा रहेकोमा, निजलाई बाध्य गरी वा निज वा अरु कसैलाई यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरुद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी सो कुरा व्यक्त गरेको होइन भन्ने देखिएमा र सो अभियोगबारे कुनै सार्वजनिक अधिकारीले गर्ने कारबाहीका सम्बन्धमा त्यस्तो धम्की वा विश्वास गर्ने आधार नदेखिएको भए प्रमाणमा लिन हुने व्यवस्था रहेको पाइन्छ।

कुनै काम, घटना वा अवस्थाबाट पीडित व्यक्तिले सो घटना वा अवस्थाका सम्बन्धमा मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा, कुनै मरेको व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस् छँदै आफ्नो मृत्युको कारणका सम्बन्धमा व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने व्यवस्था छ। यस्तै कुनै काम, घट्ना वा अवस्था प्रत्यक्ष रूपमा देख्ने वा थाहा पाउने व्यक्तिले मौकामा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुने[३२] गरी प्रमाणसम्बन्धी व्यवस्था रहेको छ। यस अतिरिक्त सार्वजनिक लिखत इत्यादिमा उल्लेख भएका कुराहरू, नियमित रूपमा राखिएका खाता, बही, किताब वा अन्य स्रेस्तामा जनिएका कुराहरू, पुस्तक वा लेखमा लेखिएका कुराहरू, खास प्रकारका तथ्याङ्क, सूचीपत्र, विवरण आदि, अन्य मुद्दामा साक्षीले बकेका कुराहरू, कुनै काम घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानुनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बकपत्र गरेमा प्रमाणमा लिन हुने व्यवस्था गरिएको छ। कुनै निस्सा वा प्रमाणपत्र दिने कानुनी कर्तव्य भएका व्यक्तिले प्रचलित नेपाल कानुनबमोजिम दिएको निस्सा वा प्रमाणपत्र, प्रचलित नेपाल कानुनबमोजिम कुनै काम घटना वा अवस्थाका सम्बन्धमा कुनै टिप्पणी वा प्रतिवेदन तयार गरी कुनै खास ठाउँ वा कार्यालयमा जाहेर गर्नुपर्ने कर्तव्य भएका व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा लेखेको त्यस्तो टिप्पणी वा प्रतिवेदन, विदेशी कानुन,

३१ हेर्नुहोस् लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९.

३२ प्रमाण ऐन, २०३१ को दफा १०

विज्ञान, कला, हस्ताक्षर वा ल्याप्चेका सम्बन्धमा राय यकिन गर्नुपरेमा सोसम्बन्धी विशेषज्ञको राय व्यक्त गर्ने साक्षीको रूपमा आफै अदालतमा उपस्थित भएमा प्रमाणमा लिन हुने व्यवस्था रहेको छ।

फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने,[३३] वादीले शङ्कारहित तवरले प्रतिवादीउपरको प्रमाण भार पुऱ्याउन नसके शङ्काको सुविधा अभियुक्तले पाउने हुन्छ। दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने सिद्धान्तलाई हामीले अवलम्बन गरेको कारण दोषी प्रमाणित गर्ने भार अभियोजककै हुने र त्यसरी प्रमाणित गर्न नसकेमा शङ्काको सुविधा अभियुक्तमा पुग्न गई निजलाई फाइदा पुग्न जाने हुन्छ। तर सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुन्छ।[३४]

प्रमाण लिखितको अतिरिक्त मौखिक पनि हुन सक्छ। तर मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्छ, अर्थात देख्न, सुन्न वा कुनै इन्द्रियको सहायताले थाहा पाउन सकिने कुनै कुरालाई प्रमाणमा दिन खोजिएको भए, सो प्रत्यक्ष प्रमाण देख्ने, सुन्ने वा थाहा पाउने व्यक्तिले त्यस सम्बन्धमा मौखिक प्रमाण दिएको हुनुपर्छ।[३५] तर कलिलो उमेर, अति वृद्धावस्था वा शारीरिक वा मानसिक रोगी वा अरु त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहराएको व्यक्ति साक्षी हुन सक्ने हुँदैनन्।[३६]

२.३.३.३ प्रमाण सङ्कलनसम्बन्धी अन्य व्यवस्था

प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा प्रमाण पुऱ्याउने भार वादीमा रहन्छ भन्ने व्यवस्था रहेको छ। जसले प्रमाण पुऱ्याउन सक्छ, अदालतले त्यसैलाई जिताउने हुन्छ किनकि अदालतको भूमिका तटस्थ निर्णेता (Neutral Umpire) को रूपमा रहन्छ। हाम्रो कानुनी प्रणालीले अन्वेषणात्मक होइन, अभियोजनात्मक प्रणालीलाई अपनाई आएको अवस्था रहे पनि केही अपवादात्मक अवस्थाहरू रहेका छन्। मुलुकी ऐन, अदालती बन्दोबस्तको ११५ नं. मा नेपाल

३३ ऐ. दफा २५
३४ ऐ. दफा २७(१)
३५ ऐ. दफा ३७
३६ ऐ. दफा ३८

सरकारवादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीको सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ। मनासिब कारण भएमा बाहेक सोबमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रूपैयाँ जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई बकाउनु पर्छ। पक्रन पठाउँदा पनि फेला परेन भने बाटाको म्यादबाहेक सात दिनको फेरी समाह्वान जारी गर्नुपर्ने, सो समाह्वानबमोजिम तोकिएको तारेखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई, ल्याई, बकाई १५ दिनदेखि ४५ दिनसम्म कैद गर्न सक्ने र त्यति गर्दा पनि पक्रिएन भने त्यस्तालाई सोबमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनु पर्ने व्यवस्था गरिएको छ। अन्वेषणात्मक कानुनीप्रणालीमा अपनाइने गरेको यो व्यवस्थाले प्रतिद्वन्दात्मक वा अभियोजनात्मक प्रणाली अपनाएको हाम्रो फौजदारी न्यायप्रणालीलाई स्वरूपहीन बनाइदिएको छ भन्ने टिप्पणी पनि हुने गरेको पाइन्छ। यस व्यवस्थाको प्रयोग अपवादात्मक रूपमा हुनुपर्नेमा आमप्रचलनको रूपमा हुने गरेकोले अभियोजन र त्यसको प्रतिरक्षालाई प्रभावहीन र निरर्थक बनाएको छ भन्ने गरिएको पाइन्छ।

२.३.३.४ बन्द इजलासबाट सुनुवाइको व्यवस्था

अड्डाले मुद्दाको कारबाही र फैसला गर्दा खुला इजलासमा गर्नुपर्छ[३७] भन्ने सामान्य व्यवस्था हो। तर मुद्दाका पक्षहरूको परिचयात्मक गोपनीयताको लागि कतिपय मुद्दाहरू बन्द इजलासबाट सुनुवाइ गर्नुपर्ने प्रचलन पनि बढेको छ। हाम्रा कतिपय कानुनले बन्द इजलासबाट सुनुवाइ गर्ने व्यवस्था गरेका छन्। जबरजस्ती करणीको १० ख. नं. मा जबरजस्ती करणीको महलअन्तर्गतको कुनै मुद्दाको कारबाही चल्दा सम्बन्धित कानुन व्यवसायी, अभियुक्त, पीडित स्वास्नी मानिस र निजको संरक्षक तथा मुद्दा हेर्ने अधिकारीले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र इजलासमा उपस्थित हुन सक्ने व्यवस्था रहेको छ। बालबालिकासम्बन्धी ऐन, २०४८, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले पीडितको संरक्षणको लागि यस्ता मुद्दा बन्द इजलासबाट सुनुवाइ हुने व्यवस्था गरेको छ भने अदालतका नियमावलीहरूले बालबालिका, सम्बन्ध-विच्छेद, नाता कायम, जबरजस्ती करणीलगायतका मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट

३७ अ.वं. ६ नं.

हेर्ने गरी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासबाट गरिने भन्ने उल्लेख छ। पीडित बालबालिका, महिला, एच.आइ.भी/एड्स संक्रमित व्यक्ति भएको मुद्दा बन्द इजलासबाट गर्ने गरी सर्वोच्च अदालतबाट एउटा रिट मुद्दामा निर्देशनात्मक आदेश तथा निर्देशिका समेत जारी भएको पाइन्छ।[३८]

२.३.३.५ फरार अभियुक्त उपस्थित नभए पनि मुद्दा किनारा गर्ने व्यवस्था

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अनुसार अभियुक्त पक्राउ परी थुनामा रहेकोमा अभियोग साथ पक्राउ परी थुनामा रहेका अभियुक्तलाई पनि अदालतमा उपस्थित गराउनू पर्ने, फरार रहेका अभियुक्तको हकमा अदालतबाटै पक्राउ पुर्जी वा म्यादी पुर्जी जारी हुन माग गरी अभियोगपत्र दायर गर्ने व्यवस्था रहेको छ। अदालतले पनि कर्तव्य ज्यान, डाँका, खोटा टक, जबरजस्ती करणी, मानव बेचबिखन, लागु औषध, राष्ट्रसेवकले नगद वा जिन्सी मसौट गरेको, सरकारी सम्पत्ति रहेको घरमा आगो लगाएको मुद्दामा अभियुक्तलाई गिरफ्तार गर्न सात दिने पक्राउ पुर्जी र सो अवधिमा पक्रिएन भने ७० दिने म्यादी पुर्जी जारी गर्ने व्यवस्था छ। सो वारेन्ट जारी भएको ६ महिनासम्ममा उपस्थित नभए वा पक्राउ नपरे निजको अंश रोक्का राखी पक्राउ परेको वा हाजिर भएको बखत कानुनबमोजिम गर्ने गरी मुलतबी राख्ने र अंश रोक्का भएको दुई वर्ष पुगेपछि निज हाजिर नभए पनि बुझेसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गरिदिनुपर्ने व्यवस्था रहेको छ।[३९]

२.३.३.६ फैसला र पुनरावेदनसम्बन्धी व्यवस्था

बुझ्नु पर्ने प्रमाण बुझिसकेपछि मुद्दा फैसलाको चरणमा प्रवेश गर्दछ। यसको लागि मुद्दाको पेशी तारेख तोकी वादी नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने सरकारी वकिललाई र थुनामा रहेको प्रतिवादीलाई जानकारी दिई सुनुवाइ गरिन्छ। बन्द इजलासबाट सुनुवाइ हुने भनी कानुनले तोकेको र इजलासले आदेश दिएको मुद्दामा बाहेक सुनुवाइ सामान्यतः खुला इजलासबाट हुन्छ। कानुन ब्यवसायीको प्रतिनिधित्व रहेको भए बहस सुनी छलफल गरी न्यायकर्ता निष्कर्षमा पुग्दछन्। फैसलाको जानकारी पाएको ७० दिनभित्र सरकारवादी फौजदारी मुद्दामा हार्ने पक्षले

३८ अधिवक्ता सपना प्रधान मल्ल बि. नेपाल सरकारसमेत, सम्वत २०६३ सालको रिट नं. ३५६१, परमादेश समेत, आदेश मिति २०६४।९।१०

३९ अ.बं. १९० नं.

पुनरावेदन गर्न सक्ने व्यवस्था छ। ७० दिने सो म्याद थाम्न समेत पाइने व्यवस्था छ। सामान्यत: एक तह पुनरावेदनको अधिकारलाई कानुनले स्वीकार गरेको भए पनि दश वर्ष वा सोभन्दा बढी कैदको सजाय भएको मुद्दा पुनरावेदनको तहबाट सर्वोच्च अदालतसम्म पुग्न सक्ने व्यवस्था छ।[30] फैसला फरक पर्न सक्ने अवस्था भएमा पुनरावेदन तहबाट अघि जित्ने पक्षलाई समेत झिकाई छलफल गरी निर्णय गर्ने परिपाटीको विकास हाम्रो कानुनले गरेको छ। अभियोग लागेको व्यक्तिले शुरु अदालत वा पुनरावेदन अदालतबाट सफाइ पाएमा अर्को पक्ष पुनरावेदन गर्न जान सक्ने अवस्था भएमा पनि थुनामा रहेको प्रतिवादीलाई तुरुन्त थुनामुक्त गर्नुपर्ने हुन्छ अर्थात पुनरावेदन गर्नलाई वा पुनरावेदन तहको फैसला हुनलाई कुर्नुपर्ने अवस्था छैन। सर्वोच्च अदालतले गरेको अन्तिम आदेश/फैसलाउपर निश्चित सर्त र अवस्थामा पुनरावलोकन हुन सक्ने व्यवस्था रहेको छ।[31]

२.३.४. दण्ड सजायसम्बन्धी व्यवस्था

२.३.४.१ सर्वस्व, कैद र जरिवाना

नेपालको फौजदारी न्यायप्रणालीमा आरोप लगाइएको व्यक्ति उपरको कसुर ठहर भएमा कैद, जरिवाना र सर्वस्वसम्मको दण्ड हुने व्यवस्था रहेको पाइन्छ। कतिपय मुद्दामा पीडितलाई बिगो र क्षतिपूर्ति भराइदिने व्यवस्था रहेको छ। पीडितलाई हानिपूरणको समग्र प्याकेज दिलाउने व्यवस्था रहेको छैन। सामान्य कानुनको रूपमा रहेको मुलुकी ऐन अदालती बन्दोबस्तको ६ नं. मा यति खण्ड सजाय गर्नु भन्ने लेखिएकोमा जन्मकैदको २० वर्ष, र सर्वस्वको १८ महिना कैद कायम गरी त्यसको खण्ड सजाय गर्नुपर्ने उल्लेख छ।[32] ऐनमा सर्वस्वसहित

30 न्याय प्रशासन ऐन, २०४८ को दफा ९

31 ऐ. दफा ११

32 प्रस्तावित अपराध संहिता....२०६७ मा संहितामा उल्लेखित कसुर गरेबापत हुने सजायमा जन्मकैद, कैद, जरिवाना, क्षतिपूर्ति, जरिवाना वा क्षतिपूर्ति नतिरेबापतको कैद, कैदको सट्टा सामुदायिक सेवा जस्ता सजायका प्रकार तोकिएको छ, सर्वस्वको सजायलाई हटाइएको छ (दफा ३९) जन्मकैदलाई दुई भागमा विभाजन गरी आजीवन अर्थात कसुरदार जीवित रहेसम्म र तीस वर्ष कैद भनी किटान गरिएको छ। क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेकोमा, बायुयान अपहरण गरी वा विष्फोट गरी ज्यान मारेकोमा, सार्वजनिक रूपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा बीष हाली ज्यान मारेकोमा, अपहरण गरी वा शरीर बन्धक लिई ज्यान मारेकोमा, कुनै जातजाति वा सम्प्रदायको अस्तित्त्व नै लोप गर्ने जाति हत्या (जेनोसाइड) गरेको वा गर्ने उद्देश्य लिई गर्दा त्यस्तो कसुरदार जीवित रहेसम्म कैद गर्नुपर्ने र अन्यमा तीस वर्ष कैद सजाय गर्नुपर्ने प्रस्ताव नगरिएको छ (दफा ४०, ४१)।

जन्मकैद गर्नु भन्ने लेखिएकोमा जन्मकैद गरी ऐनबमोजिम सर्वस्व गर्नुपर्छ र सर्वस्व गर्नू भन्ने लेखिएकोमा ऐनबमोजिम सर्वस्व गर्नुपर्दछ।[३३] ठूलो खतमा सानो खत गाभिने[३४], कैद वा जरिवाना दुवै सजाय भएकोमा जरिवाना नतिरे बापतको कैद ठेक्नु पर्दा अधिकतम् चार वर्ष, जरिवाना वा कैदमध्ये कुनै वा दुवै सजाय हुन सक्ने अपराधमा जरिवाना मात्रको सजाय भएकोमा सो जरिवाना नतिरेबापत कैद ठेक्नु पर्दा सो अपराधमा हुन सक्ने कैदको उपल्लो हदको आधाभन्दा बढी नहुने गरी कैद, जरिवाना कैद ठेक्नुपर्दा बढीमा दुई वर्ष कैद ठेक्नु पर्ने[३५] व्यवस्था रहेको छ। थुनामा नरहेको अभियुक्तलाई लागेको सजाय तिर्न बुझाउन वा कैदमा बस्न मञ्जुर भई फैसला भएको ६० दिनभित्र उपस्थित भएमा २० प्रतिशत मिन्हा दिइने व्यवस्था रहेको पनि पाइन्छ।[३६] सर्वस्वसहित जन्मकैद वा जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने भई घटी सजाय गर्नुपर्ने देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्नो चित्तले देखेको कारणसहितको खुलासा राय साधक तोकमा लेखी जाहेर गर्ने र अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुने व्यवस्था गरिएको पाइन्छ।[३७] अदालतमा साँचो कुरा बोली न्यायिक प्रक्रियामा सहयोग गर्ने र कसुर गरेकोमा पश्चाताप गर्नेलाई अदालतले सजाय घटाई खासै मद्दत गर्न सकेको देखिँदैन। Plea- Bargaining को व्यवस्था शुरु गर्न सकिएको छैन। दण्डका वैकल्पिक व्यवस्थाहरू नेपालमा हालसम्म भित्रिएका छैनन्। अपराध कायम हुनासाथ यान्त्रिक रूपले सजाय तोकिने परिपाटी रहँदै आएको छ।

२.३.४.२ भुठा प्रमाण बनाई पेश गर्ने वा भुठा बकपत्र गर्नेलाई तथा अदालतको अपहेलना गर्नेलाई सजायको व्यवस्था

फौजदारी मुद्दामा कुनै व्यक्तिले भुठा प्रमाण बनाई रिसइबीले वा मनासिब माफिकको कारण वा तथ्य नभई कुनै व्यक्ति उपर सो मुद्दा चलाएको ठहरेमा भुठा पोल उजुर गरेबापत निजलाई निजले बोलेको कुरा ठहरेको भए पोलाई माग्नेलाई हुने सजायको आधा सजाय हुन्छ। सोबमोजिम सजाय गर्दा पाँच वर्षभन्दा बढी कैद

---

३३ दण्डसजायको ७ नं.

३४ ऐ.८ नं.

३५ ऐ. ३८ नं.

३६ द.स.४१ क

३७ अ.वं.१८८ नं.

हुने भएमा पाँच वर्षसम्म मात्र कैद गर्नुपर्छ। पोल उजुर गर्दाको अवस्थामा रिसइबी रहेनछ भन्ने वा पोल उजुर गर्नुपर्ने मनासिव माफिकको तथ्य भई गरेको हो भन्ने मुद्दा हेर्ने अड्डालाई विश्वास भएमा सजाय गर्नु नपर्ने वा कम सजाय गर्नुपर्ने कारण खोली त्यस्तो पोल उजुर गर्ने व्यक्तिलाई सो लेखिएको सजायमध्ये सबै वा केही सजाय नगर्न सक्नेछ।[३८]

झगडियाले किटानसाथ लेखी नदिएकोमा साक्षीबाट पक्का प्रमाण पुग्ने गरी बकिदियो भने त्यस्ता साक्षीले झुठा कुरा बकी लेखिदिएको ठहरेमा त्यस्तो साक्षीलाई त्यसले बके लेखेको कुराबाट झगडियालाई सर्वस्वसहित जन्मकैद वा जन्मकैद हुने भए ६ महिनादेखि दुई वर्षसम्म कैद, ६ वर्ष वा सोभन्दा बढी कैद हुने वा सर्वस्व हुनेमा भए तीन महिनादेखि एक वर्षसम्म कैद र अरु कैद हुनेमा भए पाँच दिनदेखि पाँच महिनासम्म कैद हुन्छ। झगडियाले किटानी साथ लेखिदिएकोमा साक्षीले सोही कुराको प्रमाण पुग्ने गरी बकी दिएको भए निजले झुठा बकी लेखिदिएको ठहरेमा कैद र जरिवानाको सजाय हुने व्यवस्था रहेको पाइन्छ।[३९]

साक्षीलाई अनुचित प्रभाव पार्ने, बकपत्र गरेबापत प्रतिशोध लिने, प्रमाण सङ्कलनमा बाधा पार्नु, अदालतका पदाधिकारीलाई कर्तव्य पूरा गर्न बाधा पुऱ्याउनु वा अनुचित प्रभाव पार्नु, घुस माग्नु वा घुस स्वीकार गर्नुलाई न्याय प्रशासन विरुद्धको कसुरको रूपमा वर्गीकरण गरी सो अनुसार पृथकरूपमा सजायको व्यवस्था हाम्रो न्याय प्रशासनसम्बन्धी कानुनमा गरिएको छैन।[४०] झुठा वा गलत हो भन्ने जान्दाजान्दै त्यस्तो प्रमाण पेश गर्ने, साक्षीलाई गलत तरिकाले प्रभाव पार्ने, अदालतमा उपस्थित हुन र बकपत्र गर्न रोक्ने, सत्य बोल्नु पर्ने दायित्वको विपरीत झुट्ठा बयान दिने व्यक्तिलाई स्पष्टत: सजायको व्यवस्था छैन।

अदालतमा उपस्थित हुने पक्षले वा अरु कसैले अदालतको कारबाही बिथोलेमा, अदालतले जारी गरेको आदेशको जानाजान अवज्ञा गरेमा अदालत स्वयं वादी भई

---

३८ दण्ड सजायको १८ नं.

३९ अ.बं. १६९

४० प्रस्तावित अपराध संहिता...२०६७ को दफा ९१ मा कसैले न्यायिक वा अन्य कानुनी कारबाहीमा प्रमाणको रूपमा प्रयोग गराउने नियतले कुनै झुठा प्रमाण बनाउन वा झूठा परिस्थितिको सिर्जना गर्न वा कुनै झूठा लिखत वा विद्युतीय अभिलेख बनाउन वा कुनै लिखत वा विद्युतीय अभिलेखमा झूठा कुरा जनाउन नहुने, त्यस्तो कसुर गरे सार्वजनिक न्याय विरुद्धको कसुर गरेको मानी कसुरदारलाई पाँच वर्षसम्म कैद र पचास हजार रूपैंया सम्म जरिवाना हुने व्यवस्था गरिएको छ।

अदालतको अपहेलनामा मुद्दा चलाउन र दोषी देखिएकालाई प्रशासन ऐन, २०४८ अनुसार अदालतले सजाय गर्न सक्छ।[४१] उक्त ऐनमा अदालतले मुद्दामा प्रमाणको निम्ति कुनै मिसिल लिखत वा अन्य कुनै कुरा पेश गर्न वा पठाउन दिएको आदेशबमोजिम मनासिब समयभित्र सो आदेशको पालना नगरी त्यसबाट मुद्दाको कारबाही वा किनारा गर्न बाधा परेमा वा कुनै पक्षलाई अनुचित हैरानी वा प्रतिकूल असर परेमा अदालतले सम्बन्धित कार्यालयको प्रमुख वा कर्मचारीलाई पटकैपिच्छे ५ सय रुपियाँ जरिवाना गर्न सक्ने व्यवस्था सम्म रहेको छ।[४२] यस्तै अ.वं. २१९ नं. मा अड्डाले मुद्दाहरूमा प्रमाणका निम्ति चाहिने मिसिल कागजात मागिपठाएको वा कुनै कुरा सोधी पठाएकोमा तरताकेता गर्दा पनि मिसिल कागजात वा जबाफ नपठाएकोले मुद्दाको कारबाही किनारा गर्न बाधा परेकोमा वा कुनै पक्षलाई मर्का परेकोमा त्यस्तो मिसिल कागजात वा जबाफ नपठाउने अड्डाका प्रमुख वा सम्बन्धित कर्मचारीलाई पटकैपिच्छे ५० रुपियाँसम्म जरिवाना गर्न सक्ने व्यवस्था छ।

२.३.५ सजायमा माफी, मिन्हा, मुलतवी र सजाय घटाउनेसम्बन्धी व्यवस्था

अधिकार प्राप्त अदालतले कानुनबमोजिम सजाय गरिसकेपछि उपल्लो अदालतले पुनर्विचार गरी घटबढ वा सफाइ दिएमा बाहेक अदालतको फैसलालाई अन्य निकायबाट माफी मिन्हाको नाममा स्वेच्छाचारीरूपमा सजाय घटाउनु वा माफी दिनु स्वतन्त्र न्यायपालिकाको सिद्धान्तसँग मेल खादैन। यद्यपि अपराध ठहर भएका व्यक्तिले निश्चित अवधि कैद सजाय भोगी सकेपछि कैद माफी दिने लगायतका कार्य गर्ने गरिन्छ। २०४७ सालको संविधानमा झैँ वर्तमान नेपालको अन्तरिम संविधान २०६३ मा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक अर्द्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी परिवर्तन वा कम गर्न सक्ने व्यवस्था रहेको छ।[४३] जीउ मास्ने बेच्ने, जबरजस्ती करणी, कैदबाट भागे भगाएको, लागुऔषधसम्बन्धी कारोबारलगायत दशवटा अपराध बाहेकमा असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा पचास प्रतिशत भन्दा बढी नहुने गरी बाँकी सजाय कट्टा गरी अदालतको फैसलाले लागेको कैद अदालतको अनुमति वा

४१ न्याय प्रशासन ऐन, २०४८ को दफा १८
४२ ऐ. दफा २९
४३ धारा १५१

मञ्जुरीबिना कार्यपालिकी निकायले मिनाहा दिनसक्ने व्यवस्था हाम्रो कानुनले गरेको छ।[४४]

२.३.६ पीडितको संरक्षण र क्षतिपूर्ति तथा साक्षीको संरक्षणसम्बन्धी व्यवस्था

पीडितको संरक्षण हरतरहले हुनुपर्छ भन्ने मान्यता आधुनिक फौजदारी विधिशास्त्रले विकास गर्दै आएको छ। हामीकहाँ पीडितको संरक्षणसम्बन्धी छुट्टै कानुनी व्यवस्था नभए पनि छिटपुट कानुनहरूले पीडितको संरक्षणको व्यवस्था गरेका छन्। मुलुकी ऐन, ज्यानसम्बन्धीको महलमा ज्यान मार्नेसम्मको जोरजुलुम भएको अवस्थामा आफ्नो ज्यान बचाउन केही गर्दा ज्यान मर्न गएमा बात नलाग्ने व्यवस्था रहेको छ।[४५] ऐ. जबरजस्ती करणीको महलमा आफूलाई जबरजस्ती करणी गर्ने मनसाय लिई उद्योग गरी हातपात, छेकथुन, बाँधछाँद, इत्यादि गर्दा जुलुमीको पञ्जाबाट उम्की भागी आफ्नो धर्म बचाउन नसक्ने अवस्थामा परी त्यस्तो जुलुमीलाई आफ्ना अक्कल बर्कतले सक्ने सम्मको कुरा केही नगरे आफ्नो धर्म नष्ट हुने सम्मका डर त्रास परी करणी लिन नपाउँदै वा उसैबखत पनि सोही कुराको रिस थाम्न नसकी उसैबखत करणी लिएको थलामा वा त्यहींदेखि लखेट्दै गई एक

---

४४ प्रस्तावित अपराधसंहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसुर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा प्रतिवेदन २०६७अन्तर्गत फौजदारी कार्यविधि संहितामा (दफा...) अदालतको फैसलाबमोजिम कैद ठेकिएको सजाय पाएको व्यक्तिले सो सजाय माफी पाउन, त्यसलाई मुलतबी राख्न, परिवर्तन गर्न वा कम गर्न राष्ट्रपतिसमक्ष कानुन तथा न्याय मन्त्रालयमार्फत निवेदन दिन सक्ने र कानुन तथा न्याय मन्त्रालयले कसुरको प्रकृति र कसुर गर्दाको अवस्था, कसुरदारको उमेर तथा शारीरिक अवस्था, कसुरदारलाई तोकिएको सजायको हद, कसुरदारले सो सजाय पाउनु अघि कुनै कसुर गरी कैदको सजाय पाएको वा नपाएको वा पाएको भए त्यस्तो कसुरको प्रकृति र निजले भोगेको सजाय, कसुरदार थुनामा रहेको वा नरहेको अवस्था समेतलाई विचार गरी निर्णयको लागि नेपाल सरकार समक्ष सिफारिस पेश गर्ने आधार कारण खुलाई राष्ट्रपति समक्ष पेश गरी राष्ट्रपतिबाट सजाय माफी, मुलतवी, परिवर्तन हुने व्यवस्था छ। तर भ्रष्टाचार, जबरजस्ती करणी वा सो को उद्योग, कर्तव्य ज्यान वा सो को उद्योग, हातहतियार खरखजाना, विष्फोटक पदार्थ, अपहरण वा शरीरबन्धक, राष्ट्रिय वा सार्वजनिक सम्पदा, वन तथा वन्यजन्तु, लागु पदार्थको वसारपसार वा कारोबारसम्बन्धी कसुरका कसुरदारलाई भएको सजाय माफी गर्ने, मुलतबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ (दफा १५९(४))। साथै कुनै अदालतमा पुनरावेदन, साधक जाँच वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउने अवस्थाको रोहमा विचाराधीन वा जुन अदालतको फैसलाबाट सजाय तोकिएको हो, सो सजाय अन्तिम भइनसकेको अवस्थामा कानुन तथा न्याय मन्त्रालयले कारबाहीको सिफारिस गर्न नसक्ने प्रस्तावित व्यवस्था गरिएको छ।

४५ ज्यानसम्बन्धीको ७ नं.।

घण्टाभित्र हतियार, लाठा, ढुङ्गा इत्यादि चलाई ज्यान मर्न गएमा कुनै सजाय नहुने व्यवस्था[४६] गरी पीडितको संरक्षणको व्यवस्था गरेको पाइन्छ। यस्तै मानव बेचबिखन ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा आफूलाई बेचबिखन गरेको वा वेश्यावृत्तिमा लगेको कुरा थाहा पाई भाग्न उम्कन मद्दत माग्दा मद्दत प्राप्त नभएमा वा सो गर्दा कसैले बाधा विरोध गरेमा बल प्रयोग नगरी जुलुमीबाट भाग्न उम्कन सकिँदैन भन्ने कुरामा विश्वस्त भई निजले कुनै कार्य गर्दा त्यस्ता जुलुमीको ज्यान गएमा वा कुनै चोटपटक लागेमा त्यस्तो पीडितलाई सजाय नहुने व्यवस्था छ।[४७] तर अदालतमा पीडित तथा साक्षी संरक्षणसम्बन्धी छुट्टै इकाई छैन जसले फौजदारी अपराधबाट पीडित र अदालतमा बकपत्र गर्न आउने साक्षीलाई सल्लाह, सुरक्षा र अन्य सहयोग प्रदान गर्न सकोस्।

हाम्रो फौजदारी कानुनले कसुरदारलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्ने सम्मको व्यवस्था गरेको छ। कतिपय कसुरमा कैदको अतिरिक्त जरिवाना समेत हुने व्यवस्था छ। अपराध गर्नेको अंश सर्वस्व गरेपछि त्यो पीडितलाई क्षतिपूर्ति दिलाउने व्यवस्था भने छैन। सर्वस्व गरिएको सम्पत्ति राजश्वमा दाखिला गर्ने प्रावधान रहेको छ। तर अपराधको पीडितलाई राज्यको तर्फबाट कुनै क्षतिपूर्तिको व्यवस्था गरिएको छैन। केही ऐनहरूले अपराधकर्ताबाट पीडितलाई क्षतिपूर्ति दिलाउने व्यवस्था गरेका छन् तर पीडितबाट क्षतिपूर्ति पाउने अवस्था नभएमा राज्यले तिर्नुपर्ने गरी दायित्व निर्धारण गरिएको छैन, न त कानुन विपरीत पक्राउ वा थुनामा परेको पीडित व्यक्तिलाई क्षतिपूर्तिको प्रभावकारी उपचारको व्यवस्था नै छ। न्यायको चरम दुरूपयोग (Miscarriage of Justice) भएबाट मर्का पर्नेलाई क्षतिपूर्तिको व्यवस्था पनि हामीकहाँ छैन। पीडितलाई पीडक वा अपराधकर्ताबाट क्षतिपूर्ति दिलाउने गरी व्यवस्था भएका कानुनहरूमा मुलुकी ऐन जबरजस्ती करणीको १० नं. मा कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्ने व्यवस्था छ। त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आस्रित

४६ जबरजस्ती करणीको ८ नं.

४७ दफा १६

नाबालक छोराछोरी भए निजलाई पर्न गएको पीडा समेतलाई विचार गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको पाइन्छ।

फौजदारी मुद्दामा कुनै व्यक्तिले झुठा प्रमाण बनाई रिसइबीले वा मनासिव माफिकको कारण वा तथ्य नभई कुनै व्यक्तिउपर सो मुद्दा चलाएको ठहराएमा झुट्टा पोल उजुर गरेबापत निजलाई सजायको अतिरिक्त जसकाउपर झुट्टा मुद्दा चलाएको हो, सो व्यक्तिलाई कैदको सजाय हुनेमा क्षतिपूर्तिको लागि सो कैदको सजायको नगद अङ्क कायम गर्दा एक दिन कैदको सजायको ५० रुपियाँ कायम गरी क्षतिपूर्ति उपलब्ध गराई दिनुपर्ने व्यवस्था छ। सो बमोजिम क्षतिपूर्ति नदिएमा निजको जायजेथाबाट भराई दिने र सोबाट पनि असूल उपर हुन नसकेमा तीन महिनासम्म कैद गराउन सक्ने व्यवस्था रहेको पाइन्छ।[४८]

मुलुकी ऐनमा बाह्रौं संशोधनद्वारा थप भएको अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलमा अपहरण गर्ने, शरीर बन्धक लिने यी दुई उद्देश्यले कसैलाई ज्यान लिने कुटपिट गरी चोट पुऱ्याउने, जबरजस्ती करणी वा अप्राकृतिक मैथुन गर्ने, बिक्री गर्ने, दास बनाउने, निजको इच्छा विरुद्ध काममा लगाउने, यातना दिने, बेश्यावृत्तिमा लगाउने कुनै काम गर्न वा गराउन बाध्य गराउने, छुटकारा रकम (फिरौती) लिने वा शरीर बन्धकमा लिएको व्यक्ति वा निजको हकवालाको धन सम्पत्ति प्राप्त गर्ने व्यवसाय समर्पण गराउने वा प्रचलित कानुन बमोजिम कसुर हुने अन्य कुनै काम गर्न लगाउने कसुर गरे गराएको कुरा प्रमाणित हुन आएमा मुद्दा हेर्ने अड्डाले पीडित व्यक्तिलाई पुग्न गएको शारीरिक तथा मानसिक क्षतिको विचार गरी सो कसुर गर्ने गराउने व्यक्तिबाट पीडितलाई कसुर भएको दिनदेखि प्रत्येक दिनको कम्तीमा ५ सय रुपियाँको दरले क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था रहेको पाइन्छ।[४९]

मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ मा पीडितलाई कसुरदारबाट क्षतिपूति भराइदिने व्यवस्था छ। घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा पनि पीडितलाई पीडिकबाट मनासिब क्षतिपूर्ति भराइदिने व्यवस्था गरेको पाइन्छ। यातना क्षतिपूर्तिसम्बन्धी ऐनले यातना दिने सरकारी अधिकारीबाट पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्नेमा सरकारबाट भराउने बिवादास्पद व्यवस्था गरेको छ। यसअतिरिक्त अन्य केही ऐनहरूले फौजदारी अपराधका पीडितलाई

४८ दण्डसजायको १९ नं.

४९ अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १२ नं.।

क्षतिपूर्ति रकम पीडितबाट भराइदिने व्यवस्था गरेको भए पनि हानिपूरणका समग्र पक्षहरू पुनर्स्थापना वा पुनर्वास, अन्य संरक्षणलगायतलाई समेटेको भने छैन।

सर्वोच्च अदालतले एउटा रिट मुद्दामा बेपत्ता पारिएका व्यक्तिहरूको परिवारको आफ्ना स्वजनको खोजी गर्ने प्रक्रियामा निराश भई न्यायको बाटोबाटै पलायन हुनबाट बचाउन, आफ्नो स्वजन खोजी गर्ने वैधानिक मार्ग अवलम्बन गर्न सहयोग र समर्थन दिन र आंशिकरूपमा भए पनि तात्कालिक राहतको रूपमा कुनै सहयोग दिन उचित र उपयुक्त हुने ठानी कानुनबमोजिम दिइने उपचारको मात्रा र किसिमको समेत कुनै गणना वा असर नहुने गरी हाललाई पीडित परिवारलाई न्यायमा पहुँच खोज्दा ब्यहोर्नु पर्ने दायित्व वहन गर्न सघाउने सीमित उद्देश्यले साङ्केतिक रूपमा भए पनि अन्तरिम प्रकृतिको तात्कालिक राहत स्वरूप १ लाख देखि २ लाख रुपियाँसम्म अविलम्ब उपलब्ध गराइदिन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा नेपालको अन्तरिम संविधान २०६३ को धारा १००, १०७(२) अनुसार आदेश जारी भएको पाइन्छ।[५०]

साक्षी तथा पीडितको सहयोगबिना फौजदारी अभियोजन प्रभावकारी हुन सक्तैन। प्रायः साक्षीहरु पीडकको डर त्रास वा निजको धम्की र दबाबको कारण न्यायप्रणालीमा सहभागी हुन चाहँदैनन्, सहभागी भएकाहरुले पनि दबाब र प्रभावका कारण प्रतिकूल गवाही दिने गरेको पाइन्छ। कानुनी व्यवस्था हेर्दा प्रमाण ऐन, २०३१ तथा मुलुकी ऐनको अदालती बन्दोवस्तको महलमा साक्षीसम्बन्धी व्यवस्था गरिएको भए पनि साक्षीको सुरक्षा सम्बन्धमा कुनै व्यवस्था नेपाली कानुनमा रहेको छैन। साक्षीलाई डर त्रास वा धम्की दिने, जुनसुकै तरहले हतोत्साह गर्ने कार्यलाई नेपाल कानुनले फौजदारी कसुर मान्न सकेको छैन न त साक्षी सुरक्षा संयन्त्र, सुरक्षा योजना वा प्रोत्साहनको व्यवस्था नै छ। सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ मा साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउने व्यवस्था गरेको र राजपत्र अनङ्कित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने भनिए पनि व्यवहारमा यस्तो सुबिधा पाएको वा दिएको भन्ने सुनिएको छैन। पीडित साक्षीको हकमा सम्म माथि उल्लेख गरिएबमोजिमका केही कानुनी व्यवस्था रहेका छन्। नेपाल कानुन आयोगले तयार गरेको साक्षीको सुरक्षा सम्बन्धमा व्यवस्था गर्न

५० अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल समेत वि. गृहमन्त्रालय समेत, बन्दीप्रत्यक्षीकरण, आदेश मिति २०६४।२।१८, ने.का.प. २०६४, नि.नं. ७८१७, पृ. २४९।

बनेको बिधेयक २०६७ मा कसुरको सोधपुछ, अनुसन्धान, तहकिकात र अदालती कारवाहीको सिलसिलामा साक्षीलाई सत्यतथ्य व्यक्त गरी न्याय प्रशासनमा सहयोग पुऱ्याउन प्रोत्साहन गर्न, कसुर वा कसुरदार सम्बद्ध व्यक्तिबाट साक्षीका विरुद्ध हुन सक्ने खतरा एवं अनुचित प्रभावबाट सुरक्षा प्रदान गर्न साक्षी संरक्षणका कार्यक्रम सन्चालन गर्न तथा साक्षी विरुद्धका कसुर नियन्त्रण गर्न केही महत्त्वपूर्ण व्यवस्थाहरू प्रस्ताव गरिएको छ।[५१] यो प्रस्तावित विधेयकले ऐनको रूप लिन सकेमा साक्षीको सुरक्षा र संरक्षणमा महत्त्वपूर्ण कदम साबित हुन सक्नेछ।

२.३.७ फैसला कार्यान्वयनसम्बन्धी अन्य व्यवस्था

नेपालका अदालतहरूबाट भएका फैसलाको कार्यान्वयन न्यायिक कामकारबाहीको महत्त्वपूर्ण पाटोको रूपमा रहेको छ। यद्यपि यस्तो महत्त्वपूर्ण पाटोको व्यवहारिक अवस्था समस्याग्रस्त छ। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६६/६७ हेर्दा नेपालका विभिन्न अदालतको फैसलाले लागेको जरिवानाको १०.२६ प्रतिशत मात्र फर्स्यौट भएको देखिन्छ। कैदतर्फ १८.९३ प्रतिशत फर्स्यौट भएको पाइन्छ। यसबाट फौजदारी मुद्दामा फैसलाले लागेको कैद जरिवानाको सानो अंश मात्र फर्स्यौट भई फौजदारी फैसला कार्यान्वयन समस्याग्रस्त रहेको देखिन्छ। नेपालका अदालतहरूबाट फौजदारी मुद्दामा प्रतिवादीलाई लागेको कैद जरिवानालगायत असूल गरी फैसला कार्यान्वयन गर्नको लागि प्रत्येक जिल्ला अदालतमा तहसिलदारको जिम्मेवारी रहने गरी एक तहसिल शाखा रहने व्यवस्था रहेको छ।[५२] जिल्ला अदालतको तहसिल शाखाले आफ्नो जिल्ला अदालतको अतिरिक्त अन्य जिल्ला अदालत, पुनरावेदन अदालत, विशेष अदालत र सर्वोच्च अदालतले गरेको फैसला बमोजिमको आफ्नो क्षेत्रभित्रको कार्यान्वयन गर्नु पर्ने दण्ड जरिवाना, कैद र बिगोको लगत कसी, बुझी असूल तहसिल गर्नु पर्दछ।[५३] न्यायिक निकायबाहेक अर्द्धन्यायिक निकायहरूबाट फौजदारी मुद्दामा भएका फैसला सोही निकायहरूले कार्यान्वयन गर्ने गर्दछन्। तर विदेशी अदालत वा कुनै अन्तर्राष्ट्रिय अदालत वा न्यायाधिकरणबाट कसैलाई फौजदारी मुद्दामा लागेको सजाय कार्यान्वयन गरिदिन अनुरोध भई आएमा कार्यान्वयन गरिदिन सकिने कानुनी आधार रहेको भने पाइँदैन।[५४]

५१ http://www.lawcommission.gov.np/, visited at 30.04.2011

५२ जिल्ला अदालत नियमावली, २०५२ को नियम ६८

५३ ऐ. नियम ६९

५४ अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानले विधानमा उल्लेखित अपराधहरूमा अदालतबाट भएका सजायको फैसला पक्षराष्ट्रको अदालतले कार्यान्वयन गर्नुपर्ने हुन्छ।

२.३.८ विविध

२.३.८.१ मुद्दा फिर्ता

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा प्रचलित नेपाल कानुनबमोजिम नेपाल सरकार वादी भई हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकारउपर परेको मुद्दा मामिला नेपाल सरकारको आदेश भएमा सरकारी वकिलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जुरीले त्यस्तो मुद्दामध्ये नेपाल सरकार वादी भएको फौजदारी मुद्दा फिर्ता लिन पाइने व्यवस्था रहेको छ।[५५] त्यसरी मुद्दा फिर्ता लिएकोमा फौजदारी अभियोग वा दावी समाप्त भई प्रतिवादीले फुर्सद पाउँछ।[५६] गम्भीर र सङ्गीन प्रकृतिका फौजदारी मुद्दाहरू फिर्ता लिन नपाइने अन्तर्राष्ट्रिय प्रचलन र मापदण्ड रहेको सन्दर्भमा हाम्रो सरकारी मुद्दासम्बन्धी ऐनको यो व्यवस्थाले जस्तोसुकै सङ्गीन प्रकृतिको फौजदारी अपराध भनिएको मुद्दा पनि नेपाल सरकारको आदेश भएमा र अदालतको मन्जुरी भएमा फिर्ता लिन सक्ने व्यवस्था र यसको जथाभावी प्रयोग विवादको घेराभन्दा बाहिर रहेको छैन। राजनीतिक रङ्ग लागेका कतिपय अपराधमा मुद्दा चलाउनै गाह्रो र चलाइसकेपछि राजनीतिक संरक्षणको आडमा फिर्ता लिने प्रवृत्ति व्याप्त छ।[५७] मुद्दा फिर्ता लिनुअघि महान्यायाधिवक्ताको राय वाध्यात्मक रूपमा लिने व्यवस्था गरिएको छैन।

---

५५ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९(१)

५६ ऐ. दफा २९(१)(ख), तर दफा २९(२) मा भएको व्यवस्थाअनुसार कुनै गैरसरकारी व्यक्तिको सम्पत्तिसम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा अदालतबाट यस दफाबमोजिम अदालतबाट फिर्ता लिन हुँदैन भन्ने रहेको छ।

५७ यद्यपि प्रस्तावित अपराध संहिता...२०६७अन्तर्गत फौजदारी संहिताको दफा ११६(२) मा झुठा राहादानी वा नागरिकता, अध्यागमन, भ्रष्टाचार, मानव बेचबिखन तथा वसारपसार, लागु औषध, वन्यजन्तुको अवैध सिकार तथा व्यापार, सार्वजनिक उपभोगका बस्तुमा विष मिसाएको, विष प्रयोग गरी ज्यान मारेको, प्राचीन स्मारक संरक्षण ऐनसम्बन्धी र सार्वजनिक सम्पत्ति वा सार्वजनिक नैतिकतासम्बन्धी मुद्दा, हातहतियार खरखजानासम्बन्धी कसुर, विष्फोटक पदार्थसम्बन्धी कसुर, सार्वजनिक तथा राष्ट्रिय सम्पदासम्बन्धी कसुर, विवाहसम्बन्धी कसुर, ज्यानसम्बन्धी कसुर व्यक्ति बेपत्तासम्बन्धी कसुर, अपहरण वा शरीरबन्धकसम्बन्धी कसुर, करणीसम्बन्धी कसुर, मुद्रासम्बन्धी कसुर, टिकटसम्बन्धी कसुर, मुद्दा फिर्ता लिँदा कुनै व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारमा प्रतिकूल असर पर्ने भएमा सो हदसम्मको कुरामा त्यस्तो व्यक्तिको स्वीकृति नभएको मुद्दासमेत फिर्ता लिन नसकिने व्यवस्था रहेको छ (पृ. १९२)।

२.३.८.२ फौजदारी अपराधको दायित्व उपल्ला आदेश दिने पदाधिकारीले वहन गर्ने व्यवस्था

प्रहरी ऐन, २०१२ मा प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीले यस ऐन वा अन्य प्रचलित ऐनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा...असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुँदैन भन्ने उल्लेख छ।[५८] सैनिक ऐन, २०६३ मा यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्यपालनको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति हुन गएमा त्यस्ता व्यक्तिउपर कुनै पनि अदालतमा मुद्दा चलाउन सकिने छैन भन्ने व्यवस्था छ।[५९] तर भ्रष्टाचार, चोरी, यातना र बेपत्ता गरेको ठहरिने कार्य गरेमा त्यस्तो कसुर गरेको मानिने हुन्छ।[६०] सैनिक सैनिकबीच बाहेकमा हत्या, बलात्कार जस्ता अपराध गरेमा अन्य अदालतको क्षेत्राधिकारमा परी सम्बन्धित अनुसन्धान अधिकृतलाई मागबमोजिम बुझाई दिनु पर्ने व्यवस्था छ।[६१] उपल्ला अधिकारीले दिएको कानुनी आज्ञालाई अवज्ञा गरे वा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशको पालना गर्न लापरवाही गरेमा अवज्ञासम्बन्धी कसुर मानिने व्यवस्था छ।[६२]

उपल्ला अधिकारीले दिएको आदेश कार्यान्वयन गर्ने क्रममा तल्ला अधिकारी वा कर्मचारीले गरेको कार्य अपराधजन्य हुन पुगेको त्यस्तो आपराधिक कार्यको दायित्व उपल्लो अर्थात आदेश दिने अधिकारीसमेत जिम्मेवार हुने, निजले पनि फौजदारी दायित्व वहन गर्नुपर्ने व्यवस्था उपरोक्त ऐनहरूले गरेका छैनन्।

२.३.८.३ बर्हिक्षेत्रीय क्षेत्राधिकार

सरकारवादी फौजदारी मुद्दा सामान्यत: अपराध भएको इलाकाबाट हेर्नुपर्ने गरी मुलुकी ऐन अदालती बन्दोबस्तको २९ नं. को देहाय (२) मा उल्लेख गरिएको छ। सामान्य कानुनको रूपमा रहेको मुलुकी ऐनमा भएको उक्त व्यवस्थाको अतिरिक्त केही विशेष कानुनहरूमा बहिर्क्षेत्रीय अधिकारको प्रयोग हुन सक्ने व्यवस्था गरिएको

---

५८ प्रहरी ऐन, २०१२ को दफा ३७

५९ सैनिक ऐन, २०६३ को दफा २२

६० ऐ.दफा ६२

६१ ऐ.दफा ६६

६२ ऐ.दफा ४५

छ। खासगरी अन्तरदेशीय सङ्गठित अपराधलगायतमा बहिर्क्षेत्रीय अधिकारको प्रयोग हुने व्यवस्था विशेष कानुनहरूले गरेको पाइन्छ। मानव बेचबिखन ओसारपसार (नियन्त्रण) ऐन, २०६४, लागु औषध (नियन्त्रण) ऐन, २०३३, भ्रष्टाचार निवारण ऐन, २०५९, सम्पत्ति शुद्धीकरण विरुद्धको ऐन, २०६३ लगायतका केही ऐनहरूमा ऐनको बहिर्क्षेत्रीय अधिकारक्षेत्रको प्रयोग हुने व्यवस्था रहेको पाइन्छ। तर नेपालको अदालतले विश्वव्यापी क्षेत्राधिकार (Universal Jurisdiction)[६३] ग्रहण गर्ने व्यवस्था र प्रचलन रहेको भने पाइदैन। प्रस्तावित अपराधसंहिता २०६७ को दफा २ ले राज्य विरुद्धको कसुर, अपहरणलगायतका कसुर नेपालबाहिर बसेर कसैले गरेमा नेपालभित्र नै त्यस्तो कसुर गरेसरह सजाय हुने, कुनै नेपाली नागरिकले जबरजस्ती करणी वा हाडनाता करणीलगायतका कसुर गरेमा नेपालभित्र नै त्यस्तो कसुर गरेसरह निजलाई सजाय हुने बहिर्क्षेत्रीय अधिकारको प्रयोग हुने व्यवस्था रहेको छ। नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धि वा कानुनबमोजिम विश्वव्यापी क्षेत्राधिकार कायम हुने कसुरसम्बन्धी मुद्दाको हकमा नेपाल सरकारले तोकेको अदालतले मुद्दा हेर्न सक्ने गरी प्रस्ताबित फौजदारी कार्यविधि संहिता २०६७ मा व्यवस्था गरी (दफा ४६(ट)) विश्वव्यापी क्षेत्राधिकारको अवधारणालाई भित्र्याएको छ।

२.३.८.४ हदम्यादसम्बन्धी व्यवस्था

हाम्रो कानुनीप्रणाालीमा छुट्टै हदम्यादसम्बन्धी कानुनको संहिताकरण गरिएको छैन। अपराधपिच्छे हदम्यादको व्यवस्था रहेको पाइन्छ। फौजदारी मुद्दाहरूमा खासगरी

---

६३ बहिर्क्षेत्रीय क्षेत्राधिकार (Extra-territorial Jurisdiction)अन्तर्गत नेपालमा भएको अपराधमा संलग्न अभियुक्त जहाँसुकै रहे बसेको भएपनि र नेपाली नागरिक नेपाल बाहिर जहाँसुकै रहे बसेर कुनै निश्चित अपराध गरेको भए पनि नेपालको अदालतमा अभियोजन हुने अवस्था हो। अन्तरदेशीय प्रकृतिको अपराधमा यस्तो अधिकार क्षेत्रको प्रयोग हुन्छ भने विश्वव्यापी क्षेत्राधिकार (Universal Jurisdiction)अन्तर्गत अन्तर्राष्ट्रिय फौजदारी अपराधहरूमा जुनसुकै राष्ट्रको अदालतले आफ्नो राष्ट्रिय क्षेत्राधिकार ग्रहण गर्न सक्दछ। विशेषत: मानवता विरुद्धको अपराध, युद्धअपराध, जातीहत्या यातना आदिमा यस्तो अधिकार क्षेत्रको प्रयोग हुन्छ। यसअन्तर्गत यस्ता अन्तर्राष्ट्रिय अपराध गर्ने व्यक्ति आफ्नो देशको नागरिक पनि होइन र आफ्नो देशमा अपराध गरेको पनि होइन तापनि जुनसुकै देशको अदालतले त्यस्तो अपराध गरी आएको व्यक्ति (Suspect) लाई या अभियोजन या त सुपुर्दगी (Prosecute or Extradite) गर्नुपर्छ भन्ने परम्परागत अन्तर्राष्ट्रिय कानुनको मान्यता रही आएको छ। नेपाल १९४९ को चारवटा जेनेमा महासन्धि, यातना, क्रूर अमावीय तथा अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४ को पक्ष बनेको धेरै भए पनि न यससम्बन्धी कानुन बनेको छ, न त विश्वव्यापी क्षेत्राधिकार ग्रहण गर्ने व्यवस्था नै आइपरेको वा ग्रहण गरिएको छ।

वारदात भएको मितिले, थाहा पाएको मितिले, उजुर परेको मितिले हदम्याद शुरु हुने व्यवस्था छ। कर्तव्यवालाउपर उजुर नपरे फौजदारी अपराध नहुने व्यवस्था रहेको पाइन्छ। यहाँसम्म कि ज्यानसम्बन्धीको २० नं. मा कर्तव्य परी ज्यान मरेको मुद्दामा कसुरदार आफू साबित भई पोलेकोमा बाहेक कर्तव्यको उजुर परेकोमा तहकिकातबाट कर्तव्यवाला यही हो भन्ने पत्ता नलागेकोमा २० वर्षपछि र कर्तव्यको उजुर नपरेकोमा सो वारदात भएको दुई वर्षपछि कसैउपर मुद्दा चल्न नसक्ने व्यवस्था रहेको छ। प्रस्तावित अपराध संहिता २०६७ को दफा १८९ मा ज्यान मारेको कसुरमा जहिलेसुकै उजुर गरे पनि लाग्ने गरी यस्तोमा हदम्याद नलाग्ने व्यवस्था रहेको छ। अन्तर्राष्ट्रिय कानुनको प्रचलन अनुसार जातिहत्या, मानवता विरुद्धको अपराध, युद्धअपराध जस्ता अन्तर्राष्ट्रिय अपराधहरू हदम्यादको सीमाबाट सीमित वा सङ्कुचित हुँदैनन्। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा पनि जाति हत्या, मानवता विरुद्धको अपराध र युद्धअपराधमा हदम्याद नलाग्ने व्यवस्था गरिएको छ।[६४] ज्यान मारेको, यातना दिएको जस्ता गम्भीर अपराधमा अमेरिकालगायतका धेरै देशमा हदम्यादको कानुन आकर्षित नहुने व्यवस्था रहेको पाइन्छ। नेपालमा हदम्यादसम्बन्धी एकीकृत व्यवस्था आवश्यक छ भन्ने महसुस त भएको छ तर यस सम्बन्धमा कानुन अझै बनिसकेको छैन।

२.३.८.५ कारागार प्रशासन

फौजदारी मुद्दामा आरोपित व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट कसुरदार ठहर गरी सजाय निर्धारण गरेपछि कैद भुक्तानको लागि कारगारमा राखिन्छ। हुनत पुर्पक्षको लागि थुनामा रहने अभियुक्तलाई पनि कारागारमा नै राखिने गरिन्छ। पुर्पक्षका लागि थुनामा रहेका अभियुक्त र कसुरदार ठहर भएका कैदीहरूलाई कारागारमा पनि अलग-अलग राख्नुपर्ने, थुनुवा, कैदीहरूलाई पनि सम्मानपूर्वक व्यवस्था गर्नुपर्ने, बन्दीहरूप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने, व्यापकरूपले स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्डहरूको प्रयोग र पालना गर्नुपर्ने हुन्छ। बन्दी अवस्थामा थुनुवा वा कैदीका केही मानवअधिकारहरू कटौती हुन्छन् नै। तर कारागारमा बन्दीको रूपमा रहँदा पनि मानवीय व्यवहारको अधिकारको उपयोगको व्यवस्था गर्नुपर्दछ। नेपाल पक्ष भएका सन्धिहरू नेपाल

६४ रोम विधानको धारा २९

कानुनसरह लागु हुने हुँदा[६५]त्यस्ता सन्धिहरूद्वारा सिर्जित दायित्व पूरा गर्नु पर्ने नै हुन्छ। नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ले[६६] स्वतन्त्रताबाट वञ्चित सबैलाई मान्यताका साथ र मानिसका अन्तरनिहित उनीहरूको मर्यादाको सम्मानसाथ व्यवहार गर्नुपर्ने गरी पक्ष राष्ट्रलाई दायित्व सुम्पिएको छ।

यस सम्बन्धमा राष्ट्रिय कानुन हेर्दा नेपालको कारागार ऐन, २०१९ मा लोग्ने मानिस र स्वास्नी मानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा, सो नभई एकै घरमा राख्नुपर्ने भएमा घरको भिन्दाभिन्दै भागमा राखिने, थुनुवा र कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा थुनुवा र कैदी छुट्याई यथासम्भव छुट्टाछुट्टै भागमा, देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा, २१ वर्ष मुनिको र २१ वर्ष माथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दै भागमा, पागल र अर्धपागल थुनुवा र कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा राखिने व्यवस्था रहेको छ।[६७] कैदी वा थुनुवालाई र निजका नाबालक छोराछोरीलाई सिधा खर्च र लुगा दिइने, तीन वर्षसम्म कैद सजाय हुने ठहरिएका कसुरदारलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्ने, तीन वर्ष भन्दा बढी कैद सजाय भई कम्तीमा एक तिहाई कैदको अवधि भुक्तान गरिसकेको कैदीलाई तोकिएको अधिकारीले खुला कारागारमा बस्ने अनुमति दिन सक्नव्यवस्था छ। [६८] शारीरिक वा मानसिक विरामी परेका थुनुवा वा कैदीलाई सरकारी चिकित्सकद्वारा उपचार गराउने, गर्भवती रहेको थुनुवा वा कैदी महिलालाई [६९] ६ महिनाको गर्भ पुगेपछि जमानीमा छाडी दिनुपर्ने[७०] कैदी वा थुनुवालाई आफन्त व्यक्ति, कानुनी सल्लाहकारसँग भेटघाट गर्न दिनुपर्ने[७१], म्यादभन्दा बढी थुन्न नहुने लगायतको

६५ नेपाल सन्धि ऐन, २०४७ को दफा ९को उपदफा (१)

६६ धारा १०(१)

६७ दफा ६, कारागार ऐन, २०१९

६८ तर मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) जबरजस्ती करणी, कैदबाट भागेभगाएको, भन्सार चोरी निकासी पैठारी, लागु औषधको कारोबार, भ्रष्टचार, जासूसी, संरक्षित वन्यजन्तु र पुरातात्विक वस्तुसम्बन्धी मुद्दामा कसुरदार ठहरिएकालाई सामुदायिक सेवा वा खुल्ला कारागारमा पठाइने छैन (दफा १० नं.): दफा १०क १०ख, ऐ।

६९ राजकाजसम्बन्धी मुद्दाको वा दायल वा जन्मकैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा वा ज्यानमारा बाहेक अरु स्वास्नी मानिसको हकमा मात्र।

७० त्यसरी छाडिदिएकोमा निजको बालक जन्मेको दुई महिना भएपछि थुन्नुपर्ने अवस्थामा र कैद भुक्तान भइनसकेको अवस्थामा फेरी कारागार भित्र राखिने छ (दफा १२)।

७१ दफा १४

व्यवस्था गरिएको छ। यसैगरी कारागार नियमावली, २०२० मा खुला कारागार र सामुदायिक सेवामा कैदीलाई राख्न सकिने[७२] व्यवस्था छ। कैदी र थुनुवाहरूलाई दिइने लगाउने लुगा, ओढ्ने ओछ्याउने लुगाफाटा, सुत्केरीलाई दिइने सीधाको दर तोकिए पनि[७३] सो दर न्यून छ। कारागारमा थुनिएका बालबालिका र जेष्ठ नागरिक एवं अन्य प्रौढ व्यक्तिहरूलाई आवश्यकतानुसार प्राथमिक, मिडिल र प्रौढ स्कूलको व्यवस्था गरिने[७४] थुनुवा कैदीहरूको समय सदुपयोग गर्नलाई कारागारमा पुस्तकालय र रेडियो श्रवण केन्द्र राखिने[७५], कैदी थुनुवाका आफन्त नातादार र मित्रहरूसँग जेलरको रेखदेखमा हप्ताको दुई पटक भेटघाट गर्न दिने[७६], कारागारभित्र रहेका कैदीहरूको समयको सदुपयोग गराउन र स्वावलम्बी बनाउनको लागि सरकारले घरेलु इलमसम्बन्धी कारखाना खोल्ने[७७], स्वास्थ्य, सीप विकास र शिक्षासम्बन्धी तालिममा संलग्न गराउने, कारागार कारखानामा काममा लगाउने[७८], स्वास्थ्यको लागि अन्नपानीको राम्रो प्रबन्ध गर्नुपर्ने, विभिन्न किसिमका मनोरन्जन, खेलकुदको प्रबन्ध गर्ने[७९], प्रचलित कानुनको अधीन रही आफ्नो कुलाचार धर्म गर्न दिने[८०] लगायतका व्यवस्थाहरू भए पनि यसको प्रयोग कैदी थुनुवाले गर्न पाएको वा त्यस अनुसारको भौतिक पूर्वाधार तयार भएको भन्न सकिने आधार बिरलै छन्।

राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न जिल्लामा अनुगमनको आधारमा तयार गरिएको प्रतिवेदन, २०६२ ले भौतिक निर्माणसम्बन्धी कुनै मापदण्ड नभएका कारण तथा फौजदारी न्यायको परम्परावादी दृष्टिकोणका कारण बन्दीहरूले समस्या भोगिरहेको उल्लेख छ। बन्दीहरूलाई यातना दिने गरेको, आँखामा पट्टि बाँधेर राख्ने गरेको, पक्राउ पुर्जी नदिइकनै पक्राउ गरिएको, २५ दिनभन्दा बढी समयसम्म हिरासतमा राख्ने गरेको, थुनुवा पुर्जीको समयभन्दा बढी समय थुनामा राख्ने गरेको, बन्दीलाई अदालतको सुनुवाइमा उपस्थित नगराउने गरेको, कानुनी परामर्श लिने व्यवस्था नगरेको, वैतनिक कानुनव्यवसायीको सेवाबाट समेत वञ्चित गराउने

---

७२ कारागार नियमावली, २०२० को परिच्छेद-२क
७३ ऐ. नियम २२,२३,२४
७४ ऐ. नियम ३१
७५ ऐ. नियम ३३
७६ ऐ. नियम २६
७७ ऐ. नियम ३४
७८ ऐ. नियम ३५
७९ ऐ. नियम ३८
८० ऐ. नियम ४१

गरेको उल्लेख छ। यसका साथै सबै किसिमको बन्दी एकै स्थानमा राख्ने गरेको, स्वास्थ्य जाँच, औषधि तथा उपचार नपाई मृत्यु हुनुका साथै मानसिक रोगीहरूलाई उपचारबाट वञ्चित गरेको भन्ने पनि देखिन्छ। लत्ताकपडा, पत्रपत्रिकाको वितरण नगरेको, सञ्चारमाध्यमका साधन रेडियो, टेलिभिजन, टेलिफोन जस्ता सेवाको उपभोगलाई वञ्चित गराएको प्रतिवेदनमा उल्लेख छ। साथै कारागार भवनहरू जीर्ण रहेको कम्पाउण्डवाल आवश्यकताअनुरूप नभएको, क्षमताभन्दा बढी बन्दी राखिने गरेको, बन्दी सुत्ने बस्ने व्यवस्था नभएको, लगाउने लुगा, ओढ्ने ओछ्याउने कपडा, पंखा, झुल, स्वच्छ खोपानी, धुँवा निकाल्ने झ्याल (भेन्टिलेसन) को उचित प्रबन्ध नभएको उल्लेख छ। यसबाट फौजदारी न्यायप्रणालीको एक महत्त्वपूर्ण अवयव रहेको कारागार प्रशासन मानवअधिकारको दृष्टिकोणबाट नीतिगत र संरचनागतरूपमा नै सुधारको सङ्घार र पर्खाइमा रहेका छन्।

सङ्क्षेपमा उल्लेख गर्नुपर्दा नेपालको फौजदारी न्यायप्रणालीको संस्थागत विकासको लागि अनुसन्धान तहकितकातमा प्रहरी, अभियोजनमा सरकारी वकिल, निर्णय र सो को कार्यान्वयनमा अदालतहरूका संरचनागत व्यवस्था रहेका पाइन्छन्। विभिन्न विशेष ऐन तथा मुलुकी ऐनका प्रावधानहरू र तिनका कार्यान्वयनले नेपालको फौजदारी न्यायप्रणालीलाई गति दिने काम गरिरहेका छन्। यद्यपि नेपालको फौजदारी न्याय प्रशासनले अन्तर्राष्ट्रिय अपराधहरूलाई आफ्नो देशको कानुन मार्फत सम्बोधन गर्न सकेको अवस्था छैन। मानवअधिकार र मानवीय कानुनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको नेपाल पक्ष बने पनि मानवअधिकार र मानवीय कानुनको घोर उल्लङ्घन कर्तालाई न्यायको कठघरामा ल्याउने अवस्था अझै बनिसकेको छैन। अनुसन्धान अभियोजनदेखि प्रमाण मुकर्रर र निर्णय कार्यान्वयन सम्मका तहमा विभिन्न समस्या र अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्ड अनुकूलको व्यवहार हुन नसक्ने अवस्थाहरू छन्। नेपालको फौजदारी न्यायप्रणालीलाई अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्ड अनुकूल बनाउन कानुनी, संस्थागत र संरचनागत सुधारहरू आवश्यक छन्।

२.४ अन्तर्राष्ट्रिय फौजदारी न्यायको सन्दर्भमा नेपाली फौजदारी न्यायप्रणाली सम्मुख रहेका हाँक र चुनौतीहरू

नेपालमा फौजदारी न्यायप्रणालीअन्तर्गत कानुनी व्यवस्थाहरू, सोको

अवलम्बन र प्रयोग गर्ने संरचनात्मक व्यवस्थाहरू रहेका छन्। देशको मूल कानुनको रूपमा रहेको संविधानको अतिरिक्त विभिन्न ऐनहरूमा यससम्बन्धी व्यवस्थाहरू छन्। फौजदारी अपराधहरूमा प्रहरी निकायले अनुसन्धान गर्ने, सरकारी वकिलले अभियोजन गर्ने, अदालतले प्राप्त प्रमाणका आधारमा निर्णय गर्ने र देशभित्रका न्यायिक निकायहरूवाट भएका फैसला पनि कार्यान्यन गर्ने गरी कानुनी र संस्थागत व्यवस्थाहरू भएका छन्। यद्यपि कानुनी व्यवस्थाको यथोचित कार्यान्वयन हाम्रो प्रमुख चुनौतीको रूपमा रहेको छ।

यसका अतिरिक्त नेपाल पक्ष भई अनुमोदन गरेका कतिपय अन्तर्राष्ट्रिय महसन्धिहरू फौजदारी न्यायप्रणालीसँग सम्बन्धित छन्। अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको अनुमोदन गरेपनि त्यस अनुरूपको राष्ट्रिय कानुन निर्माण भई कार्यान्वयनमा आउन सकेको अवस्था छैन। अन्तर्राष्ट्रिय मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन लाई गम्भीर अन्तर्राष्ट्रिय अपराध मानी सजाय गर्ने व्यवस्था हाम्रो फौजदारी कानुनले गरेको छैन। यस सम्बन्धमा सर्वोच्च अदालतबाट भएका आदेशको पालनामा अझ पनि कन्जुस्याँई छ।[८१]

नेपालमा विगत दशबर्से सशस्त्र द्वन्द्वको समयमा व्यापक जनधनको क्षति भयो, बलपूर्वक विस्थापित तथा बेपत्ता पार्ने कार्यहरू भए। शान्ति प्रक्रियामा देश अघि बढे पनि बलपूर्वक विस्थापन र बेपत्ता तथा अपहरणको नयाँ श्रृङ्खलाहरू बनिरहेकै छन्। दण्डहीनता अझ पनि व्याप्त छ, योजनाबद्ध र व्यापक आक्रमणको हिस्साको रूपमा गैरन्यायिक हत्या, स्थानान्तरण, अपहरण, चन्दा असूली, बलपूर्वक बजार तथा यातायात बन्दजस्ता अन्तर्राष्ट्रिय अपराधसँग सम्बन्धित कृत्यहरू पछिल्ला दिनमा पनि रोकिएका छैनन्। नेपाल जातीय हत्या विरुद्धको महासन्धि १९४८, युद्धसँग सम्बन्धित चारवटा जेनेभा महासन्धि १९४९, रङ्गभेद अपराधको दमन तथा दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, यातना तथा क्रूर, अमानवीय

---

८१ लिलाधर भण्डारीसमेत निवेदक रहेको जबरजस्ती सम्पत्ति कब्जा फिर्तासम्बन्धी परेको रिट (ने.का.प. २०६५,अंक..., पृ...), राजेन्द्र ढकालसमेत भएको व्यक्ति बेपत्ता सम्बन्धको बन्दीप्रत्यक्षीकरणको रिट(ने.का.प.२०६४, अंक २,पृ.१६९), राजाराम ढकालको जेनेभा महासन्धिको अनुमोदनबाट सिर्जना भएको दायित्व अनुसार कानुन निर्माण गर्न आदेश जारीको लागि माग भएको रिट (ने.का.प. २०६०,अंक ८/९, पृ७८१)।

तथा अपमानजनक व्यवहार विरुद्धको महासन्धि १९८४, बालअधिकार महासन्धि, १९८९ को पक्ष बने पनि यी महासन्धिमा उल्लेखित कार्यहरूलाई अपराध घोषित गरी अन्तर्राष्ट्रिय महासन्धिप्रतिको जिम्मेवारी पूर्णरूपमा पूरा गरेको अवस्था छैन। यी सन्धिद्वारा सिर्जित दायित्व पूरा गरेमा मात्र पनि दण्डहीनताको न्यूनिकरणको लागि महत्त्वपूर्ण कदम हुन सक्थ्यो। अन्तर्राष्ट्रिय महासन्धिहरूका व्यवस्था समेतलाई मध्यनजर गरी तयार भई हाल संसद्मा पेश भएको अपराध संहिता २०६७ औपचारिक छलफलको क्रममा आउन सकेको छैन। अन्तर्राष्ट्रिय जगतले पचासको दशकदेखि नै चासो र खाँचो महसुस गरेको अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान पारित भई कार्यान्वयनमा रहे पनि नेपाल यसको पक्ष बनिसकेको छैन। नेपाल पक्ष बनिहाले पनि राष्ट्रिय फौजदारी न्यायप्रणालीले थुप्रै चुनौती र हाँकहरूको सामना गर्नु पर्ने निश्चित छ। रोम विधानको मुख्य विशेषता परिपूरक क्षेत्राधिकार र अदालतलाई पूर्ण सहयोग नै भएकोले रोम विधानको अनुमोदनको सँगसँगै राष्ट्रिय फौजदारी न्यायप्रणालीलाई सशक्त बनाउनु पर्ने हुन्छ। यसका लागि विभिन्न कानुनहरूमा सुधार परिमार्जनको अतिरिक्त फौजदारी न्यायप्रणालीका अवयव तथा संरचना, त्यसमा कार्यरत जनशक्तिको सशक्तीकरण त्यत्तिकै आवश्यक छ। अर्थात अनुसन्धान पद्दतिमा सुधार,अभियोजन पक्षमा परिमार्जन, सुनुवाइ तथा निर्णयमा शीघ्रता, कारागार प्रशासनमा सुधार, पीडित तथा प्रभावितलाई हानिपूरण (Reparation) प्रदान गर्ने कार्य लगायतमा विशेष ध्यान दिनु आवश्यक हुन्छ। हालसम्म अनुमोदन गरिएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयन अवस्था नै उदासीन र चुनौतीपूर्ण रहेको सन्दर्भमा पर्याप्त गृहकार्य र तयारी नगरे रोम विधानको पक्ष बनेपछि त्यसको कार्यान्वयन थप चुनौतीपूर्ण बन्ने अवस्था हुन्छ। ढिलो वा चाँडो दण्डहीनता विरुद्ध आएको रोम विधानको नेपाल पक्ष बन्ने अवस्था रहेकोले रोम विधानको अनुमोदनले सिर्जना गर्ने दायित्वहरू, थप हुने चुनौती तथा अवसरहरू, न्याय क्षेत्रको सुधारका लागि गर्नु पर्ने तयारी बारे व्यापकरूपमा छलफल गर्न आवश्यक छ। यही सन्दर्भ र सिलसिला प्रस्तुत अध्ययन भएकोले रोम विधानका व्यवस्थाहरू, नेपालले गर्नुपर्ने तयारी, गर्नुपर्ने कानुनी, संस्थागत तथा संरचनागत सुधारका पक्षहरूबारे पछिल्ला परिच्छेदमा विवेचना गरी अन्तमा आवश्यक सुझाव प्रस्तुत गर्ने प्रयास गरिएको छ।

परिच्छेद–३

रोम विधान र विद्यमान कानुन

रोम विधानमा परिभाषित अपराधहरू के के हुन्? ती अपराध र तीअन्तर्गत के कस्ता अपराधहरू पर्दछन् ? ती अपराधहरूको अनुसन्धान, अभियोजन र पुर्पक्षको व्यवस्था एवं हुनसक्ने सजाय र पुनरावेदनबारे यस परिच्छेदमा चर्चा गरिनेछ।। अन्त्यमा रोम विधानको व्यवस्थाबमोजिम नेपाली कानुन, अपराधसंहितामा गरिएका व्यवस्था र सोमा नपरेको वा उपयुक्त किसिमबाट व्यवस्था नगरिएको कारण नेपाली कानुनमा कुन कुन क्षेत्रमा के कस्तो सुधार गरिनु पर्छ भन्ने बारेमा चर्चा गरिनेछ।

३.१ रोम विधानद्वारा परिभाषित अपराधहरू

रोम विधानको धारा ५ मा अदालतको क्षेत्राधिकारभित्र जातिहत्या, मानवता विरुद्धको अपराध, युद्धअपराध र आक्रमण (Aggression) को अपराध पर्ने कुरा उल्लेख गरिएको छ। त्यस्तै गरी धारा ६, ७ र ८ मा क्रमश: जातिहत्या, मानवता विरुद्धको अपराध र युद्धअपराधको परिभाषा गरिएको छ। आक्रमणको हकमा भने विधान जारी हुने समयमा परिभाषा नगरिएको भए पनि पक्ष राष्ट्रहरूको युगाण्डाको कम्पालामा सन् २०१० मा गरिएको पुनरावलोकन सम्मेलनबाट यसलाई परिभाषित गरी सन् २०१७ देखि प्रारम्भ हुने व्यवस्था गरिएको छ।

रोम विधानमा जातिहत्यालाई केही गम्भीर अपराधहरूको सामूहिक नामको रूपमा लिइएको छ। यसअन्तर्गत हत्या, भौतिक विनास वा सो उद्देश्यबाट गम्भीर क्षति पुऱ्याउने कार्य, जन्म निरोध वा स्थानान्तरण जस्ता कसुरहरू पर्दछन्। जातिहत्या नठहर्दा पनि यी कसुरहरू आफैमा पनि आपराधिक कार्य मानिन सक्छन्। कतिपय मुलुकका कानुनमा यी सबै कसुरहरूलाई अपराध घोषित गरिएको छ। तर ती अपराधहरू जातिहत्या हुनको लागि अपराध राष्ट्रिय, जातीय, जनजातीय

वा धार्मिक समूहको पूर्ण वा आंशिक विनास गर्ने मनसायबाट गराइएको हुनुपर्छ। जातिहत्या शीर्षकअन्तर्गत रोम विधानमा परिभाषित अपराधहरू कुनै नौला अपराध नभएर आधारभूत रूपमा सन् १९४८ को जाति हत्यासम्बन्धी महासन्धिमा परिभाषा गरिएका अपराधहरू नै हुन्। विधानअन्तर्गत बनेको अपराधका तत्त्व (Element of Crimes) मा जाति हत्या ठहर्न यस्ता घटनाले घटनाको प्रारूप (Pattern) वा प्रारूपको आरम्भलाई (Initial act in an emerging pattern) स्पष्टतः देखाउनु पर्छ।[८३]

विधानको धारा ७ मा मानवता विरुद्धको अपराधअन्तर्गत पनि हत्या, उच्छेदन (Extermination), दास बनाउने, यातना, जबरजस्ती करणी, यौन दासता जस्ता अपराधहरू परेका छन्। जाति हत्यामा जस्तै यहाँ यी कार्यहरू फौजदारी कानुनअन्तर्गत आफैमा पनि अपराध हुन्। तर ती अपराधहरू मानवता विरुद्धको अपराध कायम हुनको लागि गैरसैनिक जनसमुदाय विरुद्ध जानजान लक्षित र व्यापक वा योजनाहरू आक्रमणको हिस्साको रूपमा गरिएको हुनुपर्छ। साथै त्यस्तो अपराधबारे घटना गराउने व्यक्तिलाई ज्ञान (Knowledge) थियो वा थिएन भन्ने आधारमा आपराधिक दायित्व निर्धारण गर्न सकिने हुन्छ। यसबारेमा अपराधका तत्त्व स्पष्ट गरिएको छ।

मानवता विरुद्धको अपराध रोम विधानमा मात्र पहिलो पटक राखिएको व्यवस्था होइन। विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू र परम्परागत अन्तर्राष्ट्रिय कानुनमा पनि यसबारे व्यवस्थाहरू गरिएका छन्। तिनै व्यवस्थाहरूलाई परिमार्जित रूपमा विधानमा राखिएको छ। विधानको धारा १२० ले मानवता विरुद्धको अपराधलाई समस्त अन्तर्राष्ट्रिय समुदायको चासो भएको अत्यन्त गम्भीर अपराध मानेको छ। रोम विधानको धारा ८ मा युद्धअपराधको परिभाषा गरिएको छ। युद्धअपराधअन्तर्गत वस्तुतः सन् १९४९ को जेनेभा महासन्धि अन्तरर्गत संरक्षित व्यक्ति वा सम्पत्ति विरुद्ध निश्चित योजना वा नीतिअन्तर्गत व्यापक रूपमा गरिएको अपराधहरू, त्यसैगरी अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लागु हुने कानुन र प्रथाहरूको उल्लङ्घन गरी

---

८३ रोम विधानको धारा ९अन्तर्गत जारी गरिएको अपराधका तत्त्वमा जाती हत्या ठहर्नको लागि आवश्यक अन्तरतत्त्वहरूमध्ये यस्तो आपराधिक कार्य त्यस्तै कार्यहरूको एउटा प्रवृत्तिलाई जनाउने खालको हुनुपर्ने उल्लेख गरिएको छ। अपराधका तत्त्व (Element of Crimes) मा भनिएको छः "The Conduct took place in the context of a manifest pattern of similar conduct directed against that group or was conduct that could itself effect such destruction.

गरिएका कार्यहरू र अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा चारवटा जेनेभा महासन्धिहरूको साझा धारा ३ को गम्भीर उल्लङ्घन गरी गरिएका अपराधहरू पर्ने कुरा उल्लेख गरिएको छ। धारा ८ मा युद्धअपराधअन्तर्गत अपराधहरूको लामो सूची दिइएको छ।

रोम विधानमा शुरुमा आक्रमण (Aggression) को परिभाषा नगरिएको भए पनि विधानको पुनरावलोकन गर्ने क्रममा कम्पाला सम्मेलनबाट २०१० मा आक्रमणको परिभाषा सर्वसम्मतिबाट गरियो[८३] जस अनुसार आक्रमण कायम हुन नेतृत्व तहमा रहेको व्यक्तिले गरेको आक्रमणको योजना, तयारी, शुरुवात र कार्यान्वयन संयुक्त राष्ट्रसङ्घको बडापत्र विरुद्ध हुनुपर्ने, त्यस्तै आक्रमण ठहर्न एक राज्यले अर्को राज्यको विरुद्ध सैन्य शक्तिको प्रयोग गरिएको हुनुपर्ने तर सुरक्षा परिषद्को अख्तियारीमा वा आत्मरक्षाको लागि त्यस्तो शक्तिको प्रयोग गरिएकोमा भने आक्रमण नमानिने कुरा उल्लेख गरिएको छ। उदाहरणार्थ शैन्य शक्तिको प्रयोग गरी बम वर्षा गर्नु, सेनाद्वारा अर्को मुलुकमा हमला (Invasion) गर्नु वा नाकाबन्दी गर्नु जस्ता कार्यहरू आक्रमण (Aggression) हुन्।

३.२ क्षेत्राधिकार

रोम विधानअन्तर्गत परिभाषित अपराधहरूमध्ये आक्रमणबाहेक अन्य कसुरको हकमा सम्बन्धित राज्य पक्ष सो विधानको सदस्य भएपछि भएका अपराधहरूमा मात्र अदालतको क्षेत्राधिकार आकर्षित हुन सक्छ। साथै विधानको पक्ष बनेपछि सम्बन्धित राज्य पक्षले जातिहत्या, मानवता विरुद्धको अपराध र युद्धअपराधमा अदालतको क्षेत्राधिकार स्वत: स्वीकार गरेको मानिन्छ।[८४] आक्रमणको हकमा भने अदालतको क्षेत्राधिकार अस्वीकार गर्न वा त्यसबाट बाहिर बस्न समेत (Opt-out) गर्न सकिन्छ। त्यति मात्र होइन सन् २०१७ मा सोसम्बन्धी धारा कार्यान्वयनमा आएपछि पनि राज्य पक्षले स्वीकार गरेको स्थितिमा मात्र अदालतको अधिकार क्षेत्र आकर्षित हुने भन्ने व्यवस्था राखिएबाट रोम विधानको पक्ष बनेको भन्दैमा आक्रमणको हकमा अदालतको क्षेत्राधिकार स्वत: स्वीकार गरेको मानिदैन।

---

८३ यो दफा २०१७ मा राज्य पक्षहरूद्वारा अनुमोदन गरिएपछि कार्यान्वयनमा आउनेछ। www.ic-cnow.org/

८४ रोम विधान धारा ११, १२ह निश्चित अवस्थामा सदस्य नभएका राज्यले पनि अदालतको क्षेत्राधिकार स्वीकार गर्न सक्छन् (धारा १२२(३)।

विधानले अधिकार क्षेत्रको प्रयोगकै हकमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत प्रचलित क्षेत्रीयता (Territoriality) र राष्ट्रियता (Nationality) दुवै सिद्धान्तहरूलाई स्वीकार गरेको छ। अर्थात अपराध राज्य पक्षको क्षेत्रभित्र घटेमा वा अभियोग लागेको व्यक्ति सो राज्यको नागरिक भएमा अदालतको क्षेत्राधिकार आकर्षित हुन्छ।[८५] यसरी क्षेत्राधिकारले भविष्यदर्शीरूपमा जहिलेसुकै मुद्दा चल्न सक्ने व्यवस्था गरेर त्यस्तै अपराधमा व्यक्तिगत दायित्व सुम्पेर र अपराधको स्पष्ट परिभाषा गरेर समयावधि (Temporal) व्यक्तिगत (Personal) र विषयवस्तु (Subject Matter) गरी क्षेत्राधिकारका तीनैवटा पक्षलाई समेटेको छ। अपराधमा संलग्न मात्र होइन त्यस्तो अपराध रोक्ने सन्दर्भमा कानुनबमोजिम कर्तव्य पालन गर्नुपर्ने दायित्व भएको व्यक्तिले कर्तव्यपालन नगरेको स्थितिमा पनि त्यस्तो व्यक्तिले व्यक्तिगत रूपमा दायित्व वहन गर्नु पर्ने व्यवस्था गरेर समादेशक तालुकवाला लगायत जुनसुकै तहको व्यक्तिको हकमा लागु हुने व्यवस्था गरेको छ। उमेरमा १८ वर्ष नाघेको कसैलाई पनि विधानले उन्मुक्ति प्रदान गर्दैन।[८६]

३.३ अनुसन्धान र अभियोजन

रोम विधानले मुद्दाको अनुसन्धान र अभियोजनमा महाद्विपीय पद्धतिका महत्त्वपूर्ण पक्षहरूलाई समेटेको छ। मुद्दाको अनुसन्धान अभियोक्ताले गर्ने भए पनि अनुसन्धानको महत्त्वपूर्ण चरणहरूमा अदालतको सहभागिता रहने व्यवस्था गरिएको छ। अभियोक्तालाई कार्यगत स्वतन्त्रता प्राप्त हुँदाहुँदै पनि यो विधानअन्तर्गतकै एउटा महत्त्वपूर्ण अफिस हो। अनुसन्धानमा यसले पूर्वपुर्पक्ष इजलासको निगरानीमा काम गर्छ। विधानमा गरिएको व्यवस्थानुसार अदालतको क्षेत्राधिकार देहायको अवस्थामा आकर्षित भई अभियोक्ताले अनुसन्धान प्रारम्भ गर्न सक्छ:[८७]

- अभियोक्ताद्वारा अनुसन्धान हुन सान्दर्भिक परिस्थितिको किटान गर्दै राज्य पक्षले अभियोक्तालाई सिफारिश गरेमा,
- संयुक्त राष्ट्रसङ्घको वडापत्रको परिच्छेद-७ बमोजिम सुरक्षा परिषद्ले अभियोक्तालाई सिफारिश गरेमा,
- अभियोक्तासमक्ष अपराधबाट पीडित वा अन्य कसैको उजुरी परी वा

८५ धारा १२: तर सुरक्षा परिषद्ले सिफारिश गरेको अवस्थामा जहाँसुकै घटेको र नागरिक, गैरनागरिक, १८ वर्ष नाघेको जोसुकैको विरुद्ध पनि अदालतले क्षेत्राधिकार ग्रहण गर्न सक्छ धारा १३ (ख)।

८६ धारा २५, २६, २७ र २८

८७ धारा १३

अभियोक्ताले आफ्नै सूचनाको आधारमा।

आक्रमणको अपराधको हकमा भने सुरक्षा परिषद्ले विवादलाई प्रेषित गरेमा मात्र अदालतको क्षेत्राधिकार शुरु हुन्छ। अभियोक्ताले देहायको अवस्थामा आफै वा सम्बन्धित राष्ट्रको अनुरोधमा यो विवादमा अनुसन्धान गर्न सक्छ:

- सुरक्षापरिषद्ले आक्रमण भएको अवस्था हो वा होइन भन्ने पहिला निश्चित गरेपछि मात्र र ६ महिनासम्म पर्खेर,
- राज्य पक्षहरू बीचमा आक्रमणको स्थिति परेको भएमा र
- अदालतको पूर्वपुर्पक्ष इजलासले अनुसन्धान शुरु गर्न अख्तियारी दिएकोमा,

यस दृष्टिबाट हेर्दा आक्रमणको उजुरीमा अभियोक्ताको अनुसन्धान गर्न पाउने अधिकार अन्य अपराधहरूको सन्दर्भमा भन्दा केही साँघुरो देखिन्छ।

रोम विधानले क्षेत्राधिकारको सन्दर्भमा मोटामोटीरूपमा दुईवटा मार्ग तय गरेको देखिन्छ। पहिलो- संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को सिफारिशमा र दोस्रो मार्ग सम्बन्धित देश, पीडित वा अभियोक्ता स्वयंको सक्रियतामा। विधानको सरसरती अध्ययन गर्दा पहिलो मार्ग बढी शक्तिशाली देखिन्छ तापनि दण्डहीनताको अन्त्य गर्न र अन्तर्राष्ट्रियरूपमा नै विधिको शासन स्थापित गर्न दोस्रो मार्गलाई एउटा नवीन प्रयोगको रूपमा विधानमा लिइएको छ। दोस्रो मार्गअन्तर्गत अदालतको क्षेत्राधिकार प्रतिस्थापनजन्य नभइ परिपूरक मानिन्छ। यो क्षेत्राधिकार त्यतिबेला मात्र प्रयोगमा आउँछ जब स्थानीय अधिकारीहरू अपराधमा अनुसन्धान र अभियोजन गर्न असमर्थ वा अनिच्छुक देखिन्छन्। अर्थात उजुरी तब मात्र लाग्छ जब:

- सदस्य राज्यमा मुद्दाको अनुसन्धान र अभियोजन गरिएको वा भइरहेको छैन,
- सदस्य राज्य अनुसन्धान वा अभियोजन गर्न यथार्थमै अनिच्छुक वा असमर्थ छ,
- सम्बन्धित व्यक्तिउपर पहिले नै मुद्दा लगाइएको छैन,
- अपराध यति गम्भीर छ कि जुन अदालतद्वारा कारबाही चलाउन उपयुक्त छ।

दोस्रो मार्गअन्तर्गत अनुरोध भइसकेको वा अभियोक्तालाई अपराधबारे जानकारी प्राप्त भइसकेको स्थितिमा अदालतद्वारा क्षेत्राधिकारको प्रयोग नगर्नको लागि सम्बन्धित राज्य वा यसको कानुन कार्यान्वयनको संरचना पूर्ण वा सारभूत रूपमा

ध्वस्त (Collapse) भएको अवस्था होइन वा राष्ट्रिय न्यायिक पद्दति अभियुक्तलाई न्यायको कठघरामा उभ्याउन, प्रमाण सङ्कलन र साक्षी परिक्षण गर्न असमर्थ भएको स्थिति होइन भनी देखाउनु आवश्यक हुन्छ।

अदालतको क्षेत्राधिकारअन्तर्गतको मुद्दामा अनुसन्धान प्रारम्भ गर्नुपूर्व अभियोक्ताले सम्बन्धित राज्य पक्षलाई आफूले अनुसन्धान प्रारम्भ गर्न लागेको भन्ने बारे सूचना दिनु आवश्यक हुन्छ।[८८] यसरी सूचना दिएपश्चात् एक महिनाभित्र सम्बन्धित राज्य पक्षले आफूले सो विषयमा अनुसन्धान गर्न लागेको जानकारी दिएमा अभियोक्ताले सो अनुसन्धान हुन दिनुपर्छ र बढीमा ६ महिनासम्म कुर्नु पर्छ। तर सम्बन्धित राज्य पक्षले भनेको कुरा गलत हो भनी अभियोक्ताले पूर्वपुर्पक्ष इजलास (Pre-Trial Chamber) लाई सन्तुष्ट पारेमा भने त्यसरी कुर्नु पर्दैन। पूर्वपुर्पक्ष इजलासको निर्णय उपर पुनरावेदन इजलास (Appeal Chamber) मा अन्तरकालीन आदेश माग गरी पुनरावेदन गर्न सकिन्छ।

रोम विधानका अपराध परिभाषित गर्ने दफाहरूले नै क्षेत्राधिकार कस्तो अवस्थामा आकर्षित हुन्छ भन्ने बारेमा केही व्यवस्थाहरू गरेका छन्। जस्तो विधानको दफा ८ (१) अनुसार युद्धअपराधमा निश्चित योजना वा नीतिअन्तर्गत व्यापकरूपमा अपराध गरिएको (Policy or plan or as part of large scale Commission of such crimes) भएमा मात्र त्यस्ता गम्भीर प्रकृतिका अपराधहरूमा मात्र अदालतलाई अधिकार क्षेत्र प्राप्त हुन्छ। त्यस्तैगरी मानवता विरुद्धको अपराधमा धारा ७(१)अन्तर्गत त्यस्तो अपराध व्यापक र योजनावद्धरूपमा (Widespread and systematic) भएमा मात्र अदालतलाई क्षेत्राधिकार प्राप्त हुन्छ। तसर्थ अभियोक्ताले अनुसन्धान गर्नुअघि अपराधको गम्भीरता, व्यापकताको साथै योजनावद्ध रूपले जानीजानी गरिएको वा नगरिएको के हो भन्ने विषयमा यकिन गर्नु पर्छ। ती कुराहरूमा यकिन भई अभियोक्ताले अपराधको सूचना सङ्कलन गरेकोमा पनि निजले अनुसन्धान प्रारम्भ गर्नुअघि पूर्वपुर्पक्ष इजलासको समर्थन प्राप्त गर्नु पर्छ।[८९]

अभियोक्ताद्वारा गरिने अनुसन्धान १२ महिनासम्म पछि सार्न संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई विधानले अधिकार प्रदान गरेको छ, यसको नवीकरण समेत हुन सक्छ। अर्को शब्दमा विधानले राज्य पक्षलाई अभियोक्ताद्वारा गरिन लागेको अनुसन्धान रोक्ने अधिकार प्रदान नगरे पनि सुरक्षापरिषद्लाई भने सामूहिक

---

८८ धारा १८

८९ धारा १५

भिटोको अधिकार प्रदान गरेको छ।[९०]

अदालतको अधिकारक्षेत्रभित्रको विषयमा अभियोक्ताले प्रारम्भिक अनुसन्धान सम्पन्न गरेपछि अनुसन्धानमा अघि बढाउन उपयुक्त नदेखेमा फाइल बन्द गरी पक्षलाई खबर गर्नु पर्छ।[९१] तर अनुसन्धान अघि बढाउन तार्किक आधार (Reasonable Basis) देखेमा पूर्वपुर्पक्ष इजलाससमक्ष अनुसन्धानको लागि अख्तियारी माग गर्दै आवेदन गर्नु पर्छ। अभियोक्ताको अनुरोध र सोलाई समर्थन गर्ने सामग्रीको अध्ययनपश्चात् पूर्वपुर्पक्ष इजलासले अनुसन्धान अघि बढाउन तार्किक आधार छन् भन्ने कुरामा निश्चित भएमा अनुसन्धान अघि बढाउन आदेश दिन सक्छ।[९२]

अनुसन्धान सम्पन्न भएपछि अभियोक्ताले अभियोजन गर्न सकिने आधार छैन भन्ने निश्चय गरेमा सो कुराको सूचना पूर्वपुर्पक्ष इजलास र त्यस्तो मुद्दामा अनुसन्धान गर्न माग गर्ने राज्य वा सुरक्षा परिषद्लाई दिनु पर्छ। सम्बन्धित राज्य वा सुरक्षा परिषद्ले अभियोक्तालाई आफ्नो निर्णय पुन: विचार गर्न अनुरोध गर्न सक्छ। पूर्वपुर्पक्ष इजलासले पनि अनुसन्धान वन्द गर्ने अभियोक्ताको निर्णय बारे पुन: विचार गर्न अनुरोध गर्न सक्छ। यो अवस्थामा घटनाका पीडितले पनि इजलाससमक्ष आवेदन गर्न सक्छ। अभियोक्ताको मुद्दा नचलाउने निर्णय पूर्वपुर्पक्ष इजलासबाट अनुमोदन भएपछि अन्तिम हुन्छ।

३.४ पुर्पक्ष र सजाय

अभियोक्ताले अनुसन्धान समाप्त गरेपछि मुद्दा चलाउन पर्याप्त आधार र प्रमाण देखेमा पूर्वपुर्पक्ष इजलास (Pre-trial Chamber) समक्ष प्रतिवेदन पेश गर्छ। पूर्वपुर्पक्ष इजलासले प्रतिवेदन स्वीकार गरेपछि मुद्दा पुर्पक्षको चरणमा प्रवेश गर्छ। यस चरणमा पनि मुद्दाको ग्राह्यता सम्बन्धित प्रश्न उठन सक्छ।[९३] अदालतले सो प्रश्नको निरुपण गरेर मात्र अघि बढ्नु पर्छ। पुर्पक्ष गर्दा अदालतलाई रोम विधान, अपराधका तत्त्वहरू, कार्यविधि र प्रमाणसम्बन्धी नियमहरू, सान्दर्भिक सन्धिहरू र सशस्त्र द्वन्द्वसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका स्थापित सिद्धान्तलगायत अन्तर्राष्ट्रिय

---

९० धारा १६

९१ धारा १५ (६)

९२ धारा १९ (४), ग्राह्यता बारेको चुनौती सम्बन्धित राज्य पक्ष वा वारेन्ट वा समाहवान जारी भएको अभियुक्त वा व्यक्तिले गर्न सक्छ। चुनौती पुर्पक्ष भन्दा अगावै वा यसको शुरुमा र यसपछि अदालतको अनुमतिले मात्र गर्न सकिन्छ।

९३ धारा १७, १८, १९

कानुनका नियमहरू एवं राष्ट्रिय कानुनहरूमा प्रचलित सर्वव्यापी नियमहरू, फैसलामा प्रतिपादित अदालतका सिद्धान्तले निर्देशित गर्छन्।[९४]

मुद्दा चल्ने निर्णय भएपछि अदालतले अपराधको आरोप लागेको व्यक्तिको उपस्थितिको लागि अवस्था अनुसार वारेन्ट, वा समाह्वान जारी गर्न सक्छ। आरोप लागेको व्यक्ति आफै पनि अदालतमा उपस्थित हुन सक्छ। समाह्वान वा वारेन्ट जारी भएको स्थितिमा सो तामेल गर्नु र आरोप लागेको व्यक्तिलाई अदालतसमक्ष उपस्थित गराउनु, बुझाउनु वा समर्पण गराउनु सम्बन्धित राज्य पक्षको कर्तव्य हुन्छ।[९५] आरोप लागेको व्यक्तिलाई मुद्दा चलिरहेको वा तेस्रो राज्यले पनि प्रत्यर्पणको माग गरेको वा रोम विधानको पक्ष नभएको तेश्रो राज्यसँग गरेको सम्झौताको कारण समर्पण गर्न नसकिने भएमा सम्बन्धित राज्य पक्षले सो कुराको जानकारी अदालतलाई दिनुपर्छ। तर अदालतले उठाइएका प्रश्नहरूको निरुपण गरी समर्पणको माग गरेमा सम्बन्धित राज्य पक्षले अदालतको अनुरोधलाई टार्न वा अस्वीकार गर्न सक्दैन।

रोम विधानमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको गठन र यसको काम कारबाहीमा स्वतन्त्रता, स्वयत्तता कानुनी निश्चित तर स्वच्छ सुनुवाइको सुनिश्चितता गर्ने कोसिस गरिएको छ। त्यसको लागि विधानमा फौजदारी न्यायका केही सर्वमान्य सिद्धान्तहरूको व्यवस्था गरिएको छ जसको पालना अनुसन्धान, अभियोजन र पुर्पक्षको चरणमा अनिवार्यरूपले गरिनु पर्ने हुन्छ। तीमध्ये केही सिद्धान्तहरूलाई नेपालको संविधान र कानुनहरूमा स्वीकार गरिएको छ भने अपराधसंहितामा यी सिद्धान्तहरूलाई केही विस्तृत रूपमा राखिएको छ। तर जुनरूपमा रोम विधानमा यी व्यवस्थाहरू राखिएका छन् ती नेपालको कानुनी सुधारको सन्दर्भमा अनुकरणीय छन्। विधानमा राखिएका यी सिद्धान्तहरू देहायबमोजिम छन्:[९६]

- अदालतबाट दोषी करार भएको वा सफाइ पाइसकेको व्यक्तिलाई पुन: पुर्पक्ष नगरिने,
- प्रश्न उठेको आचरण अदालतको अधिकारक्षेत्रअन्तर्गत कसुर नहुने भएमा व्यक्ति उत्तरदायी नहुने,

---

९४ धारा २१
९५ धारा ५८, ५९
९६ धारा २२, २३, २४ र २५

- अपराधको परिभाषा कठोर रूपमा गरिने, सन्देहको स्थितिमा आरोपित व्यक्तिको हितमा व्याख्या गरिने,
- अदालतबाट दोषी करार भएको व्यक्तिलाई विधानअनुसार मात्र सजाय गर्न सकिने अर्थात कानुनविना सजाय गर्न नसकिने,
- विधान लागु हुनुपूर्व गरिएको कुनै कार्यको लागि कुनै पनि व्यक्तिलाई उत्तरदायी बनाउन नपाइने,
- मुद्दामा निर्णय हुनुपूर्व कानुनमा कुनै परिवर्तन भएमा त्यसको लाभ अनुसन्धान, अभियोजन वा पुर्पक्ष चलिरहेको व्यक्तिले पाउने,
- विधानअन्तर्गत केवल प्राकृतिक व्यक्तिउपर मात्र अदालतको क्षेत्राधिकार हुने,
- अदालतको क्षेत्राधिकारअन्तर्गतको अपराध गर्ने व्यक्ति व्यक्तिगत रूपमा उत्तरदायी हुने। अर्थात सो व्यक्तिले अर्कोसँग मिलेर वा अर्को व्यक्तिमार्फत अर्थात सो व्यक्तिले अर्को व्यक्तिलाई अपराध गर्न अह्राए, गुहारे वा उक्साए (Orders, Solicits or otherwise assists) बाट वस्तुतः अपराध वा सोको उद्योग हुन गएमा, त्यस्तै गरी अपराध गर्न मद्दत गरेमा वा अन्य तरहले सघाएमा (aids, abets or adherents assists) वा साधन उपलब्ध गराएमा त्यस्तो गर्ने व्यक्ति आफ्नो कार्यको लागि उत्तरदायी हुने,[९७]
- साझा उद्देश्य राखेका व्यक्तिहरूको समूहलाई अपराधको घटना गराउन वा सोको उद्योगमा आफूले गरेको योगदानले अपराधिक क्रियाकलाप वा अपराधिक उद्देश्य हासिल गर्न सहयोग पुग्छ भन्ने जानीजानी वा सो समूहको आपराधिक उद्देश्यबारे जानकारी हुँदाहुँदै कुनै तरिकाले योगदान गरेमा त्यस्तो व्यक्ति उत्तरदायी हुने,[९८]
- जातिहत्याको हकमा त्यस्तो कार्यको लागि प्रत्यक्ष र सार्वजनिकरूपमा अरुलाई उक्साएमा उत्तरदायी हुने,
- कुनै व्यक्तिले अपराध गर्ने उद्देश्यबाट गम्भीर कदम उठाएको (Takes substantial step) तर सो व्यक्तिको मनसाय निरपेक्ष कुनै परिस्थिति उत्पन्न भएको कारण सो अपराध नभएमा त्यस्तो कार्य गर्ने व्यक्ति उद्योगमा उत्तरदायी हुने,[९९]

९७ धारा २५(क)(ख)(ग)

९८ धारा २५(घ)यो व्यवस्था सङ्गठित अपराधलाई संवोधन गर्न उपयोगी हुने

९९ धारा २५(च)

- अपराध गर्दाको समयमा १८ वर्षभन्दा कम उमेरको व्यक्तिको हकमा अदालतको क्षेत्राधिकार नहुने,[१००]
- विधानअन्तर्गतको अपराधको सन्दर्भमा विधान पदीय हैसियतमा आधारित विभेद नराखी लागु हुने, खासगरी राज्य वा सरकार प्रमुख, सरकार वा संसद्को सदस्य, निर्वाचित प्रतिनिधि वा सरकारी अधिकारी भन्ने जस्ता पदीय हैसियतले फौजदारी दायित्वमा छुट वा सजायको न्यूनिकरण नहुने,[१०१]
- राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै व्यक्तिको पदीय हैसियतसँग आसन्न हुन सक्ने उन्मुक्ति वा विशेष कार्यविधि त्यस्तो व्यक्तिउपर अदालतको क्षेत्राधिकारको प्रयोगको सन्दर्भमा असान्दर्भिक हुने,[१०२]

माथि उल्लेखित फौजदारी न्यायका सिद्धान्तहरूको अतिरिक्त रोम विधानमा समादेशक वा अन्य तालुकवाला (Commanders and other Superiors) को उत्तरदायित्वको विषयमा महत्त्वपूर्ण व्यवस्था गरिएको छ। यी व्यवस्थाहरू नेपालको कानुनमा हालसम्म छैनन्। विधानको व्यवस्थाअनुसार समादेशक वा तालुकवाला कुनै कार्य गरेमा मात्र होइन नगरेमा पनि उत्तरदायी हुनु पर्छ। जसअनुसार निज मातहतको वा निजको प्रभावकारी नियन्त्रण वा अख्तियारीमा रहेको सेनाले गरेका विधानअन्तर्गतका अपराधको लागि समादेशक वा तालुकवाला उत्तरदायी हुन्छ[१०३] यदि:-

- त्यस्तो सैनिक समादेशक वा व्यक्तिलाई सेना वा बलले त्यस्तो अपराध गरेको गरिरहेको वा गर्न लागेको जानकारी थियो,
- त्यस्तो सैनिक समादेशक वा व्यक्तिले सेना वा बललाई अपराध हुनबाट रोक्न वा समन गर्न आफ्नो सामर्थ्य भित्रका सबै आवश्यक र उचित उपाय अपनाएन वा
- अनुसन्धान र अभियोजनको लागि सक्षम अधिकारीसमक्ष सो विषय प्रस्तुत गरेन।[१०४]

---

१०० धारा २६
१०१ धारा २७ (१)
१०२ धारा २७ (२)
१०३ धारा २८
१०४ धारा २८ (क)

तालुकवाला र मातहतका व्यक्तिहरूको बीचको सम्बन्धको सन्दर्भमा माथि वर्णित अवस्थामा बाहेक पनि निजको मातहत वा प्रभावकारी अख्तियारीभित्रका व्यक्तिहरूले अदालतको क्षेत्राधिकारअन्तर्गतको अपराध गरेको अवस्थामा निजले मातहतका व्यक्तिहरूउपर प्रभावकारी नियन्त्रण राख्न नसकेकोमा देहायको अवस्थामा त्यस्तो तालुकवाला जिम्मेवार हुन्छ[१०५] यदि,

- मातहतका व्यक्तिले अपराध गरिरहेको वा गर्न लागेको भन्ने थाहा थियो वा त्यस्तो कुराको सङ्केत गर्ने सूचनालाई जानीजानी बेवास्ता गरेको थियो,
- ती अपराधहरू सो तालुकवालाको प्रभावकारी जिम्मेवारी र नियन्त्रणभित्र रहेका गतिविधिसँग सम्बन्धित थिए,
- तालुकवालाले सो हुनबाट रोक्ने वा समन (Prevent or repress) गर्न आफ्नो सामर्थ्य भित्रका सबै आवश्यक र उचित उपायहरू अपनाएको थिएन वा
- अनुसन्धान र अभियोजनका लागि सक्षम निकायहरू समक्ष सो विषय प्रस्तुत गरेको थिएन।

फौजदारी दायित्वकै सन्दर्भमा रोम विधानमा आपराधिक ठहर्ने कार्यको लागि मानसिक तत्त्व अर्थात मनसाय र ज्ञान (Intent and Knowledge) लाई अनिवार्य तत्त्वको रूपमा लिइएको छ। अर्थात कुनै कार्य (action) को सन्दर्भ सो कार्यमा संलग्न हुन चाहेको (Means to engage in the conduct) र परिणामको सन्दर्भमा त्यस्तो परिणाम चाहेको वा सामान्यत: त्यस्तो परिणाम (Result) निस्कन्छ भन्ने कुरामा सचेत रहेको देखिएमा सो व्यक्तिले मनसायपूर्वक सो कार्य गरेको मानिन्छ। त्यस्तै गरी ज्ञान (Knowledge) को हकमा सामान्यत: त्यस्तो परिणाम आउँछ वा आउने परिस्थिति छ भन्ने जानकारी भएमा सो व्यक्तिलाई ज्ञान छ भन्ने मानिन्छ।[१०६] सामान्य भाषामा भन्नु पर्दा रोम विधानमा मनसायको कार्यसँग र ज्ञानको परिणामसँग सम्बन्ध जोडिएको छ। तर कुनै व्यक्ति अपराध गर्दाको समयमा देहायको अवस्थामा रहेमा अपराधिक दायित्वबाट बाहेक गर्न सकिन्छ:[१०७]

---

१०५ धारा २८(ख)

१०६ धारा ३०

१०७ धारा ३१, ३२, ३६ तर जाति हत्या वा मानवता विरुद्धको अपराध गर्ने आदेश स्पष्ट रूपमा कानुन विपरित हुन्छ भन्ने मातहतको सबै व्यक्तिले थाहा पाउनु पर्छ। सो नपाएको भन्ने कुराले दायित्वबाट अलग गर्न सकिदैन।

- मानसिक रोग वा कमजोरी (Mental disease or defect) को कारण कार्यको गैरकानुनी प्रकृति थाहा पाउने वा आफ्नो कार्यलाई नियन्त्रणमा राख्ने स्थितिमा नरहेकोमा,
- स्वेच्छाले मदोन्मत्त (Intoxicated) भएका कारण अपराध हुन सक्ने सम्भावना छ भन्ने जानीजानी वा त्यस्तो जोखिमलाई बेवास्ता गरी मदोन्मत्त भएकोमा बाहेक आफ्नो कार्यको गैरकानुनी प्रकृति थाहा नपाउने वा आफूलाई नियन्त्रणमा राख्न नसक्ने गरी मदोन्मत्त भएको अवस्थामा कसुर गरेकोमा,
- आफैलाई वा अर्को व्यक्तिको (र युद्धअपराधको हकमा सम्पत्तिको समेत) सुरक्षाको लागि प्रतिरक्षा स्वरूप कुनै कार्य गरेकोमा,
- आफू वा अरु कसैको हत्या वा शारीरिक क्षति पुऱ्याउने डर त्रास देखाई कारकापमा पारी कुनै कार्य गर्न बाध्य पारिएकोमा,
- आपराधिक मनसाय नभै तथ्यको भ्रममा परी अपराधजन्य कार्य गरेकोमा।
- तालुकवालाको आदेश पालन गर्नुपर्ने कानुनी दायित्व भइ, त्यस्तो आदेश कानुन विपरीत छ भन्ने थाहा नभई र आदेश स्पष्ट रूपमा कानुन विपरीत नदेखिएको कारण सो व्यक्तिले कुनै अपराध गरेमा।[१०८]

पुर्पक्षको सन्दर्भमा अभियोक्ताको अनुरोधमा पूर्वपुर्पक्ष इजलासले आरोप लागेको व्यक्तिउपर पक्राउको लागि वारेन्ट जारी गर्ने र त्यस्तो व्यक्तिको सुम्पुवाबारे निर्णय गर्छ। पूर्वपुर्पक्ष इजलासले वारेन्ट जारी गर्नुपूर्व आरोप लागेको व्यक्तिले कसुर गरेको हो भनी विश्वास गर्ने तर्कसङ्गत आधार भएको भन्ने लगायतका पक्राउ गर्नु पर्ने आधार छन् भन्ने कुरामा निश्चित हुनुपर्छ[१०९] र राज्य पक्षले त्यस्तो व्यक्तिको पक्राउ र सुम्पुवा/सर्म्पण गर्न अदालतलाई सहयोग गर्नु पर्छ।[११०] त्यस्तो व्यक्ति आफै वा पक्राउ भइ अदालतमा उपस्थित भएपछि अदालतले आरोप लागेको व्यक्ति त्यही हो र उसका विरुद्ध अभियोग लगाउने अभियोक्तासँग पर्याप्त प्रमाणहरू छन् भन्ने कुराको सुनिश्चय गर्न सुनुवाइ (Confirmation Hearing) गर्नुपर्छ।[१११]

---

१०८ धारा ३३
१०९ धारा ५७, ५८
११० धारा ५९, ६०
१११ धारा ६०

त्यस्तो व्यक्तिलाई पूर्वपुर्पक्ष चरणमा अन्तरिम रिहा (Interim release) को माग गर्ने अधिकार हुन्छ।[११२]

सुनुवाइ र पुर्पक्षको चरणमा विचार गर्नुपर्ने अर्को कुरा के छ भने रोम विधानले आरोपित व्यक्ति, पीडित र साक्षीहरूलाई केही अधिकारहरू प्रदान गरेको छ।[११३] अभियुक्तलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिले प्रत्याभूत गरेको स्वच्छ, सार्वजनिक र उचित समयभित्र सुनुवाइको हक रोम विधानले पनि प्रत्याभूत गरेको छ। यी अधिकारहरूमध्ये केही देहायबमोजिम छन्:-

- अभियुक्तलाई पुर्पक्षमा उपस्थित हुने हक हुने, अर्थात अभियुक्तको उपस्थितिमा मात्र पुर्पक्ष हुने,
- कानुनबमोजिम दोषी प्रमाणित नभएसम्म अभियुक्तलाई निर्दोष अनुमान गरिनु पर्ने,
- दोषी प्रमाणित गर्नुपर्ने भार अभियोक्तासँग रहने र दोष शङ्कारहित तवरले (Beyond reasonable doubt) प्रमाणित गरिनुपर्ने,
- अदालतको निर्णय लिखित हुनुपर्ने र त्यसमा आधार र कारणहरू उल्लेख हुनुपर्ने,
- सम्भव भएसम्म अभियुक्तको उपस्थितिमा फैसला, सजाय सुनाइनु पर्ने,
- आक्रमण हुन सक्ने वा जोखिममा रहेका (Vulnerable) साक्षी र पीडितलाई सुनुवाइको दौरानमा संरक्षण प्राप्त हुने,
- पीडितले पनि पुर्पक्ष र सुनुवाइको चरणमा व्यक्तिगतरूपमा वा कानुनव्यवसायीमार्फत उपस्थित भइ आफ्नो कुरा राख्न पाउने।

मुद्दाको पुर्पक्ष र सुनुवाइ पुर्पक्ष इजलास (Trial Chamber) ले गर्छ।[११४] सुनुवाइ प्रारम्भ हुनुअघि अभियुक्तलाई पूर्वपुर्पक्ष इजलासले निश्चित गरेका अभियोगहरू पढेर सुनाइन्छ।[११५] पुर्पक्ष स्वच्छ तथा छिटो छरितो रूपमा गर्नु पर्ने जिम्मेवारी इजलासको हुन्छ। इजलासले पुर्पक्षमा प्रयोग हुने भाषा, सो चरणसम्म खुलासा नभएका लिखत वा जानकारीको खुलासा गर्नेबारे निश्चय गर्छ। यस चरणमा इजलासले पक्षहरूसँग छलफल, साक्षीहरूको बकपत्र गराउने, गोप्य जानकारी तथा पीडित एवं साक्षी पेश

---

११२ धारा ६१

११३ धारा ५५, ६६, ६७, ६८

११४ धारा ६४

११५ धारा ६४ ८(क)

गराउने र तिनको उचित संरक्षणको आदेश पनि आवश्यकताअनुसार दिन सक्छ। सामान्यत: सुनुवाइ खुला इजलासमा गरिन्छ। तर साक्षी तथा पीडितको संरक्षणको लागि वा प्रमाण दिनु पर्ने गोप्य वा संवेदनशील जानकारीलाई संरक्षित गर्न विशेष परिस्थितिहरूमा आवश्यक भए खासखास कारबाही बन्द सत्रमा पनि गर्न सकिने व्यवस्था विधानमा गरिएको छ।[११६]

पुर्पक्षको चरणमा अभियोगहरू पढेर सुनाएपछि अभियुक्तले सो अभियोग र सोको प्रकृति बुझेको छ भन्ने कुरा सुनिश्चित गर्ने दायित्व पुर्पक्ष इजलासको हुन्छ। अभियुक्तलाई चुप लाग्ने हक विधानले प्रत्याभूत गरेको छ। अभियोग पढेर सुनाएपछि अभियुक्तले दोष स्वीकार वा अस्वीकार गर्न सक्छ। दोष स्वीकार गरेको स्थितिमा त्यस्तो स्वीकारोक्तिको प्रकृति र परिणाम अभियुक्तले राम्रोसँग बुझेको छ र सोपूर्व निजले आफ्नो कानुनव्यवसायीसँग परामर्श गर्ने पर्याप्त अवसर पाएको थियो, त्यस्तै स्वीकारोक्ति अभियोगसँग सम्बन्धित र पेश भएका प्रमाणहरूबाट समर्थित छ भन्ने कुरा सुनिश्चित हुनुपर्छ।[११७]

अभियुक्तले आरोप अस्वीकार गरेको खण्डमा आरोप प्रमाणित गर्नुपर्ने भार अभियोक्तासँग रहने कुरा माथि उल्लेख भइसकेको छ। यसको अतिरिक्त विधानमा अभियुक्तसँग प्रमाणको भार उल्टाउने वा खण्डन गर्ने भार रहने छैन भन्ने पनि स्पष्टसँग उल्लेख गरिएको छ।[११८]प्रमाण पेश गर्ने सन्दर्भमा सामान्यत: साक्षी आफै उपस्थित भइ बकपत्र गर्नु पर्छ। विशेष अवस्थामा बन्द सवाल, वा श्रव्य वा दृश्य प्रविधिमार्फत पनि बकपत्र हुन सक्छ।[११९] अभियुक्तलाई आफ्नो विपक्षी साक्षीसरह आफ्ना पक्षको साक्षीको बकपत्र गराउने, विपक्षको साक्षीको जिरह गर्ने आदि अधिकार रहन्छ। विधानले करकापसँग अन्तर्राष्ट्रिय रूपमा मानवको अधिकारको विरुद्ध हुने गरी सङ्कलन गरेको प्रमाण सोझै आग्राह्य हुन्छ भनेको छैन। त्यस्तो प्रमाण देहायको अवस्थामा मात्र अग्राह्य हुन्छ यदि:[१२०]

क) प्रमाणको विश्वसनीयतामा सो अतिक्रमणले सारभूत रूपमा शङ्का दर्शाउँछ वा

---

११६ धारा ६४(७), ६८
११७ धारा ६५
११८ धारा ६४(७), ६८
११९ धारा ६९
१२० धारा ६९(८)

ख) प्रमाणको ग्राह्यता कारबाही प्रक्रियाको निष्ठा (Integrity of the process) को प्रतिकूल हुन्छ वा त्यसमा गम्भीर रूपमा क्षति पुऱ्याउँछ,

अदालतको प्रक्रियालाई दुषित पार्ने, त्यसमा हस्तक्षेप गर्ने कार्यलाई विधानले न्याय प्रशासन विरुद्धको अपराध (Crime against administration of Justice) मानी उपयुक्त सजायको व्यवस्था गरेको छ।[१२१] यसअन्तर्गत देहायका कार्यहरू पर्छन्:

- झुठा बकपत्र गर्नु,
- साक्षीको उपस्थिति वा बकपत्रमा व्यवधान खडा गर्नु, हस्तक्षेप गर्नु, साक्षीलाई भ्रष्ट बनाउनु, प्रतिरोधमा उत्रनु,
- प्रमाण सङ्कलनमा हस्तक्षेप गर्नु, प्रमाण नष्ट गर्नु वा बिगार्नु,
- अदालतका पदाधिकारीलाई कर्तव्य पालनमा रोक्नु, अनुचितरूपले प्रभाव पार्नु, धम्की दिनु, प्रतिशोध लिनु,
- घुस माग्नु, दिनु, स्वीकार गर्नु आदि।

पुर्पक्ष कार्य समाप्त भएपछि न्यायाधीशहरूले मुद्दाको विषयमा दुवै पक्षको बहस सुनी, छलफल गरी निर्णयमा पुग्छन्। उनीहरू बीचको छलफल गोप्य रहन्छ। पेश भएको प्रमाण र कारबाही प्रक्रियाको मूल्याङ्कनमा निर्णय आधारित हुन्छ। निर्णय गर्दा लगाइएको अभियोग र सोसँग सम्बन्धित परिस्थितिभन्दा बाहिर जान मिल्दैन। निर्णय सकभर सर्वसम्मतिबाट गरिन्छ र त्यसो हुन नसकेमा बहुमतबाट हुन्छ। त्यस्तोमा बहुमत र अल्पमतको दृष्टिकोणहरू फैसलामा उल्लेख गरिन्छ। निर्णय वा त्यसको सारांश खुला इजलासमा सुनाइन्छ।[१२२] निर्णयमा पीडितले के कस्तो क्षतिपूर्ति कुनै अभियुक्तबाट पाउने भन्ने पनि उल्लेख हुनुपर्छ।[१२३]

३.५ पुनरावेदन र पुनरावलोकन

अभियुक्त दोषी ठहरिएमा वा अभियुक्त स्वयंले दोष स्वीकार गरेको स्थितिमा पुर्पक्षइजलासले सजाय तोक्नुअघि उपयुक्त सजायबारे पेश भएका प्रमाण र पक्षको तर्फबाट गरिएको बहस समेतलाई मध्यनजर गर्दै उपयुक्त सजायबारे विचार गर्नुपर्छ।

---

१२१ धारा ७० यसअन्तर्गत बढीमा पाँच वर्षसम्म कैदको सजाय हुन सक्छ।

१२२ धारा ७४

१२३ धारा ७५

अपराधको गम्भीरता बढाउने तत्त्वहरू, अभियुक्तको व्यक्तिगत परिस्थिति वा पीडितको दृष्टिकोण आदिलाई पनि सो चरणमा विचार गरिन्छ।[१२४] सजायसम्बन्धी सुनुवाइ अदालतले आफ्नै अग्रसरतामा वा पक्षहरूको अनुरोधमा गर्न सक्छ। सुनुवाइ समाप्त भएपछि खुला इजलासमा र भएसम्म अभियुक्तको उपस्थितिमा सजाय सुनाउनुपर्छ।

रोम विधानअन्तर्गतको कसुरमा अदालतले कसुरदार ठहर भएको व्यक्तिलाई ३० वर्षमा नबढ्ने गरी निश्चित वर्षको कारावास तोक्न सक्छ। तर अपराधको गम्भीरता र अभियुक्तको परिस्थिति हेरी जन्मकैद वा आजीवन कारावासको सजाय पनि अभियुक्तलाई हुन सक्छ। अदालतले जरिवाना र अपराधबाट प्राप्त गरेको सम्पत्ति, आम्दानी आदिको जफत गर्ने निर्णय गर्न सक्छ।[१२५]

पुर्पक्ष इजलासको निर्णयउपर पुनरावेदन इजलास (Appeal Chamber) मा पुनरावेदन लाग्छ। पुनरावेदनमा तथ्यको त्रुटि वा कानुनको त्रुटिबारे जिकिर गर्न सकिन्छ। यसबाहेक अभियुक्तको तर्फबाट गरिएको पुनरावेदनमा कारबाही वा निर्णयको स्वच्छता वा विश्वसनीयतालाई असर गर्ने अन्य कुनै कुरा एवं अपराध र सजाय बीच अनुपात नमिलेको कुराबारे पनि जिकिर गर्न सकिन्छ।[१२६] पीडितले क्षतिपूर्तिसम्बन्धी आदेशउपर पुनरावेदन गर्न सक्छ।[१२७]

पुर्पक्ष इजलासले अन्यथा आदेश दिएकोमा बाहेक पुनरावेदनको अवधिभर अभियुक्तले हिरासतमा नै रही पुनरावेदन गर्नुपर्छ। पुर्पक्ष इजलासले सफाइ दिएको स्थितिमा पनि अभियुक्त भागी जाने ठोस खतरा रहेको, कसुरको गम्भीरता तथा पुनरावेदनको सम्भावनालाई औंल्याउँदै अभियोक्ताले पुनरावेदन विचाराधीन रहुन्जेल अभियुक्तलाई थुनामा राख्न माग गर्न सक्नेछ।[१२८]

पुनरावेदनको सुनुवाइ गर्दा पुर्पक्ष इजलासको निर्णय पूरै वा आंशिक उल्टी हुने वा सजाय घट्ने लागेमा पुनरावेदन इजलासले अभियोक्ता वा अभियुक्तलाई छलफलको लागि वोलाउन सक्छ।[१२९] तर पुनरावेदन इजलासले अन्यथा आदेश दिएको अवस्थामा बाहेक पुनरावेदन दर्ता हुँदैमा पुर्पक्ष इजलासको निर्णय निलम्बन

---

१२४ धारा ७५, ७८
१२५ धारा ७७
१२६ धारा ८१
१२७ धारा ८२
१२८ धारा ८१
१२९ धारा ८३

वा स्थगन हुँदैन।[१३०] पुनरावेदन इजलासले सुनुवाइ पश्चात् पुर्पक्ष इजलासको निर्णय उल्टी वा संशोधन गर्न वा अर्को पुर्पक्ष इजलासबाट नयाँ पुर्पक्ष गर्ने आदेश जारी गर्न सक्छ।[१३१] त्यस्तै सजायउपर पुनरावेदन परेकोमा इजलासले सजाय घटाउन, संशोधन गर्न वा फेर्न सक्छ।

पुर्पक्षइजलासले जस्तै पुनरावेदन इजलासले पनि आफ्नो निर्णय र लिइएका आधारसहितको फैसला गर्नुपर्छ। न्यायाधीश मतैक्य नभएमा बहुमत र अल्पमतको दृष्टिकोण सुनाउनु पर्छ। तर कानुनको प्रश्नमा हरेक न्यायाधीशले आफ्नो बेग्लै राय सुनाउन सक्छ। निर्णय खुला इजलासमा सुनाउनु पर्छ तर निर्णय हुँदा अभियुक्तको उपस्थिति भने अनिवार्य हुँदैन।[१३२]

पुनरावेदनको सुनुवाइको अतिरिक्त पुनरावेदन इजलासले आफ्नो अग्रिम निर्णय देहायको अवस्थामा पुनरावलोकन समेत गर्न सक्छः-

- पुर्पक्षको समयमा पत्ता नलागेको वा उपलब्ध हुन नसकेको यस्तो प्रमाण पत्ता लागेको छ जुन सुनुवाइको अवस्थामा पेश हुन सकेको भए फैसलाको परिणाम अर्कै निस्कन सक्थ्यो। यस्तो प्रमाण पेश नहुनुमा निवेदन गर्ने पक्ष पूर्ण वा आशिंक कुनै रूपमा पनि जिम्मेदार छैन।
- पुर्पक्षको चरणका आधारमा गरिएको निर्णायक प्रमाण झुठो, कीर्ते वा असत्य छ भन्ने कुरा भरखरै पत्ता लागेको छ।
- निर्णयमा भाग लिने एक वा सोभन्दा बढी न्यायाधीश धारा ४६ अन्तर्गत निर्णयमा सहभागी हुन अयोग्य छन् भन्ने कुरा पत्ता लागेको छ।

यसरी पुनरावलोकन गर्दा सजाय पाएको व्यक्तिले नयाँ फेला परेको तथ्य वा प्रमाणको कारण गलत रूपमा सजाय पाएको रहेछ भन्ने देखिएमा त्यस्तो व्यक्तिले क्षतिपूर्ति पाउँछ। अन्य अवस्थामा पनि पुनरावेदन वा पुनरावलोकन गर्दा अदालतले उपयुक्त ठहराएको क्षतिपूर्ति दिन सक्छ।[१३३] अदालतले स्पष्ट र गम्भीर अन्याय भएको देखेमा अभियुक्तलाई आफ्नै तजबिजमा उपयुक्त ठहराएको क्षतिपूर्ति दिन सक्छ।[१३४]

---

१३० धारा ८२(३)
१३१ धारा ८३
१३२ धारा ८३
१३३ धारा ८५
१३४ धारा ८६

३.७ रोम विधानका व्यवस्था, नेपाली कानुन र गरिनुपर्ने सुधारहरू

रोम विधानको पक्ष हुनुको सबैभन्दा पहिलो र महत्त्वपूर्ण पक्ष विधानमा उल्लेख भएका, जातिहत्या, युद्धअपराध, मानवता विरुद्धको अपराध र आक्रमण (Aggression) र तीसँग सम्बन्धित अपूर्ण अपराध (Inchoate Crimes) वा न्याय प्रशासन विरुद्धका अपराधमा नेपालभित्र नै अनुसन्धान र अभियोजन गर्ने भन्ने हो। रोम विधानमा सदस्य राष्ट्रले राष्ट्रिय कानुनअन्तर्गत कसुर गर्ने व्यक्तिउपर अनुसन्धान र अभियोजन गर्न असमर्थ वा अनिच्छुक भएमा वा अपराधको अनुसन्धान र अभियोजन अपराध र अपराधीलाई जोगाउने वा ढाकछोप गर्ने उद्देश्यबाट गरिएको पाइएमा अदालतको क्षेत्राधिकारअन्तर्गत कसुरको अनुसन्धान प्रारम्भ गर्ने कुरा उल्लेख भएको छ। त्यस अर्थमा विधानअन्तर्गतको क्षेत्राधिकार प्रतिस्थापनजन्य नभई परिपूरक हो। विधानअन्तर्गतका मुद्दाहरूमा अनुसन्धान र अभियोजन गर्ने प्रथम जिम्मेवारी राज्यको हो भन्ने कुरा यस अघि नै स्पष्ट गरिसकिएको छ। साथै व्यक्तिउपर अदालतको क्षेत्राधिकार हुने र सदस्य राष्ट्रले अन्तर्राष्ट्रिय फौजदारी अदालतको विषयगत क्षेत्राधिकारमा आरक्षण गर्न नपाउने भन्ने व्यवस्था पनि रोम विधानमा गरिएको छ। त्यस दृष्टिबाट रोम विधानको पक्ष बनिसकेपछि राष्ट्रिय कानुनमा के कस्तो सुधार गर्नुपर्छ भन्ने कुराको गहिरो पारख गरिनु आवश्यक देखिएको छ। यसको अलावा अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई अपराधको अनुसन्धानमा, प्रमाणको सङ्कलन र संरक्षणमा तथा फैसला कार्यान्वयनमा सहयोग गर्नु पनि सदस्य राज्यको कर्तव्य हुन आउँछ। यस दृष्टिबाट रोम विधानका मुख्य मुख्य व्यवस्था, विद्यमान नेपाली कानुन, प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता, तथा फौजदारी कसुर सजाय (निर्धारण र कार्यान्वयन) ऐनका व्यवस्था र नेपाली कानुनमा गरिनु पर्ने सुधारबारे समीक्षा गर्नु राष्ट्रिय तयारीको सन्दर्भमा आवश्यक र प्रासङ्गिक देखिन्छ। त्यसैले यहाँ ती व्यवस्थाहरू बारे सूत्रबद्ध रूपमा उल्लेख गरिएको छ।

तुलनात्मक तालिका

रोम विधानको व्यवस्था	विद्यमान नेपाली कानुन	प्रस्तावित अपराध संहितामा गरिएका व्यवस्थाहरू	रोम विधानको दायित्व पूरा गर्नका लागि गरिनुपर्ने व्यवस्था
भाग २: अधिकारक्षेत्र, ग्राह्यता र लागु हुने कानुन			
जातिहत्या: धारा ६			
राष्ट्रिय, जनजातीय, जातीय वा धार्मिक समूहको पूर्ण वा आंशिक रूपमा विनाश गर्ने मनसायबाट गरिएका देहायको जुनसुकै कार्य • समूहको सदस्यको हत्या, • त्यस्तो समूहको भौतिक विनाश गर्ने मनसायबाट सदस्यउपर गम्भीर शारीरिक वा मानसिक क्षति पुऱ्याउने गरी गरिएका कुनै कार्य, • सो समुदायमा जन्म निरोध गर्ने दुरासयका साथ गरिने कुनै कार्य, • समूहका बालबालिकाहरूलाई बलजफ्ति अर्को समूहमा स्थानान्तरण गर्ने कार्य	यस बारेमा कुनै विशिष्ट कानुन छैन। मुलुकी ऐन नै आकर्षित हुने अवस्था रहेको छ।	परिभाषा छैन तर कुनै जात, जाति वा सम्प्रदायको अस्तित्त्व नै विनाश गर्ने, जातिहत्याको उद्देश्यले वा कुनै जात, जाति, धार्मिक वा सांस्कृतिक समुदाय विरुद्ध घृणा उत्पन्न गर्ने उद्देश्यले कसुर गरेमा कसुरको गम्भीरता बढ्छ- (परिच्छेद-४) त्यस्तो कार्य गर्ने व्यक्तिलाई आजीवन कैद हुन सक्ने (दफा ४०(ङ)	यसबारेमा रोम विधान कार्यान्वयन ऐनमा सोही परिभाषालाई अनुमोदन गर्ने गरी कानुनी व्यवस्था हुन आवश्यक पर्ने।

मानवता विरुद्धको अपराध: धारा ७			
कुनै गैरसैनिक जनसमुदाय विरुद्ध जानाजान लक्षित व्यापक वा योजनावद्ध आक्रमणको हिस्साको रूपमा गरिएका देहायको कुनै कार्य • हत्या, • उच्छेदन (Extermination), • दास बनाउने, • जनसमुदायको देश निकाला वा बलात् स्थानान्तरण, • अन्तर्राष्ट्रिय कानुनका आधारभूत नियम विपरीत काराबवासमा राख्ने वा मौलिक स्वतन्त्रताको वञ्चितीकरण, • यातना, • जबरजस्ती करणी, यौन दासता, करकापबाट गराइएको वेश्यावृत्ति, जबरजस्ती गर्भ बोकाउनु, जबरजस्ती बन्ध्याकरण, त्यस्तै प्रकृतिका गम्भीर प्रकृतिका यौनहिंसा।	मानवता विरुद्धको अपराध परिभाषित छैन तर हत्या, दास बनाउने कार्य, अपहरण, शरीर बन्धक, गैरकानुनी थुना, यातना, जबरजस्ती करणी आदिमा कानुनी व्यवस्थाहरू छन्।	हत्या, दास बनाउने, गैरकानुनी थुना, अपहरण, शरीर बन्धक, बेपत्ता पार्ने, यातनाको साथै भेदभाव तथा अपमानजनक व्यवहार, यौन दासता, जवरजस्ती वेश्यावृत्तिमा लगाउने, यातना, सामाजिक रीतिरिवाज खलल पार्ने आदि कार्य अपराध कायम।	यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा सोही परिभाषालाई अनुमोदन गर्ने गरी कानुनी व्यवस्था हुन आवश्यक पर्ने।

• यस धाराअन्तर्गतका कसुरको सिलसिलामा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध भनी मानिएको राजनीतिक, राष्ट्रिय, जातीय, जनजातीय, सांस्कृतिक, धार्मिक, लैङ्गिक वा अन्य आधारमा पहिचान्य समूह वा सामूहिकता विरुद्धको हेलत्वपूर्ण व्यवहार, • व्यक्तिहरूलाई जबरजस्ती बेपत्ता पार्नु, • रङ्भेदको अपराध, • मानसिक वा शारीरिक स्वास्थ्यमा गम्भीर चोट पुऱ्याउने मनसायबाट गरिएका त्यस्तै प्रकृतिका अमानवीय कार्य गर्नु।			

युद्धअपराधः धारा ८			
१) अदालतलाई खासगरी कुनै योजना वा नीतिको रूपमा व्यापकरूपमा गरिएका युद्धअपराधहरूका सन्दर्भमा अधिकारक्षेत्र हुने, २) विधानको सन्दर्भमा युद्धअपराध भन्नाले- क) सन् १९४९ को जेनेभा महासन्धिहरूको घोर उल्लङ्घन गरी त्यसअन्तर्गत संरक्षित व्यक्ति र सम्पत्ति विरुद्धका देहायका कार्यहरू • मनसाय प्रेरित हत्या, • जैविक परीक्षण लगायत यातना वा अमानवीय व्यवहार, • नियतबस ठूलो कष्ट वा शरीर वा स्वास्थ्यमा गम्भीर हानि पुऱ्याउने, • सैन्य आवश्यकताको दृष्टिबाट न्यायोचित नदेखिने र गैरकानुनी तरिका र जथाभावीरूपमा व्यापकरूपमा सम्पत्ति कब्जा वा ध्वस्त पार्ने,	यसबारे स्पष्ट कानुन छैन, तर सैनिक व्यक्तिले गैरसैनिक व्यक्ति उपर कानुनको परिधि बाहिर गई कुनै अपराधजन्य कार्य गरेमा मुद्दा चल्न सक्छ।	यस बारेमा स्पष्ट कानुन छैन, तर सैनिक कानुनको अख्तियारी बाहिर गई कुनै अपराधजन्य कार्य गरेमा मुद्दा चल्न सक्छ।	यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा सोही परिभाषालाई अनुमोदन गर्ने गरी कानुनी व्यवस्था हुन आवश्यक पर्ने।

• युद्धबन्दी वा संरक्षित व्यक्तिलाई शत्रु शक्तिको सेनामा सेवा गर्न बाध्य पार्नु, • युद्धबन्दी वा संरक्षित व्यक्तिलाई स्वच्छ सुनुवाइ र नियमित सुनुवाइबाट वञ्चित गर्नु। • गैरकानुनी निकाला, स्थानान्तरण, गैरकानुनी थुना, • बन्धक बनाउने, ख) अन्तर्राष्ट्रिय कानुनका स्थापित ढाँचाभित्र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लागु हुने कानुन र प्रथाहरूको गम्भीर उल्लङ्घन, अर्थात देहायका कार्यहरू, • युद्धमा प्रत्यक्ष भाग नलिएका गैरसैनिक उपर आक्रमण, • सैन्य लक्ष्य नरहेका गैरसैनिक बस्तु उपर मनसायपूर्वक आक्रमण,			

• मानवीय सहायता वा शान्ति स्थापना नियोगमा संलग्न कर्मचारीउपर आक्रमण, • गैरसैनिक व्यक्ति वा सामग्रीउपर आक्रमण र क्षति, • सुरक्षा घेरामा नरहेका र सैन्य लक्ष्य नरहेका शहर, गाउँ, आवास वा भवनहरूमा क्षति, • नि:शस्त्र, आत्मसमर्पण गरेका लडाकुउपर आक्रमण वा हत्या, • सैनिक चिह्न वा पोशाकको गलत प्रयोग, • गैरसैनिक समुदायको स्थानान्तरण, • सैनिक लक्ष्य नभएका ऐतिहासिक भवन, अस्पताल आदिमा आक्रमण, • प्रतिपक्षका व्यक्तिउपर चिकित्सकीय परीक्षण, • सैनिकहरूको षडयन्त्रपूर्वक हत्या,			

• शत्रु पक्षका नागरिकहरूका अधिकार र न्यायिक कार्यविधिको अदालतबाट बदर, निलम्बन वा अग्राह्यताको घोषणा, • शत्रु पक्षका नागरिकहरूको उनीहरूकै मुलुक विरुद्ध प्रयोग, • लुटपाट, • विष वा विषालु हतियारको प्रयोग, • विषाक्त ग्यासको प्रयोग, • छर्रायुक्त गोलीको प्रयोग, • पूर्णत: निषेधित हातहतियार, क्षेप्यास्त्र, बस्तु वा युद्धविधिको प्रयोग, • हिनताबोधक वा अपमानजनक व्यवहार,			

• जबरजस्ती करणी, यौनदासता, करकापबाट गराइएका वेश्यावृत्ति, जबरजस्ती गर्भ बोकाउनु, जबरजस्ती बन्ध्याकरण, त्यस्तै प्रकृतिका गम्भीर प्रकृतिका कार्य, • गैरसैनिकहरूलाई मानव ढालको रूपमा प्रयोग, • राहत आपूर्तिमा रोक लगाई नागरिकलाई भोकमरीमा पार्ने कार्य, • १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई सेनामा भर्ना गर्ने कार्य। ग) अन्तर्राष्ट्रिय चरित्र नभएको द्वन्द्वको हकमा चारवटा जेनेभा सन्धिको साझा धारा ३ को उल्लङ्घन गरी हतियार बिसाई द्वन्द्वमा सक्रिय रूपमा भाग नलिएका सशस्त्रबलका सदस्यहरू र बिरामी, घाउचोट, थुनछेक वा अन्य कुनै कारणले			

युद्धाहत (hors de combat) व्यक्तिहरूका विरुद्ध गरिएका देहायका कार्यहरू: • जीउ ज्यानउपरको आक्रमण, हत्या, यातना र निर्मम व्यवहार, • अपमानजनक व्यवहार, • बन्धक बनाउनु, • मुद्दा नचलाई सजाय गर्नु र त्यसको कार्यान्वयन गर्नु। घ) दफा २(ग) को व्यवस्था अन्तर्राष्ट्रिय चरित्र नभएको द्वन्द्वको हकमा लागु हुन्छ तर सामान्य तनाव, हुलदङ्गा, छिटपुट हिंसाका घटनामा लागु हुँदैनन् (ङ) अन्तर्राष्ट्रिय चरित्र नभएको द्वन्द्वमा कानुन र प्रथाको उल्लङ्घन गरी गरिएका देहायका कार्यहरू: • युद्धमा प्रत्यक्ष भाग नलिएका नागरिक वा आवादीहरूलाई आक्रमणको निशाना बनाउनु,			

• जेनेभा महासन्धिका विशेष चिह्न विरुद्ध आक्रमण, • मानवीय सहायता वा शान्ति स्थापना नियोगमा संलग्न कर्मचारीउपर आक्रमण, • धर्म, कला, शिक्षा, विज्ञानसम्बन्धी कार्यमा समर्पित भवन, स्मारक, अस्पताल आदिमा आक्रमण, • लुटपाट, • जबरजस्ती करणी, यौन दासता, करकापबाट गराइएको वेश्यावृत्ति, जबरजस्ती गर्भ बोकाउनु, जबरजस्ती बन्ध्याकरण, त्यस्तै प्रकृतिका गम्भीर प्रकृतिका कार्य, • १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई सेनामा भर्ना वा सैनिक काममा लगाउने कार्य, • गैरसैनिकहरूको स्थानान्तरण,			

• विपक्षी लडाकुको षडयन्त्रपूर्ण हत्या वा घाइते बनाउने कार्य, • आत्मसमर्पण गर्नेको जीवनदान नदिने घोषणा, • विपक्षको जीवन विरुद्ध चिकित्साजन्य वा वैज्ञानिक परीक्षण, • विपक्षीको सम्पत्तिको विनाश।			
अधिकारक्षेत्रः धारा ११			
• विधान लागु भएपछि भए गरेका कसुरको सम्बन्धमा मात्र लागु हुने • विधान जारी भएपछि सदस्य हुनेहरूको हकमा सदस्य बनेपछि भए गरेका कसुरको हकमा मात्र लागु हुने	प्रचलित कानुनले सजाय नहुने कुनै कार्य गरेमा व्यक्ति सजाय भागी नहुने - नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(४)		यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा व्यवस्था गरिनुपर्ने
अदालतको क्षेत्राधिकार प्रयोगका आधारहरूः धारा १२			
• सदस्य राज्यको क्षेत्रमा अपराध भएको वा अभियोग लागेको व्यक्ति	लागुऔषध, मानव बेचबिखन	यस बारेमा व्यवस्था	यस बारेमा रोम

सम्बन्धित राष्ट्रको नागरिक भएको स्थिति सदस्य नभैसकेको राष्ट्रले पनि क्षेत्राधिकार स्वीकार गर्न सक्ने।	आदिमा बाहिर क्षेत्रीय प्रभावसहित क्षेत्राधिकार कायम गरिएको	गरिएको छ - परिच्छेद १ दफा २	विधान कार्यान्वयन ऐनमा पनि व्यवस्था गरिनुपर्ने
क्षेत्राधिकारको प्रयोग: धारा १३			
अदालतको क्षेत्राधिकारको प्रयोग देहायको तरिकाले हुने- • राज्य पक्षको अनुरोधमा[१], • सुरक्षा परिषद्को सिफारिसमा[२], • अभियोक्ताले आफैले[३]।	छैन	छैन	यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा व्यवस्था गरिनुपर्ने
राज्य पक्षको सिफारिश: धारा १४			
क) खास व्यक्तिलाई अभियोजन गर्ने वा नगर्ने कुरा निर्धारण गर्ने प्रयोजनको लागि सो अवस्थाबारे अभियोक्ताद्वारा अनुसन्धान हुन राज्य पक्षले अनुरोध गर्न सक्ने,	छैन	छैन	धेरैजसो अवस्थामा अभियुक्त विदेशी हुँदा यस्तो सिफारिश गरिने हुन्छ, यसको

१ अदालतले अहिलेसम्म युगान्डा, कङ्गो, र सेन्ट्रल अफ्रिकी गणतन्त्रबाट गरी तिनवटा अनुरोध (referral)प्राप्त गरेको छ। यी अनुरोधहरू ती राज्यहरूले अन्य राज्यमा भएको घटनाबारे नभै आफ्नै मुलुकमा भएका घटनाबारे गरेका छन्।

२ सुरक्षा परिषद्को अनुरोधमा अहिले सम्म सुडानको डार्फोरर लिबियाको घटनामा अभियोक्तालाई अनुसन्धानको लागि अनुरोध गरिएको छ।

३ केन्यामा आम चुनाब पछि भएको द्वन्द्वमा हालै अभियोक्ताले अनुसन्धान प्रारम्भ गरेको छ।

ख) यस्तो सिफारिसमा सान्दर्भिक परिस्थितिको किटान गरिनेछ र भएसम्मका कागजातहरू राखिनेछ।	छैन	छैन	लागि के कस्तो परिस्थितिमा सिफारिश गर्ने, कसले गर्ने, प्रारम्भिक जिम्मेदारी कसको हो भन्ने बारे रोम विधान कार्यान्वयन ऐनमा व्यवस्था गरिनुपर्ने।
अभियोक्ता: धारा १५			
• अभियोक्ताले आफ्नै सूचनाका आधारमा अनुसन्धान गरेको स्थितिमा स्थानीय अदालतमार्फत प्रमाण सङ्कलन गर्न सक्ने, • अभियोक्ताको अनुरोधमा अनुसन्धान अघि बढाउन मनासिब आधार छ भन्ने पूर्वपुर्पक्ष इजलासलाई लागेमा अभियोक्तालाई अनुसन्धानको अनुमति दिन सक्ने।	छैन	छैन	यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा व्यवस्था गरिनुपर्ने।

ग्राह्यताका सवालहरू: धारा १७			
सदस्य राष्ट्र अनुसन्धान गर्न अनिच्छुक वा वास्तवमा असमर्थ भएमा बाहेक, स्थानीय रूपमा अनुसन्धान र अभियोजन गरिएको वा अभियोजन नगर्ने निर्णय गरिएको वा स्थानीय तहमा मुद्दा चलाइएकोमा पनि सम्बन्धित व्यक्तिलाई आपराधिक दायित्वबाट जोगाउने/लुकाउने उद्देश्यबाट चलाइएको वा स्वतन्त्रतापूर्वक वा निष्पक्षतापूर्वक पुर्पक्ष नगरिएको वा सम्बन्धित व्यक्तिलाई न्याय समक्ष ल्याउने उद्देश्यसँग असङ्गत देखिने स्थितिमा वा राष्ट्रिय न्यायिक प्रणालीको असफलता वा अनुपलब्धता बाहेक स्थानीय तहमा मुद्दा चलाइएको स्थितिमा अदालतको क्षेत्राधिकार आकर्षित नहुने (धारा २०(३)(ख) समेत अनुसार।	सरकारी मुद्दासम्बन्धी ऐनको दफा २९ यो सिद्धान्तसँग मिल्दैन।	प्रस्तावित फौजदारी कार्यविधि संहिताको दफा ११६ मा गम्भीर मुद्दा फिर्ता लिन नपाइने व्यवस्था	परिपुरकताको सिद्धान्तमा जोड दिंदै स्थानीय तहमा यथार्थमा स्वतन्त्रतापूर्वक अनुसन्धान र अभियोजन हुन्छ, अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सिद्धान्त अनुसार दोषीलाई उम्काउने होइन कि न्यायको कठघरामा उभ्याउने हिसाबबाट अनुसन्धान हुन्छ, कानुन कार्यान्वयन संस्था र न्यायपालिका

			स्वतन्त्र छन्, कोही पनि कानुनभन्दा माथि छैन भन्ने सुनिश्चित गर्न कानुनमा सुधार गरी राष्ट्रिय कानुनलाई सबल बनाइनु पर्ने।
ग्राह्यतासम्बन्धी प्रारम्भिक निर्णय: धारा १८			
• अभियोक्ताद्वारा अनुसन्धानको सूचना सम्बन्धित राज्यलाई दिनुपर्ने, • त्यसरी सूचना पाएको एक महिनाभित्र सम्बन्धित राज्यले आफूले अनुसन्धान गर्न लागेको कुराको सूचना दिएमा अभियोक्तालाई पूर्वपुर्पक्ष इजलासले अन्यथा आदेश दिएमा बाहेक छ महिनासम्म अनुसन्धान स्थगित गर्नुपर्ने	छैन	छैन	प्रमाण संरक्षण, साक्षी हुने व्यक्तिको संरक्षण सम्बन्धमा कार्यविधि, समय र धारा १९ अन्तर्गत अभियोक्ताको निर्णय उपर पुनरावेदनको व्यवस्था कानुनमा गर्नुपर्ने, रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनुपर्ने

- चुनौतीपूर्व सम्पन्न गरिएको कार्यको वैधानिकतामा असर नपर्ने, - नयाँ तथ्य फेला परेमा ग्राह्यताको निर्णयको पुनरावलोकन हुन सक्ने।			
अनावृत्ति (Ne bis in idem): **धारा २०**			
- अदालतबाट दोषी करार भइसकेको वा सफाइ पाइसकेको व्यक्तिलाई पुन अदालतमा पुर्पक्ष नगरिने, तर अदालतको क्षेत्राधिकार न्तरगतको मुद्दामा, क) सम्बन्धित व्यक्तिलाई आपराधिक दायित्वबाट जोगाउने उद्देश्यबाट मुद्दा चलाइएको वा ख) अनुसन्धान र अभियोजन मान्य उचित प्रक्रियाअनुसार स्वतन्त्र निष्पक्षरूपमा नभएको र सो व्यक्तिलाई न्याय समक्ष ल्याउने	छैन	छैन	रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनुपर्ने

अभिप्रायसँग असङ्गत तरिकाले मुद्दा चलाइएकोमा भने मुद्दा चल्न सक्ने।			
भाग ३: फौजदारी न्यायका सामान्य सिद्धान्तहरू			
कानुन विना अपराध नहुने - धारा २२ कानुनविना सजाय नहुने धारा - २३ पश्चात्दर्शी असर नहुने धारा - २४	यी सिद्धान्तहरू संविधान र कानुनमा स्वीकार गरिएका छन्	यी सिद्धान्तहरू प्रस्तावित अपराध संहितामा स्वीकार गरिएका छन्	
व्यक्तिगत फौजदारी दायित्व धारा २५, २७			
• विधानअन्तर्गतको कसुर आफैले गरेमा वा अरुसँग मिलेर वा अरुमार्फत गराएमा कसुरदार व्यक्तिगत रूपमा उत्तरदायी हुने, त्यस्तैगरी अपराधको उद्योग, षडयन्त्र, दुरुत्साहन गरेमा वा उकासेमा, मतियार भएमा पनि जिम्मेदार हुने।	छिटपुट व्यवस्था छन्	अपराधिक षडयन्त्र, उद्योग, दुरुत्साहन र मतियारलाई सजायको व्यवस्था- प्रस्तवित अपराध संहिताको परिच्छेद-३ दफा ३२-२६	गम्भीर फौजदारी अपराधमा राज्य वा सरकार प्रमुख, सरकार वा संसद्को सदस्य, वा निर्वाचित प्रतिनिधि वा सरकारी आपराधिक दायित्वबारे

• राज्य वा सरकार प्रमुख, सरकार वा संसद्को सदस्य, वा निर्वाचित प्रतिनिधि वा सरकारी अधिकारी भन्ने कुराले दायित्वमा फरक नपर्ने, कुनै उन्मुक्ति नहुने।			संविधानमा समेत संशोधन आवश्यक पर्ने:। रोम विधानअन्तर्गतको अपराधको हकमा रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने
नाबालक क्षेत्राधिकार बाहिर हुने: धारा २६			
कसुर गर्दाको समयमा १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरू अदालतको क्षेत्राधिकार बाहिर हुने।	१६ वर्षभन्दा बढी उमेरका व्यक्तिले पूर्ण फौजदारी दायित्व बेहोर्नुपर्ने	१० वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई कुनै सजाय नहुने, १८ वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई नाबालक मानी कम सजाय हुने - (दफा ४४)	रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनुपर्ने

समादेशक र अन्य तालुकवालाहरूको उत्तरदायित्व: धारा २८			
१) सैनिक समादेशक वा वस्तुत: समादेशकको रूपमा कार्य गर्ने व्यक्ति निजको नेतृत्व, नियन्त्रण वा अख्तियारीमा रहेको सेनाले गरेको कार्यको लागि देहायको अवस्थामा जिम्मेदार रहने: • त्यस्तो अपराध गरिरहेको वा गर्ने जानकारी भएको, • समादेशकले त्यस्तो अपराध रोक्न वा समन गर्न आफ्नो सामर्थ्य भित्रका सबै आवश्यक र उचित उपाय नअपनाएको तथा अनुसन्धान र अभियोजनका लागि सक्षम पदाधिकारीहरूसमक्ष सो विषय पेश नगरेको,	यस्तो कार्यलाई विद्यमान नेपाल कानुनले अपराध मानेको छैन	प्रस्तावित अपराध संहिताले पनि अपराध मानेको छैन	रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनुपर्ने

२) तालुकवाला र मातहतको सम्बन्धका सन्दर्भमा माथिको अवस्थामा बाहेक पनि उसको नियन्त्रण वा अख्तियारी रहेको मातहतका व्यक्तिले गरेको कार्यको लागि त्यस्ता मातहतका व्यक्तिहरूलाई सही तरिकाले नियन्त्रण गर्न नसकेको देहायको अवस्थामा तालुकवाला करसुरदार मानिने: • त्यस्तो अपराध गरिरहेको वा गर्दैछन् भन्ने तालुकवालालाई जानकारी थियो वा त्यस्तो सूचनालाई जानीबुझी उपेक्षा गरेको थियो, • ती अपराधहरू बस्तुत: सो तालुकवालाको जिम्मेदारी र नियन्त्रणभित्र रहेका गतिविधिसँग सम्बन्धित थिए,			

• त्यस्तो अपराध रोक्न वा समन गर्न आफ्नो सामार्थ्यभित्रका सबै आवश्यक र उचित उपाय नअपनाएको तथा अनुसन्धान र अभियोजनका लागि सक्षम पदाधिकारीहरूसमक्ष सो विषय पेश गरेको थिएन।			
हदम्याद: धारा २९			
अदालतको क्षेत्राधिकारअन्तर्गतका कसुरमा हदम्याद नलाग्ने	प्राय:जसो अपराधहरूमा कुनै न कुनै किसिमको हदम्याद लेखिएको छ।	सामान्यतया जघन्य र गम्भीर प्रकृतिका कसुरमा कुनै हदम्याद नलाग्ने	रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनुपर्ने
मानसिक तत्त्व: धारा ३०			
आपराधिक कार्यमा मनसायपूर्वक वा जानीजानी सहभागी भएमा व्यक्ति अपराधमा उत्तरदायी र सजायभागी हुने भन्दै मनसाय (intent) र ज्ञान (knowledge) को परिभाषा	यस्तो विस्तृत परिभाषा गरेको छैन	यस्तो विस्तृत परिभाषा गरेको छैन	अपराध संहिताको परिच्छेद-२ मा यससम्बन्धी व्यवस्था राखिनु राम्रो हुने,

गरेको छ, जस अनुसार मनसाय (intent) भन्नाले • कुनै कार्यको सन्दर्भमा सो कार्यमा संलग्न हुन चाहेको, • परिणामको सन्दर्भमा त्यस्तो परिणाम ल्याउन चाहेको वा सामान्यत: त्यस्तो परिणाम आउँछ भन्ने जानकारी भएको सम्झनु पर्ने, ज्ञान (Knowledge) भन्नाले:- • कुनै परिस्थिति विद्यमान छ वा सामान्यत: त्यस्तो परिणाम आउन सक्छ भन्ने चेत सम्झनु पर्ने।			साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने
फौजदारी दायित्वबाट बाहेक गर्ने आधार: धारा ३१			
• मानसिक रोगको कारण आफ्नो कार्यको प्रकृति र परिणाम थाहा नपाउने, • नशा सेवनको कारण आफ्नो	यी आधारहरू कानुनमा छन् तर त्यति विस्तृत छैनन्। सम्पत्तिको रक्षाको लागि केही गर्दा	• डर त्रासमा परी गरेको काम कसुर नहुने- (दफा २२) • आफ्नो वा अरु कसैको जिउ,	संहिताको व्यवस्थालाई परिमार्जित गरिनु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा

कार्यको प्रकृति र परिणाम थाहा नपाउने वा आफूलाई नियन्त्रणमा राख्न नसक्ने भएको	अपराध हुन गएमा दायित्वबाट उन्मुक्ति मिल्दैन। व्यक्तिगत वा सरकारी सम्पत्ति रक्षाको सिलसिलामा ज्यान मरे उन्मुक्ति मिल्ने व्यवस्था मुलुकी ऐन ज्यानसम्बन्धीको महलमा छ।	• ज्यान वा सम्पत्ति जोगाउन गरेको कार्य कसुर नहुने- (दफा २३) • निजी रक्षाको लागि गरेको कुनै काम कसुर नमानिने - (दफा २४)	उपयुक्त व्यवस्था राखिनु पर्ने
तथ्य वा कानुनको भ्रम: धारा ३२			
तथ्यको भ्रममा परी गरेको कुनै कामबाट अपराधिक दायित्व सिर्जना नहुने, यस्तोमा कसुरको लागि आवश्यक मनसाय तत्त्व नरहेको हुनुपर्ने।	स्पष्ट र खुला व्यवस्था छैन	तथ्यको भ्रममा परी कानुनबमोजिम गर्नुपर्ने वा क्षम्य मानिएको विश्वासमा परेर असल नियतले गरिएको काम कसुर नमानिने (दफा ८)	संहिताको व्यवस्थालाई परिमार्जन गरिनु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने

तालुकवालाको आदेश र कानुनको निर्देश: धारा ३३			
सैनिक वा नागरिक सरकार वा तालुकवालाको आदेशको कारण अपराध गरिएको भन्ने कुराले देहायको अवस्थामा बाहेक त्यस्तो अपराध गर्ने व्यक्तिलाई आपराधिक दायित्वबाट उन्मुक्ति नमिल्ने • त्यस्तो व्यक्ति आदेश पालन गर्न बाध्य थियो, • आदेश कानुन विपरीत थियो भन्ने सो व्यक्तिलाई थाहा थिएन।	यस सम्बन्धमा स्पष्ट व्यवस्था छैन	यस सम्बन्धमा स्पष्ट व्यवस्था छैन	रोम विधान कार्यान्वयन ऐनमा यस सम्बन्धमा स्पष्ट व्यवस्था गरिनु पर्ने
भाग ४: अदालतको बनोट र प्रशासन (धारा ३४ देखि ५२ सम्म)			यस भागका कुराहरूको बारेमा राष्ट्रिय कानुनमा सम्भवत: केही उल्लेख गरिनु आवश्यक पर्दैन

भाग ५: अनुसन्धान र अभियोजन			
अभियोक्ताको अनुसन्धानसम्बन्धी अधिकार र कर्तव्य : धारा ५४			
अभियोक्ताले गर्ने अनुसन्धान, प्रमाणको सङ्कलन, परीक्षण, अनुसन्धान गरिएको व्यक्ति, पीडित, साक्षीको उपस्थिति, प्रमाणको गोप्यता कायम राख्ने, नष्ट हुन नदिने सन्दर्भमा सहयोग माग्न सक्ने	यस सम्बन्धमा स्पष्ट व्यवस्था छैन	यस सम्बन्धमा स्पष्ट व्यवस्था छैन	अभियोक्ताले सहयोग मागेमा के कुन प्रकृयाद्वारा सहयोग गर्ने भन्ने बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने
अनुसन्धानको क्रममा व्यक्तिका अधिकारहरू: धारा ५५			
१) विधानअन्तर्गत अनुसन्धानको सिलसिलामा व्यक्तिलाई देहायको अधिकारहरू प्राप्त हुने: • आफ्नो विरुद्ध बयान दिन वा अपराध कबुल गर्नु नपर्ने, • यातना, दबाब, अपहेलनाजनक व्यवहार वा सजाय नगरिने,	अन्तरिम संविधानको धारा २४ मा केही व्यवस्थाहरू छन्	अपराध संहिताको परिच्छेद-२ मा केही व्यवस्थाहरू छन्	विधान अनुरूप मिलाइनु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनुपर्ने

• आफूले बुझ्ने भाषामा प्रश्न सोधिने, अनुवादक वा दोभाषेको सुविधा पाउने • स्वेच्छाचारी पक्राउ र थुना विरुद्धको अधिकार २) कुनै व्यक्तिले अपराध गरेको विश्वास गर्नुपर्ने कारण परेको र अभियोक्ताद्वारा वा राष्ट्रिय अधिकारीहरूद्वारा सोधपुछ गर्नुपर्ने भएमा निजलाई देहायको अधिकारहरू हुने कुराको जानकारी गराइनु पर्ने: • परिचयलगायत कुनै विषयमा सोधपुछ गर्नुपूर्व सो गर्नुपर्ने कारणको जानकारी दिने, • चुप रहने हक र सो कुरा दोष वा निर्दोषिताको निश्चय गर्ने आधार नहुने,			

• सम्बन्धित व्यक्तिले नै स्वेच्छाले त्यस्तो हक त्यागेमा बाहेक आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाहगर्ने र कानुनी सहायता पाउने हक • कानुनी सल्लाहकारको उपस्थितिमा सोधपुछ गरिने हक।			
अद्वितिय अनुसन्धानका सम्बन्धमा पूर्वपुर्पक्ष इजलासको भूमिका: धारा ५६, धारा ५७			
• अद्वितीय अनुसन्धानका सम्बन्धमा धेरै भूमिकामध्ये अभियोक्ताको अनुरोधमा वा आफ्नै अगुवाइमा अनुसन्धानको अवलोकन गर्ने वा प्रमाणको सङ्कलन, संरक्षण र सोधपुछ गर्ने सम्बन्धमा पूर्वपुर्पक्ष इजलासले निर्देशन दिने वा सो गर्न न्यायाधीश खटाउने-धारा ५६(२)(ङ)	कानुनमा त्यस्तो व्यवस्था छैन	अपराध वा फौजदारी कार्यविधि संहितामा त्यस्तो व्यवस्था छैन	त्यस्तो व्यवस्था छैन, तर पूर्ण न्यायको लागि जरुरी छ, त्यसैगरी अभियुक्तको पक्राउ, प्रमाण सङ्कलन, संरक्षण, साक्षी एवं पीडितको संरक्षण र हितको रक्षा सन्दर्भमा

			अदालतलाई सहयोग गर्ने बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने
पूर्वपुर्पक्ष इजलासद्वारा पक्राउको वारेन्ट वा समाह्वान जारी गर्ने र त्यसको कार्यान्वयन गर्ने : धारा ५८, ५९			
अभियोक्ताको अनुरोधमा पूर्वपुर्पक्ष इजलासद्वारा पक्राउ आदेश, अस्थायी पक्राउ आदेश वा समाह्वान जारी गर्न सक्ने, त्यस्तो आदेश वा समाह्वान प्राप्त भएमा राज्य पक्षले कार्यान्वयन गर्न तुरुन्त कदम चाल्नु पर्ने र व्यक्तिलाई पक्राउ गर्नु पर्ने	छैन	फौजदारी कार्यविधि संहितामा निश्चित अवस्थामा बाहेक अदालतको अनुमति लिएर मात्र पक्राउ गर्न सकिने व्यवस्था गरिएको-(परिच्छेद ६)	सहयोगको लागि अनुरोध भै आएमा आवश्यक विवरण माग गर्ने, पक्राउ आदेश वा समाह्वानको कार्यान्वयन र कार्यान्वयनका सर्त समेत उल्लेख गरी रोम विधान कार्यान्वयन ऐनमा

			उपयुक्त व्यवस्था राखिनु पर्ने
आरक्षक राज्य (Custodial Sate) **ले पक्राउ गर्ने कार्यविधि : धारा ५९**			
१.अन्तरिम पक्राउ वा पक्राउ वा समर्पणको आदेश प्राप्त गर्ने राज्यले तुरुन्तै सो व्यक्तिलाई पक्राउ गरी सम्बन्धित सक्षम अदालतमार्फत उचित प्रकृया प्रारम्भ गरी देहायको कार्य गर्ने: • उसको परिचय यकिन गर्न • उचित प्रकृयाद्वारा पक्राउ परेको छ भन्ने सुनिश्चित गर्न • उसका अधिकारहरूको सम्मान गरिएको छ भन्ने सुनिश्चित गर्न २.पक्राउ परेको व्यक्तिलाई अन्तरिम छुटकाराको माग गर्ने अधिकार हुने र सो बारे सुनुवाइको व्यवस्था हुनुपर्ने (तर राज्य पक्षका न्यायिक अधिकारीहरूलाई	यस सम्बन्धमा कानुनमा व्यवस्था छैन	यस सम्बन्धमा व्यवस्था छैन	पक्राउ गरिएको मानिस पक्राउ आदेशमा नाम उल्लेख भएको व्यक्ति होइन भन्ने देखिएमा सो अदालतसँग परामर्श गर्ने र पक्राउ परेको व्यक्तिका अधिकार सम्मान गरिन्छन् भन्ने र अन्तरिम छुटकारा दिन सकिने आधार र कार्यविधि सहित रोम विधान

अदालतद्वारा जारी गरिएको वारेन्ट सही किसिमबाट जारी भएको छ वा छैन भनी परीक्षणगर्ने अधिकार नहुने			कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने
भाग ६: पुर्पक्ष			
अभियुक्तको अधिकार: धारा ६७			
अभियुक्तलाई स्वच्छ सार्वजनिक सुनुवाइको हक हुने, जसअन्तर्गत देहायका अधिकारहरू पूर्ण समानताका साथ प्रयोग गर्न पाउने: • निजले बुझ्ने भाषामा आरोप थाहा पाउने, • प्रतिरक्षाको लागि पर्याप्त समय र कानुनव्यवसायीको सल्लाह पाउने • बिनाविलम्व सुनुवाइ गरी पाउने • कानुनी सहायता पाउने • समान अवस्थामा साक्षीलाई जिरहको अवसर पाउने	धेरैजसो यी हकहरू अन्तरिम संविधानमा छन्	धेरैजसो यी हकहरू अपराध संहितामा छन्	यी हकहरूलाई रोम विधान अनुरूप विस्तृत बनाइनु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने

• दोभासेको नि:शुल्क प्राप्ति गर्ने • चुप रहने र आफ्नो विरुद्ध बयान दिनु नपर्ने हक • आफ्नो प्रतिरक्षामा विना सपथको बयान दिने हक • प्रमाणको भार नसर्ने हक			
पीडित र साक्षीको संरक्षण: धारा ६८			
• पीडित र साक्षीको शारीरिक तथा मानसिक सुरक्षा, प्रतिष्ठा र गोप्यताको संरक्षण, आवश्यकता अनुसार गोप्य सुनुवाइ, विद्युतीय तथा अन्य प्रविधिको प्रयोग, जहाँ जरुरी हुन्छ, पीडित नभई पीडितका प्रतिनिधिमार्फत प्रतिनिधित्व, पीडित उपर गम्भीर खतरा हुने भएमा पुर्पक्षसम्म साक्षीको भनाईलाई खुलासा नगरी राख्ने	यस सम्बन्धमा कानुनमा व्यवस्था छैन	फौजदारी कार्यविधि संहितामा सुरक्षाको कारणले अदालतमा उपस्थित गराउन नसकिने साक्षीलाई श्रव्य दृश्य माध्यमद्वारा परीक्षण गर्न सकिने- (दफा १८५, १८६), साक्षीले सुरक्षाको खतरा भएमा अदालतमा सुरक्षाको लागि निवेदन दिन सक्ने- (दफा १०९, ११४)	पीडित र साक्षी न्यासकोषको स्थापना, साक्षी सुरक्षा इकाइ वा संयन्त्र, साक्षी सुरक्षा योजना लगायत रोम विधानसँग मिल्दो व्यवस्था राखिनु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने

• राज्यले आफ्ना कर्मचारी, एजेन्ट तथा गोप्य एवं संवेदनशील सूचनाको रक्षा गर्न आवदेन गर्न सक्ने		पीडितको परिचय गोप्य राख्न सकिने- (दफा १८४), पीडित राहत क्षतिपूर्ति कोषको व्यवस्था फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन- दफा ४८	
प्रमाणः धारा ६९			
अन्य कुराहरूका अतिरिक्त श्रव्य-दृश्यको माध्यमद्वारा मौखिक प्रमाण प्रस्तुत गर्न अदालतले अनुमति दिन सक्ने मानवअधिकार कानुनको उल्लङ्घन गरी प्राप्त गरिएको प्रमाण देहायको अवस्थामा प्रमाण ग्राह्य नुहने- • त्यस्तो उल्लङ्घन प्रमाणको विश्वसनीयतामा गम्भीर शङ्का उत्पन्न गर्छ, • प्रमाण स्वीकार गरिँदा कारबाहीको पवित्रताको विरुद्ध हुन्छ वा गम्भीररूपमा आँच पुऱ्याउँछ	प्रमाण ऐनले जबरजस्ती सङ्कलन गरेको प्रमाण सोझै आग्राह्य भन्दैन - दफा ९	केही व्यवस्था छैन, प्रमाण ऐनमा सुधार गर्नुपर्ने सुझाव दिइएको	के कस्ता प्रमाण ग्राह्य मान्ने, कस्ता प्रमाणको गोप्यता कायम गर्ने, के कस्ता तरिकाबाट प्रमाण सङ्कलन गर्ने आदि बारे व्यवस्था गरिनु पर्ने

न्याय प्रशासन विरुद्धको कसुर: धारा ७०			
१) अन्तर्राष्ट्रिय रूपमा न्याय प्रशासन विरुद्ध देहायको कसुर गरेमा अदालतलाई अधिकार हुने • सत्य बोल्नु पर्ने दायित्वको विपरित झुठा बयान दिने • गलत वा झुठा हो भन्ने जान्दा जान्दै गलत प्रमाण पेश गर्ने • साक्षीलाई गलत तरिकाले प्रभाव पार्ने, उसलाई अदालतमा उपस्थित हुन र बयान दिनबाट रोक्ने, प्रमाण बिगार्ने वा नष्ट गर्ने, • अदालतका कर्मचारीलाई आफ्नो कर्तव्य गर्नबाट रोक्ने, नगर्नको लागि हतोत्साही पार्ने, संम्झाउने वा गलत तरिकाले प्रभाव पार्ने,	साक्षीलाई झुठा बकेमा सजाय हुने बारेको प्रभावहीन व्यवस्था बाहेक हाल खासै व्यवस्था छैन	सार्वजनिक न्याय विरुद्धको कसुर बारे विस्तृत व्यवस्था छ- परिच्छेद ४	अदालतले पनि राज्य पक्षलाई स्थानीय अदालतमा मुद्दा चलाउन अनुरोध गर्न सक्ने हुँदा कार्यविधि र प्रमाणसम्बन्धी नियमहरूको नियम १६२-१७२ का व्यवस्था समेतलाई दृष्टिगत गरी सजाय कार्यान्वयन र न्यायिक सहयोग समेतलाई दृष्टिगत गरी अपराध संहिता र रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

• अदालतको न्यायाधीश वा कर्मचारीले गरेको कार्य विरुद्ध प्रतिशोधमा उत्रने • अदालतका कर्मचारीको रूपमा घुस माग्ने वा लिने २) यसअन्तर्गतको क्षेत्राधिकारको प्रयोग प्रमाण र कार्यविधिसम्बन्धी नियम अनुसार हुनेछ। अदालतलाई अन्तर्राष्ट्रिय सहयोग गर्ने कुरा राज्यको कानुन अनुसार हुनेछ			
अदालतसमक्ष खराब आचरण गरेमा सजाय: धारा ७१			
अदालतमा उपस्थित पक्षले अदालतको कारबाही विथोलेमा, आदेशको जानीजानी अवज्ञा गरेमा अदालतले इजलासबाट हटाउन र कैदबाहेक अन्य सजाय गर्न सक्ने	अदालतको अपहेलनामा कारबाही हुन सक्छ	छुट्टै व्यवस्था छैन	रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
तेश्रो पक्षसँग सम्बन्धित सूचना वा कागजात: धारा ७३			
कुनै सदस्य राष्ट्रसँग तेश्रो पक्षसँग सम्बन्धित सूचना वा कागजात भएमा त्यस्तो			

राज्यको स्वीकृतिबेगर अदालतलाई देखाउन नहुने	छुट्टै व्यवस्था छैन	छुट्टै व्यवस्था छैन	रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनुपर्ने
पीडितको हानिपुरण (Reparation): **धारा ७५**			
• अदालतले पीडितको हानिपुरणको लागि सिद्धान्त कायम गर्ने (हानीपूरणअन्तर्गत क्षति भएको सामान फिर्ता (Restitution) क्षतिपूर्ति, पुन: उद्धार पर्दछन्) • अदालतले कसुरदारलाई सोझै वा ट्रष्ट फन्ड मार्फत हानिपूरणको आदेश दिन सक्ने • अदालतले सो गर्नुअघि कसुरदार, पीडित, सरोकारवाला व्यक्ति र सम्बन्धित राज्यको कुरा सुन्न सक्ने	क्षतिपूर्ति सम्बन्धमा छिटपुट व्यवस्था छन्	अन्तरिम क्षतिपूर्तिको व्यवस्था -(दफा ४८) कसुरदारले क्षतिपूर्ति तिर्न मञ्जुर भएमा सजाय घट्न सक्ने - (दफा ३८) क्षतिपूर्तिलाई न्यायप्रणालीको अभिन्न अङ्गको रूपमा आत्मसात गरिएको- (परिच्छेद-६)	अपराध संहिताको कार्यान्वयन हेर्नु पर्ने, रोम विधानको धारा १०९ अन्तर्गत फैसला कार्यान्वयन गर्ने जिम्मेदारी बारे रोम विधान कार्यान्व्यन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

सजाय: धारा ७६			
सजाय निर्धारण सम्बन्धमा छुट्टै सुनुवाइ हुन सक्ने	छुट्टै सुनुवाइको व्यवस्था छैन	प्रस्तावित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयकमा यस्तो व्यवस्था गरिएको छ	कार्यान्वयन हेर्नु पर्ने साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
भाग ७: सजाय			
हुन सक्ने सजाय: धारा ७७			
• ३० वर्षसम्म कैद हुन सक्ने, • अति गम्भीर कसुरमा परिस्थिति हेरी आजीवन कैद पनि हुन सक्ने • जरिवाना र सम्पत्ति जफतको आदेश पनि अदालतले दिन सक्ने।	जन्मकैद, २० वर्षको कैद	जन्मकैद ३० वर्ष र केही अपराधमा जस्तो क्रुर किसिमको ज्यान, जनसंहार, जातिहत्या, आदिमा कसुरदार जीवित रहेसम्म कैदको व्यवस्था (दफा ४०) कसुर गरी प्राप्त गरेको सम्पत्ति र कसुर गर्न प्रयोग भएको साधन जफत गरिने (परिच्छेद-६, दफा ४१-५९)	कार्यान्वयन हेर्नु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

सजाय निर्धारण: धारा ७८			
सजाय निर्धारण गर्दा गम्भीरता बढाउने तत्त्व र कसुरदारको व्यक्तिगत परिस्थितिको विचार गर्नुपर्ने	सिद्धान्तत: यो कुरा स्वीकार गरिएको छ।	अपराध संहिताको परिच्छेद ४, ५ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयकमा विस्तृत व्यवस्थाहरू गरिएका छन्	कार्यान्वयन हेर्नु पर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनुपर्ने
न्यास कोष (Trust fund): **धारा ७९**			
पीडितको लागि न्यास कोषको स्थापना गरिने, त्यसमा जरिवाना वा जफत गरिएका सम्पत्तिहरू जम्मा हुन सक्ने	यस्तो व्यवस्था छैन	फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयकमा पीडित राहत र क्षतिपूर्ति कोषको व्यवस्था प्रस्ताव गरिएको।	कार्यान्वयन हेर्नुपर्ने, साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
भाग ८: पुनरावेदन र पुनरावलोकन			
निर्णय विरुद्धको पुनरावेदन: धारा ८१			
निर्णयउपर दोषी करार भएको व्यक्तिको तर्फबाट पुनरावेदन गर्न सकिने, अभियोक्ता समेतले कानुन, कार्यविधि, तथ्य र निर्णयको स्वच्छता, विश्वसनीयता, अपराध र सजाय	करिब करिब यी सबै विषयमा पुनरावेदनको व्यवस्था छ।	करिब करिब यी सबै विषयमा पुनरावेदनको व्यवस्था छ: कार्यविधि संहिता परिच्छेद १४	रोम विधान कार्यान्वयन ऐनमा समेत उपयुक्त व्यवस्था गरिनु पर्ने

बीच अनुपात नमिलेको विषयमा समेत पुनरावेदन गर्न सक्ने			
अन्य निर्णय विरुद्धको पुनरावेदन: धारा ८२			
अधिकारक्षेत्र वा ग्राह्यता बारेको निर्णय, पूर्वपुर्पक्ष इजलासको आफ्नै सक्रियतामा गरेको कारबाही गर्ने निर्णय गरेको विषय, कारबाहीको स्वच्छताको प्रश्नमा सम्बन्धित राज्य पक्ष, अभियोक्ता र सम्बन्धित व्यक्तिले पुनरावेदन गर्न सक्ने	यो अ.वं. १७ नं.को व्यवस्थाअन्तर्गत सिमित रूपमा पुनरावेदन सुन्ने अदालतले हेर्ने।	सिमित रूपमा कानुनी प्रश्नमा	यस्तो व्यवस्था कानुनमा हुनु राम्रो, साथै रोम विधान कार्यान्वयन विधान कार्यान्वयन ऐनमा समेत उपयुक्त व्यवस्था गरिनु पर्ने
क्षतिपूर्तिको आदेशउपर पीडित, अभियुक्त, मर्का पर्ने सम्पत्तिको मालिकले पुनरावेदन गर्न सक्ने	यस्तो व्यवस्था छैन	यस्तो व्यवस्था छैन	
पक्राउ वा सजाय पाएको व्यक्तिलाई क्षतिपूर्ति: धारा ८५			
• गैरकानुनी पक्राउ र थुनामा परेको व्यक्तिलाई क्षतिपूर्तिको अधिकार हुने	यस्तो व्यवस्था छैन	यस्तो व्यवस्था छैन	यस्तो व्यवस्था संहितामा गर्नु बाञ्छनीय देखिन्छ,

• सजाय पाएको व्यक्तिको हकमा नयाँ तथ्य वा प्रमाण उद्घाटित भएको कारण निजलाई गम्भीर अन्याय भै न्याय तुहिएको (Miscarriage of Justice) देखिएमा, त्यस्तो तथ्य वा प्रमाण निजको कारण नै प्रकट हुन नसकेको भएमा बाहेक क्षतिपूर्ति दिइने			साथै रोम विधान कार्यान्वयन ऐनमा समेत उपयुक्त व्यवस्था गरिनु पर्ने
भाग ९: अन्तर्राष्ट्रिय सहयोग र न्यायिक सहायता			
सहयोग गर्नुपर्ने सामान्य दायित्व: धारा ८६			
विधानअन्तर्गत राज्य पक्षले विधानअन्तर्गतका अपराधको अनुसन्धान र अभियोजनमा पूर्ण सहयोगको दायित्व स्वीकार गर्दछन्	यस्तो व्यवस्था छैन	यस्तो व्यवस्था छैन	यो व्यवस्था भाग ९ सँग मात्र सम्बन्धित नभइ विधानका सम्पूर्ण व्यवस्थासँग सम्बन्धित हुदा र विधानले पूर्ण

			सहयोगको अपेक्षा गरेको हुदा यो दायित्व राम्रोसँग पूरा गर्न रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
सहयोगको अनुरोध: धारा ८७			
• अदालतले सहयोगको अनुरोध कुटनीतिक वा सदस्यले तोकेको उपयुक्त माध्यममार्फत पनि गर्न सकिने, • अनुरोध गरिएको राज्य पक्षले सहयोगको अनुरोध र सोसँग सम्बन्धित कागजात, त्यस्तो सहयोगको कार्यान्वयनको लागि आवश्यक पर्नेमा बाहेक गोप्य राख्नु पर्ने	यस्तो व्यवस्था छैन	यस्तो व्यवस्था छैन	त्यसको लागि कार्यान्वयन कानुनमा फोकल प्वाइन्ट तोक्नु पर्ने अनुरोधको भाषा के हुने, अनुरोधको गोप्यता, सूचनाको संरक्षण, पीडित र साक्षीको संरक्षण आदि विषयमा रोम विधान

• पीडित, सम्भावित साक्षी र तिनका परिवारको शारीरिक वा मनोवैज्ञानिक सुरक्षा तथा हित सुनिश्चित गर्न राज्यले आफूसँग भएको वा नियन्त्रणमा रहेको सूचना गोप्य राख्नको लागि अनुरोध गर्न सकिने			कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
राष्ट्रिय कानुनअन्तर्गत कार्यविधिः धारा ८८			
विधानअन्तर्गत सबै खाले सहयोगको लागि राष्ट्रिय कानुनमा आवश्यक कार्यविधि बनाउनु सो राज्यको दायित्व हुने	यस्तो व्यवस्था छैन	यस्तो व्यवस्था छैन	राष्ट्रिय कानुनमा त्यस्तो कार्यविधि हुनुपर्ने, रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
अदालत समक्ष समर्पणः धारा ८९			
• अदालतले व्यक्तिको पक्राउ र समर्पणको लागि त्यस्तो व्यक्ति भएको सदस्य राज्यलाई अनुरोध	छैन	छैन	त्यस्तो अनुरोध आएमा अवलम्वन गरिने कार्यविधि र

• गर्न सक्ने, त्यस्तो अनुरोध आएमा सहयोग गर्नु सो राज्यको कर्तव्य हुने • समर्पण गरिने तेश्रो राज्यको व्यक्तिलाई आफ्नो मुलुक हुँदै लैजान अर्थात पारवहनको सुविधा राज्य पक्षले दिनुपर्ने[४]			सुनुवाइको व्यवस्था, समर्पण गर्न लागिएको मानिसले अदालतमा दोहोरो खतरा भयो भनी चुनौती दिएमा गरिने सुनुवाइ, अदालतसँग गरिने सोधपुछ र समर्पण, समर्पणमा आफ्नो भूभागको प्रयोग, समर्पण गर्न लागेको व्यक्ति अन्य अपराधमा सजाय भोगिरहेको भए के गर्ने भन्ने आदि सम्बन्धमा रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

४ यस्तो अवस्था पक्राउ परेको अभियुक्त र सजाय पाएको व्यक्ति दुवैको हकमा पर्न सक्छ।

प्रतिस्पर्धी अनुरोधहरू: धारा ९०			
• समर्पणको अनुरोध प्राप्त गर्ने सदस्य राष्ट्रले अर्को राज्यबाट पनि सुपुर्दगीको अनुरोध प्राप्त गरेमा सो कुराको सूचना अदालत र त्यस्तो राज्यलाई दिनुपर्ने, यस्तोमा अदालतले मुद्दा चलाउने कुराको निश्चय गरिसकेको कुरा र सो गर्दा सुपुर्दगीको माग गर्ने राज्यमा चलाइएको मुद्दा बारे पनि ध्यान दिइएको भएमा अदालतको अनुरोधलाई नै सदस्य राष्ट्रले प्राथमिकता दिनुपर्ने • यदि अदालतले मुद्दा चलाउने कुराको निश्चय गरिनसकेको भए सो कुराको निश्चय नभएसम्म कुर्नुपर्ने	छैन	छैन	समर्पण र प्रतिस्पर्धी समर्पणको अनुरोध भई आएमा के कस्तो कार्यविधि अवलम्बन गर्ने, के कस्ता कागज प्रमाण खोज्ने, समर्पण वा सुपुर्दगी के गर्ने र सो गर्दा के कस्ता कुराहरूलाई विचार गर्ने भन्ने बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

पक्राउ र समर्पणको अनुरोधमा पर्नु पर्ने कुराः धारा ९१			
१.पक्राउ र समर्पणको अनुरोध लिखित रूपमा गरिनुपर्ने, तुरुन्तै लिखित रूपमा गर्न नसकिने भएमा रेकर्ड गर्न सकिने कुनै माध्यमबाट गरिनु पर्ने, २.त्यस्तो अनुरोधमा देहायका कुराहरू पर्नु पर्ने : • त्यस्तो व्यक्तिको परिचय र वतन खुल्ने विवरण • पक्राउ पुर्जीको प्रतिलिपि • सम्बन्धित देशमा समर्पण कार्यविधि पूरा गर्नको लागि चाहिने कागजात • पहिल्यै नै सजाय पाइसकेको व्यक्तिको हकमा गडाउ फैसलाको प्रतिलिपि	छैन	छैन	पक्राउ र समर्पणको कार्यविधि तोक्ने, कस्ता कागजात माग्ने,पक्राउ र समर्पणको के कस्तो कार्यविधि अनुशरण गर्ने भन्ने बारेमा रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

• सजाय तोकिसकिएको व्यक्तिको हकमा सजाय तोक्ने फैसला, सजाय तोकिसकिएकोमा लागेको सजाय र सोमध्ये कति भोगिसकेको छ र कति भोग्न बाँकी छ भन्ने कुरा			
अस्थायी पक्राउः धारा ९२			
अत्यन्त जरुरी भएमा अदालतले व्यक्तिको अस्थायी पक्राउको अनुरोध गर्न सक्ने, त्यस्तो अनुरोध रेकर्ड हुने कुनै माध्यमबाट गर्न सकिने, त्यस्तो अनुरोधमा देहायका कुराहरू पर्नुपर्नेः- • त्यस्तो व्यक्तिको परिचय र वतन खुल्ने विवरण • जुन अपराधमा पक्राउ गर्न खोजिएको हो सोको सङ्क्षिप्त विवरण, तथ्य, जहाँ सम्भव छ अपराध भएको स्थान र मिति • वारेन्ट वा गढाउको फैसला भएमा सोसम्बन्धी कुरा	छैन	छैन	अनुरोधको आधिकारिता सुनिश्चित गर्न र यो दायित्व राम्रोसँग पूरा गर्न आवश्यक व्यवस्था अपराध संहिताको साथै रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

• समर्पणको अनुरोध पछि पठाइने कुरा पक्राउ गर्ने राष्ट्रले समर्पणको लागि आवश्यक पर्ने कागजात अनुरोध गरिएको ६० दिनभित्र नपाएमा पक्राउ परेको व्यक्तिलाई छाड्न सक्ने, तर त्यस्तो कागज प्राप्त हुनुभन्दा पहिला पक्राउ परेको व्यक्तिले समर्पणको लागि मञ्जुरी जनाउन सक्ने, त्यस्तो मञ्जुरी भएमा त्यस्तो व्यक्तिलाई समर्पण गर्नुपर्ने।			
सहयोगका अन्य तरिका: धारा ९३			
अनुसन्धान र अभियोजनको सन्दर्भमा अदालतद्वारा गरिएको देहायको अनुरोधलाई सदस्य राष्ट्रले आफ्नो मुलुकको कानुनमा व्यवस्था भएबमोजिम सहयोग गर्नुपर्ने: • व्यक्तिको परिचय र निज वा सोधिएको चिज वा वस्तु कहाँ छ भन्ने कुरा देखाउने			

• प्रमाण सङ्कलन र प्रस्तुत गर्ने, सपथ लिई बकपत्र लिने, विशेषज्ञको राय र अदालतलाई आवश्यक पर्ने प्रतिवेदन पेश गर्ने • अनुसन्धान र अभियोजन गर्न लागिएको व्यक्तिको नाउमा म्याद तामेली गर्ने • अदालतद्वारा पठाइएका कागजात र सूचनाको तामेली गर्ने • अदालतसमक्ष सम्बन्धित व्यक्ति, साक्षी वा विशेषज्ञको स्वेच्छिक उपस्थितिलाई सहज बनाउने • व्यक्तिको अस्थायी स्थानान्तरण गर्ने • तोकिएका स्थानहरूको निरीक्षण, चिहानहरूको उत्खनन् र निरीक्षण गर्ने • खानतलासी गर्ने र कब्जामा लिने • अभिलेख र कागजातहरूको सङ्कलन गर्ने	अपराधको बिगो, सम्पत्तिसम्बन्धी छिटपुट व्यवस्था	कसुर गरी प्राप्त गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति जफतसम्बन्धी व्यवस्था- दफा ४९, ५०, ५१	यो दायित्व राम्रोसँग पुरा गर्न रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गर्नुपर्ने जस्तो : सहयोगका शर्तहरू, कार्यविधि, जस्तो राष्ट्रिय अदालतमा अभियुक्त, साक्षी, पीडितको बयान वकपत्रको माध्यम र सोसम्बन्धी सुरक्षासँग सम्बन्धित सूचना वा कानुनद्वारा खुलासा गर्न निषेधित सूचना माग गरेमा वा प्रतिस्पर्धी माग आएमा के गर्ने, सहयोग गर्न नसक्ने

• पीडित र साक्षीको रक्षा र प्रमाणको संरक्षण • अधिकार प्राप्त तेश्रो पक्षको हकहितमा प्रतिकूल असर नपर्ने गरी अपराध गरी लिइएको वा कमाएको सम्पत्ति वा अपराध गर्न प्रयोग भएको मालवस्तु साधन पत्ता लगाउने, कब्जामा लिने, जफत गर्ने • अनुसन्धान र अभियोजनलाई सहायक हुने र आफ्नो मुलुकको कानुन प्रतिकूल नहुने अन्य प्रकारको सहयोग गर्ने • राष्ट्रिय सुरक्षाको कारण परेमा बाहेक कुनै कागजात पेश गर्न इन्कार गर्न नपाइने, त्यस्तो परेमा अभियोक्तालाई तुरुन्तै खबर गर्नुपर्ने • अदालतले सनाखत गर्न, बयान लिन वा अन्य सहयोग गर्नको लागि अनुरोध गर्न सक्ने			अवस्था भएमा के गर्ने, राष्ट्रिय सुरक्षाको दृष्टिले संवेदनशील सूचना माग भएकोमा कसरी अदालतसँग सम्वाद गर्ने, सुरक्षाको संवेदनशीलता कसरी निर्धारण गर्ने, तेश्रो देश वा कुनै अन्तर्राष्ट्रिय संस्थासँग सम्बन्धित सूचना भएमा के गर्ने, राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराध मानिने विषयमा अनुसन्धान

अदालतले पनि राष्ट्रिय अदालतलाई अदालतको क्षेत्राधिकारअन्तर्गत पर्ने गम्भीर अपराध मानिने विषयमा अनुसन्धान र पुर्पक्ष गर्ने सन्दर्भमा सहयोगको अनुरोध गरेमा सहयोग र सहायता प्रदान गर्नु पर्ने अदालतले राज्य पक्षसँग प्राप्त गरेको सूचना र कागजातको गोप्यता कायम गर्नुपर्ने			र पुर्पक्ष गर्न सहयोग माग्ने विषयमा कुन प्रकृयाद्वारा र के कस्ता विषयमा सहयोग माग्ने आदि विषयमा र समग्रमा अदालतको अनुरोधको कार्यान्वयन कसरी र कुन कार्यविधि अपनाउने भन्ने बारेमा तय भयो।
सहयोगको अनुरोधलाई पर सार्ने: धारा ९४			
सदस्य राष्ट्रमा भइरहेको कुनै अनुसन्धान वा अभियोजनमा हस्तक्षेप गर्ने भएमा सो राज्यले अदालतद्वारा गरिएको सहयोगको अनुरोधलाई अदालतसँग सहमति भए बमोजिम उपयुक्त समयसम्म कार्यान्वयन नगर्न सक्ने।	छैन	छैन	यस विषयमा रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

ग्राह्यताको चुनौती दिइएको अवस्थामा अनुरोधको कार्यान्वयनलाई पर सार्न सक्ने: धारा ९५			
अदालतले अभियोक्तालाई अन्यथा आदेश दिएमा बाहेक सदस्य राष्ट्रले ग्राह्यताको चुनौती दिइएको अवस्थामा अदालतले सो कुराको निश्चय नगरे सम्म अनुरोधको कार्यान्वयनलाई पर सार्न सक्ने	छैन	छैन	कसरी चुनौती दिने र यसरी ग्राह्यता चुनौती दिएको अवस्थामा सहयोगको कार्यान्वयन नगर्न सक्ने भन्ने बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
धारा ९३ अन्तर्गत अन्य स्वरूपका सहयोगको अनुरोधको अन्तरवस्तु: धारा ९६			
अन्यखाले सहयोगको लागि पनि तुरुन्तै सम्पन्न गरिनु पर्ने अवस्थामा बाहेक अनुरोध लिखित हुनुपर्ने, त्यस्तो अनुरोधको साथमा देहायको कुराहरू संलग्न हुनुपर्ने:			

• सहयोग मागिएको विषय संक्षेपमा र त्यसको उद्देश्य, कारण र कानुनी आधार • व्यक्ति वा अनुसन्धान गरिनुपर्ने स्थानको परिचय खुल्ने भएसम्मको विवरण, • अनुरोधमा अन्तरनिहित तथ्यको सङ्क्षिप्त विवरण • कुनै कार्यविधि अनुशरण गरिनुपर्ने भए त्यसको विस्तृत विवरण र कारण • अन्य आवश्यक सूचना	छैन	छैन	सहयोग मागिएको विषय र प्रकृति हेरी के कुन प्रकृयाद्वारा सहयोग गर्ने, अदालतसँग परामर्श गर्ने आदि विषयमा रोम विधान कार्यान्वयन ऐनमा विस्तृत व्यवस्था गरिनुपर्ने
सल्लाहः धारा ९७			
सहयोगको लागि अनुरोध भई आएकोमा सो को कार्यान्वयनमा विभिन्न कारणहरू जस्तो अपर्याप्त सूचना भएको, सुम्पुवाको अनुरोध भई आएकोमा पूर्ण कोशिस गर्दा पनि मानिस पत्ता लाग्न नसकेको वा सो मानिस होइन भन्ने स्पष्ट देखिएको, वा अनुरोधको कार्यान्वयन गर्दा अन्य राज्यसँग पहिलेदेखि	छैन	छैन	यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा विस्तृत व्यवस्था गरिनु पर्ने

विद्यमान सन्धिको विरुद्ध हुने भएमा अदालतसँग बिनाविलम्ब सल्लाह गर्नुपर्ने			
उन्मुक्तिको परित्याग र समर्पण सम्बन्धमा सहयोग: धारा ९८			
अदालतले देहायको अवस्थामा समर्पण वा सहयोगको अनुरोध नगर्ने: • यस्तो सहयोग गर्दा सम्बन्धित राज्यको अन्तर्राष्ट्रिय दायित्वको विरुद्ध हुने भएमा • तेश्रो राज्यको व्यक्ति वा सम्पत्तिलाई प्राप्त उन्मुक्तिको विरुद्ध हुने भएमा सो राज्यको स्वीकृति प्राप्त नगरे सम्म • सम्झौताअनुसार पठाइएको तेश्रो राज्यको व्यक्तिलाई समर्पण गर्दा सो राज्यसँग गरेको सम्झौताको विरुद्ध हुने भएमा अदालतले पहिल्यै सहमति प्राप्त नगरेको भएमा सो राज्यको सहमति प्राप्त नगरेसम्म[५]	छैन	छैन	कस्तोमा उन्मुक्ति प्राप्त हुन्छ वा हुँदैन भन्ने र के गरेमा सहयोग गर्नुपर्ने दायित्व उपयुक्त किसिमले पुरा गर्न सकिन्छ, तेश्रो राष्ट्र रोम विधानको पक्ष नभएमा समस्या कसरी सुल्झाउने भन्ने बारेमा रोम विधान कार्यान्वयन ऐनमा विस्तृत व्यवस्था गरिनु पर्ने

५ रोम विधानको पक्ष बनिसकेपछि गैर सदस्यसाग समर्पण नगर्ने सम्झौता गर्नु विधान विपरित हुने।

धारा ९३ तथा धारा ९६अन्तर्गतका सहयोगको कार्यान्वयन: धारा ९९			
सम्बन्धित राष्ट्रको कानुनको विरुद्ध हुने भएमा बाहेक सहयोगको कार्यान्वयन अनुरोध पत्रमा उल्लेख भएको तरिकाले, सो अनुरोधमा उल्लेख भएको कार्यविधि अनुशरण गरेर वा सो मा उल्लेख भएका व्यक्तिहरूको उपस्थितिमा वा उनीहरूको सहयोग लिएर कार्यान्वयन गरिने: • अत्यन्त जरुरी अनुरोध भएमा कागजात र प्रमाण तुरुन्त पठाउने बारेमा • जवाफको सक्कल प्रति पठाउने बारेमा जहाँ अनुरोधको कार्यान्वयनको बाध्यात्मक उपायबेगर गर्न सकिन्छ जस्तो सम्बन्धित व्यक्तिहरूसँग स्वेच्छिक रूपमा बयान लिने कुरा, त्यस्तै गरी कुनै सार्वजनिक स्थान वा	छैन	छैन	के कस्ता कुराहरू मुलुकको कानुन विरुद्ध हुन्छन् वा कसको उपस्थिति स्वीकार्य वा अस्विकार्य हुन्छ भन्ने बारेमा रोम विधान कार्यान्वयन ऐनमा विस्तृत व्यवस्था गरिनु पर्ने

घटनास्थलको परिवर्तन वा रूप बिगारिनु पूर्व निरीक्षण गर्न आवश्यकताअनुसार सम्बन्धित राज्यको उपस्थिति बेगरै पनि अभियोक्ताले देहायको अवस्थामा सोझै लिन सक्ने: • सम्बन्धित राज्यमा घटना घटेको भएमा र विषयवस्तुको ग्राह्यताबारे धारा ९८ वा १९ बमोजिम निर्णय भइसकेको भएमा सम्बन्धित राज्यसँग सबै सम्भव सल्लाह गरेर • अन्य अवस्थामा सम्बन्धित राज्यसँग सल्लाह गरेर उसले राखेको शर्तहरू वा सरोकारहरूलाई विचार गरेर			
खर्चका कुरा: धारा १००			
अनुरोधको कार्यान्वयनमा सम्बन्धित राज्यमा लाग्ने सामान्य खर्चहरू राज्यले नै बेहोर्ने कुरा	छैन	छैन	सम्भव भएसम्म के बेहोर्न सकिन्छ र सकिँदैन खुलाउने, सम्भव नभएमा

			अदालतसँग सल्लाह गरिने कुरा रोम विधान कार्यान्वयन ऐनमा खुलाउने
विशिष्टताको नियम: धारा १०१			
समर्पण गरिएको व्यक्तिको विरुद्धमा समर्पणपूर्व गरेको विधानअन्तर्गतको कसुरमा बाहेक कारबाही नचलाइने, तर यस बारेमा अदालतले सम्बन्धित राज्यसँग उन्मुक्ति (Waiver) लिन सक्ने	छैन	छैन	कस्तो कुरामा उन्मुक्ति दिन सकिन्छ वा सकिदैन भन्नेबारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
भाग १०: कार्यान्वयन			
सजायको कार्यान्वयनमा सम्बन्धित राज्यको भूमिका: धारा १०३			
• कैदको सजायको कार्यान्वयन अदालतले तोकेको सजाय पाएको व्यक्तिलाई कारागार सुविधा उपलब्ध गराउन सहमति दिने	छैन	छैन	सजाय कार्यान्वयनमा कैदीलाई स्वीकार गर्नेसम्बन्धी व्यवस्था स्वेच्छिक हुँदा यस

• राज्यको सूचीमा भएका राज्यमा गरिने • सजाय पाएको व्यक्तिलाई स्वीकार गर्ने सहमति दिँदा सम्बन्धित राज्यले शर्तहरू राख्न सक्ने • अदालतले छानेको राज्यले सो व्यक्तिलाई स्वीकार गर्ने वा नगर्ने भन्ने कुराको तुरुन्तै जानकारी दिनु पर्ने कुनै राज्यलाई सजाय कार्यान्वयन गर्न तोक्नुभन्दा पूर्व अदालतले देहायको कुराहरूबारे विचार गर्नुपर्ने - • राज्यले सजायको कार्यान्वयन गर्दा स्वीकार गर्नुपर्ने दायित्व • कैदीहरूलाई गरिने व्यवहारका सम्बन्धमा मान्यता प्राप्त मानकहरूको कार्यान्वयन • कैदको सजाय पाएको व्यक्तिको राय			बारे आवश्यक शर्तहरू र जेल प्रशासनमा गरिनु पर्ने सुधार र थपिनु पर्ने सुविधाबारे कानुनमा विस्तृत व्यवस्था गरिनु पर्ने, आवश्यक स्रोतको व्यवस्था गरिनु पर्ने

• कैदको सजाय पाएको व्यक्तिको राष्ट्रियता • कैदको सजाय पाएको व्यक्तिसँग सम्बन्धित अन्य कुरा			
कार्यान्वयन गर्ने राज्यको परिवर्तन: धारा १०४			
अदालतले कुनै समयमा पनि फैसला कार्यान्वयन गर्ने राज्य परिवर्तन गर्न सक्ने, परिवर्तनको लागि बन्दीले पनि निवेदन दिन सक्ने	छैन	छैन	निवेदन परेमा पठाउने बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने
सजायको कार्यान्वयन: धारा १०५			
• सजाय सम्बन्धित राज्य पक्षलाई बन्धनकारी हुने, राज्य पक्ष आफैले सजाय परिवर्तन गर्न नपाउने, • अदालतलाई मात्र पुनरावेदन तथा पुनरावलोकनमा निर्णय गर्ने अधिकार हुने,	छैन	छैन	पुनरावेदन तथा पुनरावलोकनको निवेदन परेमा अदालतमा पठाउने बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

• सजाय कार्यान्वयन गर्ने राज्यले पुनरावेदन तथा पुनरावलोकनमा कुनै हस्तक्षेप गर्न नहुने कुरा			
कैदको शर्त र त्यसको अनुगमन: धारा १०६			
• कैद सजायको कार्यान्वयन अदालतको अनुगमनको अधिनस्थ र कैदी बन्दीलाई गरिने व्यवहारका सम्बन्धमा मान्यता प्राप्त अन्तर्राष्ट्रिय मानक अनुरूप हुने • कैदको शर्त सम्बन्धित राज्यको कानुन अनुरूप हुनेछ र त्यस्ता शर्तहरू कैदी बन्दीलाई गरिने व्यवहारका सम्बन्धमा मान्यता प्राप्त अन्तर्राष्ट्रिय मानक अनुरूप हुने • कैदी बन्दीले अदालतसँग गर्ने पत्राचार रोक्न नहुने	छैन	छैन	कैदी बन्दीलाई गरिने व्यवहारका सम्बन्धमा मान्यता प्राप्त अन्तर्राष्ट्रिय मानक अनुरूप कानुन बनाउने र व्यवहार गर्ने कुरा बारे रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने

सजायको भुक्तानपछि व्यक्तिको स्थानान्तरण: धारा १०७			
• सजायको भुक्तान भएपछि गैरनागरिक बन्दीको स्थानान्तरण उसलाई स्वीकार्न बाध्य राज्य वा कार्यान्वयन गर्ने राज्यले कैद भुक्तान गरेको व्यक्तिलाई राख्न मञ्जुर गरेको स्थितिमा बाहेक सम्बन्धित व्यक्तिको इच्छा बुझी उसलाई स्वीकार्न मञ्जुर गर्ने राज्यमा गरिने, • कार्यान्वयन गर्ने राज्यले कैद भुक्तान गरेको व्यक्तिलाई आफ्नो कानुनअनुसार प्रत्यर्पण वा समर्पण माग गर्ने राज्यमा स्थानान्तरण गर्न सक्ने	छैन	छैन	यसबारेमा र स्थानान्तरण खर्चबारेमा समेत रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था राखिनु पर्ने

अन्य कसुरमा अभियोजन वा सजायमा सीमा: धारा १०८			
• अदालतले अनुमोदन नगरेसम्म सजाय कार्यान्वयन गर्ने राज्यमा सजाय पाएको व्यक्ति पठाइनुभन्दा अघिको कुनै कसुरमा अभियोजन वा सजाय वा तेश्रो राज्यमा प्रत्यर्पण नगरिने, • तर सजाय भुक्तान गरेको ३० दिनभन्दा बढी सो राज्यमा रहेमा वा सो राज्य छाडेर पुन: आएमा माथिको कुरा आकर्षित नहुने			यस बारेमा रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गरिनुपर्ने
जरिवाना र जफतसम्बन्धी कारबाहीको कार्यान्वयन: धारा १०९			
• सम्बन्धित राज्यले आफ्नो राष्ट्रिय कानुनअनुसार तेश्रो पक्षको वैध अधिकारको प्रतिकूल नहुने गरी अदालतले तोकेको जरिवाना र जफत आदेशको कार्यान्वयन गर्ने,	छैन	छैन	जरिवाना र जफत आदेशको कार्यान्वयन बारेमा रोम विधान कार्यान्वयन ऐनमा

• जफत गर्दा जफत गरिएको सम्पत्तिको मूल्य उठाइने र प्राप्त भएको रकम अदालतलाई पठाइने			उपयुक्त व्यवस्था गरिनु पर्ने
सजाय घटाउनेबारे अदालतद्वारा पुनरावलोकन: धारा ११०			
• अदालतले तोकेको सजाय भुक्तान नहुदासम्म बन्दीलाई सजाय कार्यान्वयन गर्ने राज्यले छाड्न नसक्ने • अदालतलाई मात्र सजाय पुनरावलोकन गर्ने अधिकार हुने बन्दीलाई दुई तिहाई वा जन्म कैदको हकमा २५ वर्ष भुक्तान गरेपछि अदालतले सजाय पुनरावलोकन गर्न सक्ने	छैन	छैन	सजायको पुनरावलोकन बारेमा उपयुक्त कार्यविधिको व्यवस्था रोम विधान कार्यान्वयन ऐनमा गरिनु पर्ने
कैदी बन्दी भागेमा: धारा १११			
• कैदी बन्दी भागेमा सजाय कार्यान्वयन गर्ने राज्यले अदालतसँग सल्लाह गरी सो कैदी बन्दी जहाँ	छैन	छैन	कैदी बन्दी भागेमा के गर्ने भन्ने बारे रोम विधान कार्यान्वयन

छ सो राज्यसँग यस बारेमा कुनै सम्झौता भएमा सोहीबमोजिम र नभएमा अदालतलाई सो व्यक्तिको समर्पण गराउन अनुरोध गर्न सक्ने, • अदालतले सम्बन्धित राज्यलाई त्यस्तो व्यक्तिलाई कैदमा राख्ने वा अन्य तोकेको राज्यलाई समर्पण गर्न आदेश दिन सक्ने।			ऐनमा उपयुक्त व्यवस्था गरिनु पर्ने।

माथिको तालिकामा रोम विधानको कार्यान्वयनका दृष्टिले महत्त्वपूर्ण प्रावधानहरूलाई सूत्रवद्धरूपमा राखी ती व्यवस्थाहरूको सन्दर्भमा वर्तमान नेपाली कानुनमा के कस्ता व्यवस्थाहरू छन्, प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐनका मस्यौदाहरूमा रहेका व्यवस्थाहरू र तयारीको सन्दर्भमा के कस्तो व्यवस्था गरिनु पर्छ भन्ने बारेमा सूत्रवद्ध रूपमा उल्लेख गरियो। राष्ट्रिय तयारीका दृष्टिबाट असान्दर्भिक देखिएको रोम विधानका अन्य व्यवस्थाहरूको यहाँ उल्लेख गरिएको छैन। रोम विधानको पक्ष बनेपछि सो विधानबाट सिर्जित दायित्व राम्रोसँग निर्वाह गर्ने सन्दर्भमा परिपुरकताको सिद्धान्त समेतलाई मध्यनजर राखी मुद्दाहरूको अनुसन्धान र अभियोजन, अदालतलाई गर्नुपर्ने सहयोग र फैसलाको कार्यान्वयनको सन्दर्भमा के कस्ता व्यवस्था र तयारीहरू गर्नु आवश्यक हुन्छ भन्नेबारे अझ स्पष्टरूपमा परिच्छेद-४ र ५ मा विवेचना गरिएको छ।

परिच्छेद-४

रोम विधानद्वारा सृजित दायित्व र गरिनुपर्ने व्यवस्था

परिच्छेद तीनमा मुख्य रूपमा रोम विधानको व्यवस्था र विद्यमान नेपाल कानुन बारे चर्चा गरियो। रोम विधानअन्तर्गत अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार परिपूरक भएको कारणले विद्यमान नेपाल कानुनको चर्चा गर्नु परेको हो। अर्थात जबसम्म राष्ट्रिय कानुन दण्डहीनतालाई सम्बोधन गर्दै विधिको शासनको सर्वोच्चता कायम गर्न गराउन सक्षम रहन्छ, रोम विधानद्वारा परिभाषित अपराधहरूमा अनुसन्धान, अभियोजन र पुर्पक्ष गर्न अनिच्छुक वा असमर्थ देखिँदैन वा वदनियतपूर्वक आपराधिक दायित्वबाट उन्मुक्ति प्रदान गर्दैन, अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई राष्ट्रिय कानुनको दायराभित्र चियाउनु पर्ने आवश्यकता नै पर्दैन। यस दृष्टिबाट सक्षम एवं सबल राष्ट्रिय कानुनी एवं न्यायिक प्रणाली दण्डहीनताको अन्त्य गर्दै विधिको शासनलाई स्थापना गर्न मात्र होइन परिपूरकताको सिद्धान्तलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्ने सही कदम बन्न जान्छ। त्यसैले यस परिच्छेदमा रोम विधानद्वारा सिर्जित दायित्व र गरिनुपर्ने व्यवस्थाबारे चर्चा गरिनेछ।

४.१ राष्ट्रिय रूपमा अनुसन्धान र अभियोजन

रोम विधानद्वारा परिभाषित अपराधहरूको राष्ट्रियरूपमा अनुसन्धान र अभियोजनको पहिलो शर्त ती अपराधहरूलाई सोही रूपमा राष्ट्रिय कानुनमा परिभाषा गरिनु हो। जातिहत्या, मानवता विरुद्धको अपराध, युद्धअपराध र आक्रमणलाई विधानमा जुन रूपमा परिभाषित गरिएको छ, हाम्रो देशको कानुनमा सोही रूपमा परिभाषित गरिएमा मात्र राष्ट्रियरूपमा ती अपराधहरूमा अनुसन्धान र अभियोजन सम्भव हुन्छ। विधान स्वयंले कानुनबेगर अपराधी करार गर्न र सजाय गर्न नमिल्ने

व्यवस्था गरेको र नेपालले अनुशरण गरेको कानुनी परिपाटी समेतले स्पष्टत: एकत्ववादी कानुनी व्यवस्था (Monist Legal System) अनुशरण नगरी द्वैतवादी कानुनी व्यवस्था (Dualist Legal System) नै मूलभूत रूपमा अनुशरण गरेको सन्दर्भमा रोम विधान कार्यान्वयन गर्न राष्ट्रिय कानुन जरुरी पर्छ। साथै विधानमा वर्णित अपराधहरू विभिन्न गम्भीर अपराधको सामूहिक नामसमेत हुँदा ती सबै कार्यलाई अपराध घोषित गरी उपयुक्त सजायको व्यवस्था गर्नुपर्ने आवश्यकता एकातर्फ छँदैछ भने अपराध कायम गरिएकै स्थितिमा पनि जहाँ उपयुक्त सजायको व्यवस्था गरिएको छैन, त्यहाँ सजायको पुनरावलोकन गरिएमा मात्र परिपुरकताको सिद्धान्तलाई सही रूपले बुझेको ठहर्छ।

रोम विधानको के कसरी कार्यान्वयन गर्ने भन्ने बारेमा विभिन्न मुलुकहरूले आ-आफ्नै राष्ट्रिय कानुनी आवश्यकताअनुसार कार्यहरू गरेका छन्। कसैले विस्तृत रोम विधान कार्यान्वयन ऐन निर्माण गरेका छन् भने केहीले आफ्ना फौजदारी कानुनहरू, प्रमाणसम्बन्धी कानुन र कार्यविधि कानुनमा आवश्यक सुधार गरी सानो आकारको "रोम विधान कार्यान्वयन ऐन" निर्माण गरेका छन्। हाम्रो मुलुकमा संविधान, अपराध संहिता र फौजदारी कार्यविधि संहिता हाल निर्माण भैरहेको, त्यस्तैगरी सुपुर्दगी सन्धि र फौजदारी मुद्दामा पारस्परिक सहयोगसम्बन्धी ऐनसमेत व्यवस्थापिका संसद्मा विचाराधीन रहेको हुँदा हामीले हाम्रो कानुनी संरचनामा नै रोम विधानबाट सिर्जित दायित्व सही रूपमा निर्वाह हुने गरी संविधान र बन्न लागेका अन्य कानुनहरूमा उपयुक्त व्यवस्थाहरू राखी सानो आकारको रोम विधान कार्यान्वयन ऐन निर्माण गर्नु उपयुक्त हुने देखिन्छ। रोम विधानअन्तर्गतको व्यवस्थाहरूमा राष्ट्रिय कानुनमा के कस्तो व्यवस्था राखिनु पर्ने भन्ने विषयमा परिच्छेद तीनमा सङ्केत गरिसकिएकोले त्यसको पुनरोक्ति यहाँ आवश्यक छैन।

रोम विधानअन्तर्गतका मुद्दाहरूको राष्ट्रियरूपमा अनुसन्धान तथा अभियोजन र ती मुद्दाहरूको पुर्पक्ष गर्नको लागि एउटा विशिष्टीकृत संरचना आवश्यक पर्छ। मुद्दाको अनुसन्धानको क्रममा विदेशी राष्ट्रहरू र अन्तर्राष्ट्रिय फौजदारी अदालत तथा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी संस्थाहरू समेतसँग परामर्श र सहयोग गर्नु आवश्यक पर्ने हुँदा अनुसन्धान र अभियोजन गर्ने संस्थासँग आवश्यक कानुनी र संस्थागत सक्षमता रहनु आवश्यक हुन्छ। राष्ट्रियरूपमा एउटा "फोकल पोइन्ट" निर्माण भएको स्थितिमा अनुसन्धान र अभियोजन संयन्त्रले सो फोकल पोइन्टसमेतसँग

आवश्यक सहकार्य गर्न सक्ने हुन्छ। साथै राष्ट्रिय रूपमा निर्मित यी सबै संयन्त्रलाई श्रोत-साधनयुक्त बनाइनु पनि उत्तिकै जरुरी हुन्छ।

रोम विधानअन्तर्गतका मुद्दाहरू कसले हेर्ने, नयाँ संरचना बनाउने हो भने के कस्तो संरचना बनाउने भन्ने अर्को सान्दर्भिक प्रश्न पनि यहाँ उठछ। यस्ता मुद्दाहरू हेर्नको लागि केन्द्रीयरूपमा एउटा विशेष अदालत खडा गर्ने र विधानअन्तर्गत परिभाषित अपराधमा सो विशेष अदालतले[१३५] र अन्य गम्भीर फौजदारी अपराधहरूमा फौजदारी मुद्दा हेर्ने अन्य अदालतहरूले हेर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। साथै रोम विधानअन्तर्गतका मुद्दामा अनुसन्धान, अभियोजन र मुद्दा हेर्ने निकायहरू र कानुन कार्यान्वयनसम्बन्धी अन्य राष्ट्रिय संरचनाहरू बीचमा एक ठाउँमा उठेको मुद्दा पछि बुझ्दै जाँदा सो निकायको क्षेत्राधिकारअन्तर्गत नपरी अर्को निकायले हेर्नु पर्ने देखिएमा मुद्दा अनुसन्धान, अभियोजन र पुर्पक्ष जुन चरणमा भए पनि उपयुक्त निकायमा पठाउन सक्ने व्यवस्था गरिनु पर्छ।

अनुसन्धान र अभियोजनको चरणमा विचार गरिनु पर्ने अर्को पक्ष विधि विज्ञान हो। नेपालमा यो शैशव अवस्थामा रहेको हुँदा जहाँ योसम्बन्धी संयन्त्रहरूबाट कार्य हुन नसक्ने देखिन्छ त्यहाँ आवश्यकता अनुसार अन्तर्राष्ट्रिय तथा क्षेत्रीय र अन्य मुलुकमा स्थापित संरचनाहरू, अन्तर्राष्ट्रिय प्रहरी समेतको सहज सहयोग तथा सहकार्य गर्न सकिने व्यवस्थालाई राष्ट्रिय कानुनले अनुमति प्रदान गर्नुपर्छ।

अनुसन्धानको क्रममा अर्को विचारणीय पक्ष सो प्रयोजनको लागि उपस्थित गराइएका वा आफै उपस्थित हुन आएका व्यक्तिहरूको अधिकारसँग सम्बन्धित छ। हाम्रो अन्तरिम संविधानले स्वच्छ सुनुवाइको अधिकार प्रत्याभूत गरेको छ।[१३६] संविधानको सो व्यवस्थालाई सम्मान गर्नुपर्ने दायित्व अनुसन्धान, अभियोजन र पुर्पक्षमा संलग्न व्यक्तिहरूको कर्तव्य त छँदैछ, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनद्वारा सिर्जित दायित्व र रोम विधानद्वारा सिर्जित दायित्व[१३७] वहन गर्ने सम्बन्धमा पनि कानुन कार्यान्वयन र न्याय प्रशासनसँग सम्बद्ध अधिकारीहरू उत्तिकै सजग र दक्ष रहनु आवश्यक हुन्छ।

---

१३५ रोम विधानले परिभाषा गरेका अपराधमा मुद्दा पर्ने सम्भावना अत्यन्त न्यून हुँदा हाल कायम विशेष अदालतलाई नै सो क्षेत्राधिकार दिइनु उपयुक्त हुन्छ।

१३६ नेपालको अन्तरिम संविधान २०६३, धारा २४

१३७ नागरिक र राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ धारा १४, रोम विधान १९९८ धारा ५५, ६७

४.२ अदालतलाई सहयोग

अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई गर्नुपर्ने सहयोगका सम्बन्धमा रोम विधानको भाग ९ मा व्यवस्था गरिएको छ। तर सहयोगको क्षेत्र भाग ९ सँग मात्र सम्बन्धित छैन। फैसला कार्यान्वयनको उपक्रम वा अन्य प्रसङ्गमा पनि सहयोगको आवश्यकता पर्न सक्छ। विधानले राज्यपक्षसँग पूर्ण सहयोगको अपेक्षा गरेको छ। त्यो सहयोग कानुनको उचित प्रक्रिया मार्फत प्रदान गर्नु विधिको शासन र लोकतन्त्रको मर्म समेत हो। धारा ८६ मा भनिएको छ: "**यस विधानका प्रावधानअनुसार, राज्य पक्षहरूले अदालतलाई अदालतको अधिकारक्षेत्र भित्रका अपराधहरूको अनुसन्धान र अभियोजनमा पूर्णरूपमा सहयोग गर्नेछन्**"। यो व्यवस्था भाग ९ को सम्बन्धमा मात्र लागु हुने नभई अन्य धाराहरूमा उल्लेखित सहयोगको सम्बन्धमा पनि लागु हुने व्यवस्था हो। त्यसैले सहयोगसँग सम्बन्धित कार्यविधि समेत रोम विधान कार्यान्वयन ऐनमा राखिनु वाञ्छनीय हुन्छ।

वस्तुत: विधानको पक्ष भइसकेपछि सो सम्बन्धमा राष्ट्रिय कानुन नबनेको भन्ने मात्र कारणले राज्य पक्षले अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सहयोग गर्ने दायित्वबाट पन्छिन मिल्दैन। हामीले अनुशरण गरेको कानुनी पद्दतिले रोम विधानको पक्ष बन्नु भन्दा पहिले नै त्यस्तो कार्यान्वयन ऐन बन्नु अनिवार्य नै गरेको छैन, तथापि ऐनको निर्माणले सहयोगलाई सहज बनाउँछ। तसर्थ ऐन निर्माणको प्रक्रियालाई राष्ट्रिय तयारीसँग जोडेर हेर्नु आवश्यक हुन्छ।

रोम विधानअन्तर्गत अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई मुद्दाको अनुसन्धान, अभियोजन र पुर्पक्षको सिलसिलामा सहयोग गर्नुपर्ने क्षेत्रहरू मूल रूपमा देहायबमोजिम देखिन्छन्:-

- पक्राउपुर्जी वा समाह्वानको तामेली, पक्राउको कार्यविधि, अभियुक्तको गिरफ्तारी, समर्पण र स्थानान्तरण[१३८]
- अभियुक्तको बयान लिने, साक्षी बुझने, प्रमाण सङ्कलन, खानतलासी र सम्पत्ति जफत[१३९]
- गोप्य सूचनाहरू उपलब्ध गराउने, प्रमाणहरू लोप वा नष्ट हुनबाट बचाउने, गोपनीयताको सुनिश्चितता[१४०]

---

१३८ रोम विधानको धारा ८९, ५९, ९१, ९२, ९७

१३९ रोम विधानको धारा ९३

१४० रोम विधानको धारा ७२, ८७

- पीडित, सम्भावित साक्षी र तिनका परिवारको सुरक्षा[१४१]
- प्रतिस्पर्धी अनुरोधको कार्यान्वयन[१४२]
- देशभित्र गरिने मुद्दाको अनुसन्धान र अभियोजनमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको सहयोग लिने सम्बन्धमा अपनाउने कार्यविधि[१४३]

रोम विधानको पक्ष बनिसकेपछि अदालतलाई पूर्ण सहयोग गर्नुपर्ने राज्य पक्षको दायित्व हुँदा यहाँ उल्लेख भएको कुराहरूमा रोम विधानले के व्यवस्था गरेको छ र राष्ट्रिय रूपमा के गर्नु पर्छ भन्ने बारे यस पछिका खण्डहरूमा विवेचना गरिनेछ।

४.२.१ सहयोगका लागि अनुरोध गर्ने कार्यविधि

अन्तराष्ट्रिय फौजदारी अदालतलाई कुनै विषयमा सहयोगको आवश्यक परी पक्षराज्यसँग अनुरोध गर्नुपर्दा अदालतका विभिन्न निकायहरूबाट अनुरोध गर्न सकिन्छ। अनुसन्धानको प्रयोजनका लागि हो भने सामान्यतया अभियोजनकर्ताले पूर्वपुर्पक्ष इजलास (Pre-Trial Chamber) समक्ष पक्राउ पुर्जीलगायतका आदेश जारी गर्नका लागि अनुरोध गर्दछ।[१४४] यद्यपि विधानको धारा ९९(४) मा उल्लिखित केही अवस्थाहरूमा अभियोजनकर्ताले सिधै सहयोगका लागि अनुरोध गर्न सक्ने अपवादात्मक व्यवस्था पनि छ।[१४५] यसका अतिरिक्त पूर्वपुर्पक्ष इजलास अभियुक्तको अनुरोधमा वा आफ्नै विचारले आवश्यक देखेमा मुद्दाको प्रतिरक्षाको तयारी (preperation of the defence case) का लागि वा पीडित र साक्षीको संरक्षण एवं राष्ट्रिय सुरक्षा सूचनाका लागि आदेश जारी गर्ने तथा राज्यको सहयोग माग्ने अधिकार छ।[१४६] यदि मुद्दा सुनुवाइको चरणमा प्रवेश गरिसकेको अवस्था छ भने यस प्रकारको सहयोगको लागि पुर्पक्ष इजलास (Trial Chamber) ले अनुरोध गर्दछ।[१४७]

पक्षराष्ट्रहरूलाई अदालतद्वारा अनुरोध गर्दा सामान्यतया लिखितरूपमा गरिने व्यवस्था छ।[१४८] आकस्मिक अवस्थामा भने यस्ता अनुरोधहरू लिखितरूपमा अभिलेख

---

१४१ ऐ.धारा ५७(३)(ख)(ग), धारा ६८
१४२ ऐ.धारा ९०
१४३ ऐ.धारा ९३, ९४
१४४ ऐ.धारा ५७ (३) (क)
१४५ ऐ.धारा ५७(३) को खण्ड (ग) र (घ)
१४६ ऐ.धारा ५७ (३) (ख) र (ग)
१४७ ऐ.धारा ६४ (६) को खण्ड (ख)
१४८ ऐ.धारा ९१ (१) र ९६(१)

हुनसक्ने कुनै पनि माध्यम (जस्तो फ्याक्स, इमेल) बाट गर्न सकिन्छ तर यसरी अनुरोध गरिएकोमा तिनीहरूलाई पछि उपयुक्त माध्यमबाट रित पुऱ्याइन्छ।[१४९] अदालतको यस्तो अनुरोध कुनै लिखत वा प्रमाणका सम्बन्धमा हो भने तिनको जबाफ अविलम्ब दिनुपर्ने हुन्छ।[१५०] अदालतका अनुरोधहरू कुटनीतिक नियोगमार्फत वा विधान अनुमोदन गर्दा पक्षराज्यले तोकेको उपायद्वारा पठाइन्छ।[१५१] त्यसैले रोम विधान कार्यान्वयन ऐनमा नै 'फोकल पोइन्टु तोक्ने व्यवस्था गरी सोमार्फत अनुरोधको कार्यान्वयन गर्ने व्यवस्था गरिनु पर्छ।[१५२] साथै पक्षराज्यले अन्तराष्ट्रिय फौजदारी अदालतसँगको पत्राचारका लागि कुनै निकाय विशेषलाई सम्पर्क निकायका रूपमा तोके जस्तै पत्राचारका लागि सम्पर्क भाषाका रूपमा पनि कुनै भाषालाई तोक्न सक्दछ। प्राय: यसरी सम्पर्क भाषा तोक्दा आफ्नै राष्ट्रिय भाषा वा अदालतमा प्रयोग हुने भाषा तोक्ने प्रचलन बढी छ।[१५३] नेपालमा अन्तर्राष्ट्रिय सम्पर्कको भाषा अङ्ग्रेजी भएको हुँदा अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सम्पर्क भाषा अङ्ग्रेजी नै तोकिनु उपयुक्त हुन्छ।[१५४]

अन्तर्राष्ट्रिय फौजदारी अदालतद्धारा गरिएका अनुरोध कार्यान्वयन गर्दा लागेको खर्च सामान्यतया सम्बन्धित पक्षराज्यले ब्यहोर्नु पर्ने नियम छ[१५५] तर यसका केही अपवादहरू छन्। यस्तो खर्च न्यूनतम हुनुपर्ने मान्यता छ। जुन देशहरूमा पहिले नै पारस्परिक कानुनी सहायतासम्बन्धी सन्धिहरू सम्पन्न भइसकेका छन् भने ती सन्धिहरूले नै यी विषयहरूमा व्यवस्था गरेको हुन्छन्।[१५६] नेपालले हालसम्म कुनै मुलुकसँग त्यस्तो सन्धि नगरेको हुँदा र अल्पविकसित मुलुक हुँदा राज्यभित्र नै

---

१४९ ऐ.धारा ९१(१) र ९६(१)

१५० ऐ.धारा ९९(२)

१५१ ऐ.धारा ८७)

१५२ हेगमा दूतावास भएको स्थितिमा सोही दूतावासलाई अन्तराष्ट्रिय फौजदारी अदालतसँगको लेखापढी गर्ने र पत्राचार गर्ने निकायको रूपमा तोक्नु राम्रो हुन्छ। अन्य राज्यको व्यवहार हेर्दा कुनै राज्यले आफ्नै कुनै मन्त्रालय वा निकायलाई सम्पर्क निकायको रूपमा तोक्ने गरेको पाइन्छ। जस्तो स्वीजरल्याण्डले सङ्घीय न्याय ब्यूरो (federal Bureau of Justice) लाई तोकेको छ। यसका अतिरिक्त अदालतका अनुरोधहरू इन्टरपोल वा अन्य क्षेत्रीय सङ्गठन मार्फत पनि तामेल गर्न सकिन्छ

१५३ रोम विधानको धारा ८७ (२)

१५४ उदाहरणार्थ टिमोर लेस्टेले अङ्ग्रेजीलाई तोकेको छ।

१५५ रोम विधानको धारा १०० (१)

१५६ अष्ट्रेलियाको यससम्बन्धी ऐनको दफा १८४ ले अन्तराष्ट्रिय फौजदारी अदालतद्धारा गरिएका अनुरोध कार्यान्वयन गर्दा लागेको खर्च अष्ट्रेलिया सरकारले व्यहोर्ने व्यवस्था गरेको छ।

मुद्दाको अनुसन्धान, अभियोजन र पुर्पक्ष गरी फैसला कार्यान्वयन गर्ने कुरामा बाहेक अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सहयोग गर्दा लाग्ने खर्च अन्तर्राष्ट्रिय फौजदारी अदालतले उपलब्ध गराउनुपर्ने भन्ने व्यवस्था राख्नु राम्रो हुन्छ।

४.२.२ गोपनीयताको सुनिश्चितता

अदालतलाई सहयोग गर्नुपर्ने दायित्वभित्र गोपनीयताको सुनिश्चितताको विषय पनि एक हो। रोम विधानको धारा ८७(३) मा उल्लेख भएअनुसार अनुरोध कार्यान्वयनकै लागि आवश्यक भएदेखि बाहेक सम्बन्धित पक्ष राज्यले अदालतद्वारा सहयोगका लागि गरिएको अनुरोध र सो सहयोगसम्बन्धी अन्य कागजातहरू गोप्य राख्नुपर्ने हुन्छ। यो व्यवस्थामार्फत अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो अनुसन्धान कार्यमा निष्पक्षता र इमान्दारिता कायम गर्ने उद्देश्य राखेको छ र साथै अभियुक्त भाग्ने वा तिनीहरूबाट साक्षीउपर हुन सक्ने अनुचित प्रभाव र धम्की रोक्ने तथा प्रमाणहरू लोप हुनबाट बचाउने उद्देश्य पनि रहेको पाइन्छ। त्यसैले राज्यले सम्बन्धित अख्तियारवालालाई बाहेक अरुलाई यस्ता सूचना र जानकारी देखाउन वा प्रकट गर्न हुँदैन। यतिमात्र होइन पीडित, सम्भावित साक्षी र तिनका परिवारहरूको सुरक्षाको सुनिश्चितताको लागि आफूसँग भएका सूचना र जानकारीहरूको संरक्षण गरेर राख्नु तथा यसका लागि अन्य आवश्यक उपायहरू अवलम्बन गर्नु पनि पक्ष राज्यको दायित्व हुन्छ।[१५७] यो संरक्षणको विषयभित्र स्वाभाविक रूपमा गोपनीयताको विषय पनि पर्न आउँछ।[१५८] त्यसैले रोम विधान कार्यान्वयन ऐनमा सोसम्बन्धी व्यवस्थाहरू स्पष्ट रूपमा राख्नु वाञ्छनीय देखिन्छ।

४.२.३ अनुरोध कार्यान्वयनको बाधा अड्काउ फुकाउने

विधानको भाग ९ अन्तर्गत अदालतद्वारा गरिएका सहायता अनुरोधको कार्यान्वयनमा बाधा अड्काउ परेमा बिनाविलम्व पक्ष राज्यहरूले अदालतसँग परामर्श गर्नुपर्ने हुन्छ। यस्ता बाधा अड्काउमा सूचनाको अपर्याप्तता, अनुरोध गरिएको व्यक्ति रहेको ठाउँ पत्ता लाग्न नसकेको, चिजवस्तु फेला पर्न नसकेको, अथवा आफै पक्ष भएको अन्य सन्धि महासन्धिअन्तर्गतको दायित्वसँग बाझिएको

---

१५७ ऐ.धारा ८७ (४)

१५८ अस्ट्रेलिया र न्यूजिल्याण्डले आफ्नो कानुनहरूमा यस्तो व्यवस्था गरिसकेका छन्। क्रमश दफा १३ र २९

जस्ता विषयहरू पर्न सक्दछन्।[१५९] यस्तो बाधा अड्काउ परेको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सम्पर्क गर्ने जिम्मेवारी राष्ट्रिय रूपमा खडा गरिने "फोकल पोइन्ट" लाई तोकिनु राम्रो हुन्छ। विधानले केही निश्चित अवस्थामा अनुरोध कार्यान्वयनको कार्य पछि गर्ने गरी सार्न सकिने व्यवस्था गरेको छ। जस्तो अरु कुनै विषयमा भइरहेको अनुसन्धान र अभियोजनमा प्रतिकूल प्रभाव पर्ने अवस्था आएमा अनुरोधको कार्यान्वयनलाई पछि सार्न सकिन्छ।[१६०] तर यस्तो अवधि सम्बन्धित अनुसन्धान पूरा गर्न आवश्यक पर्नेभन्दा बढी अवधि हुनु हुँदैन। यसतर्फ पनि रोम विधान कार्यान्वयन ऐन निर्माण गर्दा विशेष दृष्टि पुऱ्याउनु आवश्यक हुन्छ।

४.२.४ गिरफ्तारीको कार्यमा सहयोग गर्ने

अन्तर्राष्ट्रिय फौजदारी अदालतले कुनै व्यक्ति आफूसमक्ष उपस्थित गराउनुपर्दा तीन किसिमको माध्यम अपनाउन सक्दछः-

- धारा ५८, ८९ र ९१ को व्यवस्था बमोजिम पक्राउ पुर्जी जारी गरेर,
- धारा ५८ (५) र ९२ को व्यवस्थाबमोजिम आकस्मिक अवस्थामा अस्थायी पक्राउ पुर्जी जारी गरेर,
- धारा ५८ (७) को व्यवस्थाबमोजिम समाह्वान (म्याद) जारी गरेर।

अदालतबाट जारी भएको अवस्थामा पक्राउ पुर्जी र म्याद तुरुन्त तामेल गर्नु अनुरोध गरिएको सम्बन्धित पक्ष राज्यको कर्तव्य हुन्छ।[१६१] अनुरोधपश्चात् कुनै व्यक्ति राज्यद्वारा गिरफ्तार गरिएमा त्यस्तो व्यक्तिलाई सक्षम न्यायिक अधिकारीसमक्ष उपस्थित गराइनु पर्छ। त्यस्तो व्यक्तिलाई अन्तरिम रिहाइको लागि निवेदन गर्न अवसर पनि दिइनु पर्छ।[१६२] न्यायिक अधिकारीहरूले पनि प्रायः यस्तो अवस्थामा गिरफ्तार भएका व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतसमक्ष आत्मसमर्पण गर्न आदेश दिने गर्दछन्।[१६३] कतिपय अवस्थाहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरेपछि सम्बन्धित राज्यले दशी प्रमाण तथा सम्पत्तिहरू हानि नोक्सानी हुन वा लोप हुन नदिने लगायतका संरक्षणात्मक उपायहरू अवलम्बन

---

१५९ रोम विधानको धारा ९७)
१६० ऐ.धारा ९४)
१६१ ऐ.धारा ५९ (१) र ८९)।
१६२ ऐ.धारा ५९ (२) देखि (६)।
१६३ ऐ.धारा ५९ (७)।

गर्नुपर्ने हुन्छ ताकि पछि आवश्यकताअनुसार बरामद गर्न सकियोस्।[१६४]

सामान्यतया पक्राउ पुर्जी जारी गर्ने अधिकार पूर्वपुर्पक्ष इजलास (Pre-Trial Chamber) लाई छ। यो च्याम्बरले अभियोजनकर्ताको अनुरोधमा पक्राउ पुर्जी जारी गर्दछ।[१६५] पक्राउ पुर्जीमा उल्लेख हुनुपर्ने विषयहरूका बारेमा धारा ५८ को उपधारा (१) देखि (३) सम्म व्यवस्था छ। एक पटक पक्राउ पुर्जी जारी भएपछि अदालतबाट अन्यथा आदेश नभएसम्म सो पक्राउ पुर्जीको वैधता कायम रहिरहन्छ।[१६६] पक्राउ पुर्जीहरू लिखितरूपमा जारी गरिन्छन्। पक्राउ पुर्जी जारी गर्दा त्यसलाई समर्थन गर्ने सूचना, लिखत र बयान कागजातहरूसमेत संलग्न गर्नुपर्ने हुन्छ।[१६७] अदालतले राज्यहरूसँग कुनै जानकारी पठाउन पनि अनुरोध गर्न सक्दछ। सम्बन्धित राज्यको राष्ट्रिय कानुनमा तोकिएको कार्यविधि पूरा गरी आवश्यक सहयोग उपलब्ध गराउनु यिनीहरूको दायित्व हुन्छ र यस्ता कार्यविधिहरू सर्पुदगीको कार्यविधिभन्दा बढी जटिल हुन नहुने गरी रोम विधानमा तोकिएको छ।[१६८] अदालतबाट पक्राउ पुर्जी जारी भएकोमा विधानको भाग ९ धारा ५८ (५) को अधीन रहेर तुरुन्त कार्यान्वयन गर्नु सम्बन्धित राज्यको कर्तव्य हुन्छ। कहिलेकाहीँ सम्बन्धित राज्यको इमान्दार प्रयासका वावजुद व्यक्ति फेला पेरन वा व्यक्ति नै फरक परेको देखियो भने विनाविलम्ब अदालतसँग परामर्श गरेर समाधानमा पुग्नु पर्ने व्यवस्था पनि गरिएको छ।[१६९]

अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट कुनै व्यक्तिका हकमा अस्थायी पक्राउ पुर्जी पनि जारी गर्न सकिन्छ। खास गरेर पक्राउ पुर्जी जारी गर्न आवश्यक पर्याप्त प्रमाणहरू जुटी नसकेको तर तुरुन्त गिरफ्तार नगरी नहुने अवस्थाका अभियुक्तका हकमा यस्तो पक्राउ पुर्जी जारी गरिन्छ।[१७०] यस्तो पक्राउ पुर्जी आकस्मिक अवस्थामा मात्र जारी गरिन्छ र यस्तो अवस्थामा जारी गरिने पक्राउ पुर्जी लिखितै हुनुपर्ने जरुरी पनि छैन। यस्तो पक्राउ पुर्जी जारी भएको अवस्थामा पनि तुरुन्त कार्यान्वयन गरी

---

१६४ ऐ.धारा ५७ (३) (ङ)

१६५ ऐ.धारा ५७(३)(क)र ५८)

१६६ ऐ.धारा ५८ (४)

१६७ ऐ.धारा ९१)

१६८ ऐ. धारा ९१(२)(ग)

१६९ ऐ.धारा ९७(ख)

१७० ऐ.धारा ५८ (५) र ९२)

सहयोग गर्नु सम्बन्धित राज्यको दायित्व हुन्छ।[१६१] अभियुक्त पक्राउ परेको ६० दिन सम्ममा पनि पक्राउ पुर्जी समर्थित हुने प्रमाण र कागजातहरू पुगेन भने पक्राउ परेको व्यक्ति थुनाबाट मुक्त हुन सक्दछ तर प्रमाणहरू पछि प्राप्त भएमा पुन: गिरफ्तार गर्न सकिन्छ।[१६२] साथै सम्बन्धित राज्यको राष्ट्रिय कानुनले अनुमति दिएमा पक्राउ पुर्जीलाई समर्थित गर्ने प्रमाण र कागजातहरू आइनपुग्दै पनि सम्बन्धित व्यक्तिले आफ्नै स्वेच्छाले आत्मसमर्पण गर्न सक्दछ। यसरी आत्मसमर्पण गरेमा त्यस्तो व्यक्तिलाई यथासम्भव चाडो अदालतसमक्ष बुझाउनु पर्छ।[१६३] यसैले रोम विधान कार्यान्वयनका लागि राष्ट्रिय तहमा कानुन बनाउँदा अदालतलाई सहयोग गर्ने यो पनि एउटा महत्त्वपूर्ण पक्ष बन्दछ।

४.२.५ अन्तर्राष्ट्रिय फौजदारी अदालतको पक्राउ पुर्जीलाई राष्ट्रिय कानुनअन्तर्गत मान्यता दिने

अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारअन्तर्गत पर्ने अपराधहरूमा स्वदेशी तथा विदेशी दुवैलाई गिरफ्तार गर्ने सम्बन्धमा नेपालका राष्ट्रिय अधिकारीहरूलाई अख्तियारी दिन फौजदारी कानुन र कार्यविधिहरू आवश्यक पर्छन्। विधानको धारा ८९ र ९२ द्वारा तोकिएका यससम्बन्धी दायित्वहरू पूरा गर्नका लागि कस्तो व्यवस्था अपनाउने भन्ने कुरा वस्तुत: नेपालको स्वेच्छाको कुरा हो। अन्य केही मुलुकले अपनाई आएको अभ्यासलाई हेर्दा प्राय: अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट जारी गरिएका पक्राउ पुर्जीलाई राष्ट्रिय अधिकारीहरूद्वारा सदर (Endorsement) गर्ने प्रचलन बढी पाइन्छ।[१६४] नेपालले अनुशरण गरेको कानुनी

---

१६१ ऐ.धारा ५९ (१)

१६२ ऐ.धारा ९२(३) र (४)

१६३ ऐ.धारा ९२(३)

१६४ जस्तो न्यूजिल्याण्डको अभ्यासलाई हेर्ने हो भने अदालतबाट पठाइएको सबै अनुरोध र लिखतलाई मन्त्री समक्ष पेश गरिन्छ र मन्त्रीले स्वीकृत गरी न्यायाधीश कहाँ पठाउँछ। अनि न्यायाधीशले वारेण्ट जारी गर्छ। अस्थायी वारेण्टका हकमा यस्ता अनुरोधहरू सिधै न्यायाधीश कहाँ जान्छन्। मन्त्रीलाई केवल सोको जानकारी दिए हुन्छ। बेलायतमा यस्ता अनुरोधहरू राज्य सचिव (Secretary of State) ले प्राप्त गर्छन् र सम्बन्धित न्यायिक अधिकारी कहाँ पठाई दिन्छन्। अनुरोधको आधिकारिकता बारेमा ती अधिकारी सन्तुष्ट भएमा गिरफ्तारी अनुरोध उपर समर्थनको निर्णय गरी कार्यान्वयनमा लैजान्छन्। क्यानाडामा अन्तर्राष्ट्रिय फौजदारी अदालतको गिरफ्तारी आदेश कार्यान्वयनका सम्बन्धमा सपुर्दगी ऐनको व्यवस्था लागु हुने व्यवस्था छ। फ्रान्समा यस्ता आदेशहरू रूपान्तरण (Transformation) गर्न जरुरी छ न समर्थनको छुट्टै निर्णय (Endorsement) गर्न जरुरी छ। अनुरोधलाई प्रमाणीकरण गरेपछि सिधा कार्यान्वयनमा ल्याइन्छ।

परिपाटी र फौजदारी कार्यविधि संहिताले गर्न खोजेको व्यवस्थासमेत हेर्दा त्यस्तो अधिकार रोम विधानअन्तर्गतको मुद्दा हेर्ने अदालतलाई दिनु राम्रो हुन्छ।

यहाँनिर विधानको धारा ८५ (१) मा भएको व्यवस्थातर्फ पनि ध्यान दिनु जरुरी छ। उक्त धारामा उल्लेख भएअनुसार यदि कुनै व्यक्तिलाई गैरकानुनी तवरबाट गिरफ्तार गरियो वा थुनामा राखियो भने क्षतिपूर्तिको दाबी गर्ने अधिकार छ। त्यसैले यो विषयलाई नेपालको राष्ट्रिय कानुनमा समावेश गराउनु आवश्यक हुँदा अपराध संहितामा उपयुक्त व्यवस्था गर्नु वाञ्छनीय देखिन्छ।

४.२.७ गिरफ्तारी पछि सक्षम न्यायिक अधिकारीसमक्ष सुनुवाइ गर्ने

रोम विधानमा गरिएको व्यवस्था कुनै पनि व्यक्ति गिरफ्तारी पछि निजलाई सम्बन्धित राज्यको सक्षम न्यायिक अधिकारीसमक्ष उपस्थित गराइनु पर्छ। त्यस्तो न्यायिक अधिकारीले पनि आफ्नो देशको कानुनअनुसार निम्नलिखित कुराहरूको निर्धारण गर्दछ:-

- पक्राउ पुर्जी गिरफ्तार गरिएकै व्यक्तिलाई जारी गरिएको हो वा होइन ?
- व्यक्तिलाई गिरफ्तार गर्दा उचित प्रक्रिया अवलम्बन गरिएको छ वा छैन ?
- व्यक्तिका अधिकारहरूको सम्मान गरिएको छ वा छैन ?[१६५]

सम्बन्धित राज्यका अधिकारीहरूले पक्राउ पुर्जी सही ढङ्गबाट जारी भएको छ छैन भनेर त हेर्दैन।[१६६] तथापि केही सीमित आधारमा राज्यका न्यायिक अधिकारीहरूले पुनरावलोकन गर्न भने सक्दछन्।[१६७] पक्राउ पुर्जीमा उल्लेख भएको व्यक्ति गिरफ्तार भएको व्यक्ति होइन भन्ने लागेमा सम्बन्धित राज्यले अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सम्पर्क राख्नुपर्ने कर्तव्य हुन्छ। यी समस्त व्यवस्थाहरू रोम विधान कार्यान्वयन ऐनमा वा त्यसअन्तर्गत बन्ने नियममा राख्नु राम्रो हुन्छ।

४.२.८ अन्तरिम रिहाइ

रोम विधानमा गरिएको व्यवस्थाअनुसार कुनै व्यक्ति गिरफ्तारीमा परेपछि

---

१६५ रोम विधानको धारा ५९(२)

१६६ ऐ. धारा ५९(४)

१६७ ऐ.धारा ५९(२)

स्थानीय अदालतसमक्ष उपस्थित गराइन्छ र त्यहाँ प्रारम्भिक सुनुवाइ हुन्छ। यो अवस्थामा गिरफ्तार भएका व्यक्तिले अन्तरिम रिहाइको लागि निवेदन गर्न पाउँछ। त्यसैले हामीले रोम विधान कार्यान्वयनको ऐन बनाउँदा यो अधिकारको सुनिश्चितता दिलाउनु आवश्यक हुन्छ। अन्तरिम रिहाइ हुने स्थितिमा अदालतले "फोकल पोइन्ट" मार्फत अन्तर्राष्ट्रिय फौजदारी अदालतको पूर्वसुनुवाइ इजलासलाई जानकारी गराउनु पर्छ। यो व्यवस्था रोम विधान कार्यान्वयन ऐनमा राखिएमा पक्राउ गरिएको व्यक्तिको अधिकार र अदालतलाई सहयोग गर्नुपर्ने राज्य पक्षको दायित्वबीच उचित तालमेल बस्न सक्छ।[१७८] अन्तरिम रिहाइ दिँदा पनि राज्यका अधिकारीहरूले विभिन्न पक्षमा ध्यान दिनुपर्ने हुन्छ:-

- अपराधको गम्भीरता,
- अन्तरिम रिहाईको औचित्य पुष्टी हुने असाधारण परिस्थितिको विद्यमानता,
- रिहाइ भएकोमा पनि आवश्यकताअनुसार पुन: उपस्थित गराउन सकिने स्थितिको सुनिश्चितता।

साथै अन्तरिम रिहाइको आदेशबाट मुक्त भएकोमा सो को अद्यावधिक प्रतिवेदनसम्बन्धी राज्यले पूर्व पुर्पक्ष इजलाससमक्ष पेश गर्नु पर्ने हन्छ।[१७९] नेपालको सन्दर्भमा भारतसँग खुला सीमा रहेको स्थिति र देशभित्रै पनि लुकीछिपी बस्न सक्ने सम्भावनाबारे पनि ऐन निर्माणको क्रममा विशेष ध्यान पुऱ्याइनु पर्छ।

४.२.९ म्याद जारी गरिएकोमा तामेल गर्न सहयोग गर्ने

कुनै व्यक्तिउपर पक्राउ पुर्जी जारी नगरे पनि उपस्थित हुन सक्ने कुरामा विश्वास भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको पूर्व पुर्पक्ष इजलास (Pre-Trial Chamber) ले पक्राउ पुर्जीको सट्टा समाह्वान म्याद मात्र जारी गर्न सक्दछ। यसरी कुनै व्यक्तिउपर म्याद जारी भएको अवस्थामा उक्त म्याद सम्बन्धित व्यक्तिलाई

---

१७८ क्यानाडाको कानुन अनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतको सिफारिश विचाराधीन रहेको अवस्थामा एटर्नी जनरलको अनुरोधमा अन्तरिम रिहाईको माग गरी परेको निवेदन उपरको सुनुवाई स्थगित हुने व्यवस्था छ। बेलायतमा अन्तरिम रिहाईको निवेदन परेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग परामर्श गर्नुपर्छ र सिफारिश उपर टुङ्गो नलागी राज्यको अदालतले अन्तरिम रिहाईको आदेश दिन नसक्ने व्यवस्था छ।

१७९ रोम विधानको धारा ५९(६) र ८६)

तामेल गरेर सहयोग गर्नु पक्ष राष्ट्रको कर्तव्य हुन्छ।[१८०] म्यादमा व्यक्तिको नाम, उपस्थित हुनुपर्ने मिति, निजउपर लागेको अभियोग र अभियोग लाग्नाका आधारहरू उल्लेख गरिन्छ।[१८१] कतिपय अवस्थामा सम्बन्धित व्यक्तिको राहदानी जफत गर्ने लगायतका नियन्त्रणात्मक उपायहरू पनि अवलम्बन गर्नुपर्ने हुन्छ। यी विभिन्न उपायहरू अवलम्बन गर्ने प्रयोजनका लागि राष्ट्रिय कानुनले अख्तियारी दिनु पर्ने हुँदा म्याद तामेली विषयमा रोम विधान कार्यान्वयन ऐनमा यो विषय समेटिनु जरुरी हुन्छ। सो गर्दा नेपालको कानुनमा पक्राउपुर्जी जारी गर्ने, तामेली गर्ने व्यवस्था भइरहेको र प्रस्तावित फौजदारी कार्यविधि संहितामा यसलाई अरु सुदृढ पार्ने प्रयाससमेत गरिएको हुँदा अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा प्राप्त म्यादलाई स्थानीय अदालतबाट जारी हुने म्यादसरह तामेल हुने व्यवस्था गरिनु पर्छ।[१८२]

४.२.९ **आरोपित व्यक्तिको समर्पण** (Surrender) **मा सहयोग गर्ने**

रोम विधानको धारा १०२ (क) मा उल्लेख भएअनुसार व्यक्ति जिम्मा लगाउने कार्य वा सुम्पुवा गर्ने कार्यलाई राज्यले कुनै व्यक्ति अदालतलाई समर्पण (Surrender) गराउने कार्यको रूपमा परिभाषित गरेको छ। रोम विधानले यसको प्रक्रिया निर्धारणका लागि राज्यहरूले आफ्नो कानुन बनाउँदा व्यक्ति जिम्मा लगाउने गरी रोम विधानमा गरिएको व्यवस्थाको विशिष्ट प्रकृतिलाई ध्यानमा राख्न आह्वान गरेको छ र यस्तो प्रक्रिया सपुर्दगी गर्ने प्रक्रियाभन्दा जटिल हुन नहुने, बरु सके त्योभन्दा सरल गराउनु पर्ने कुरालाई विधानले जोड दिएको छ।[१८३] सपुर्दगीको हकमा कतिपय अवस्थामा राज्यले आफ्नो नागरिकलाई सपुर्दगी गर्न इन्कार पनि गर्न सक्छ। तर कुनै बहानामा पनि प्रमाणको अपर्याप्तता (Insufficiency of

---

१८० ऐ.धारा ५८(७)

१८१ ऐ.धारा ५८(७) को खण्ड (क) देखि (घ)।

१८२ म्याद तामेली बारे विभिन्न व्यवस्थाहरू छन् जस्तो बेलायतमा राज्य सचिव (Secretary of State) ले यस प्रकारको समाह्वान प्राप्त गर्नासाथ सम्बन्धित इलाकाको प्रहरीप्रमुखलाई पठाउँछ र निजले आफै सम्बन्धित व्यक्तिका नाममा तामेल गर्नुपर्ने व्यवस्था छ। तामेल गरेपछि वा तामेल हुन नसकेको भए सोको कारण सहितको प्रतिवेदन प्रहरी प्रमुखले राज्य सचिव समक्ष दिनुपर्छ। अष्ट्रेलियामा आफ्नै देशको कानुनबमोजिम तामेल गरिने भन्ने व्यवस्था छ। दक्षिण अफ्रिकामा यस्तो समाह्वान प्राप्त भएमा पहिले मजिष्ट्रेटले समर्थन आदेश (endorsement) गर्नुपर्ने र अनि आफ्नै अदालतबाट जारी भए सरह मानी तामेल गरिने व्यवस्था छ। यदि कसैले अनुरोध कार्यान्वयन नगरेमा १२ महिना सम्मको कैद सजाय समेत हुने व्यवस्था छ।

१८३ रोम विधानको धारा ९१ (२) (ग)

evidence), दोहोरो आपराधिकता (Dual Criminality), आफ्नो नागरिकलाई समर्पण नगर्ने (non-surrender of nationals) नीति आदि कारण जनाई पक्ष राष्ट्रले कुनै व्यक्तिलाई समर्पण वा सुम्पुवा गर्न इन्कार गर्न सक्दैन। रोम विधानअन्तर्गत जिम्मा लगाइने सुम्पुवाको कार्य सुपुर्दगीभन्दा फरक हुँदा ऐन बनाउँदा व्यक्ति जिम्मा लगाउने वा समर्पण सम्बन्धमा छुट्टै कानुनी व्यवस्था गर्न जरुरी छ। जिम्मा लगाउने गरी भएको आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था गर्ने कि नगर्ने त्यो पनि विचारणीय छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा १४(५) ले दोषी ठहर गरेको आदेशउपर पुनरावेदनको व्यवस्था गर्न आवश्यक ठाने पनि व्यक्ति जिम्मा लगाइने आदेशउपर पुनरावेदनको कुरा गरेको छैन। रोम विधानको धारा ५९(७) मा कुनै व्यक्तिका हकमा राज्यले जिम्मा लगाउने आदेश गरेपछि यथाशक्य चाँडो उक्त व्यक्तिलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पठाउनु पर्ने उल्लेख छ। यसतर्फ पनि हामीले ध्यान दिनु जरुरी छ।

व्यक्ति समर्पण गराउने कार्यलाई स्थगित गर्न सकिने एउटै अपवाद भनेको दोहोरो खतराको सिद्धान्तको आधारमा राष्ट्रिय अदालतमा उजुरी परेको अवस्था हो।[१८४] जातिहत्या, युद्धअपराध तथा मानवता विरुद्ध अपराधका मुद्दामा पहिल्यै एकपटक कारबाही भइसकेको छ भने पुन: त्यही अपराधमा अर्कोपटक अन्तर्राष्ट्रिय फौजदारी अदालतले कारबाही चलाउँदैन। यो विषयमा उजुरी परेमा सम्बन्धित राज्यले अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग तुरुन्त परामर्श गर्नुपर्छ। त्यसैले रोम विधान कार्यान्वयन ऐन बनाउँदा यससम्बन्धी कार्यविधिको पनि व्यवस्था गर्नुपर्ने हुन्छ।

४.२.१० प्रतिस्पर्धी अनुरोध (Competing Requests) को अवस्थामा सहयोग गर्ने

कहिलेकाँही एउटै व्यक्तिका हकमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले पनि समर्पणको लागि अनुरोध गर्ने र अर्को राज्यले पनि सपुर्दगीका लागि अनुरोध गर्ने भई प्रतिस्पर्धी अनुरोध हुन सक्ने अवस्था पर्दछ।[१८५] सपुर्दगीका लागि अनुरोध गर्ने राज्य पनि रोम विधानको पक्ष राज्य भएको स्थितिमा समान्यतया अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुरोधले प्राथमिकता पाउँछ तर सुपुर्दगी माग गर्ने राष्ट्र विधानको पक्षराष्ट्र रहेनछ भने कुन अनरोधलाई प्राथमिकता दिने भन्ने कुरा सम्बन्धित

१८४ ऐ.धारा २०(३)र ८९(२)
१८५ ऐ.धारा ९०

राज्यको स्वविवेकमा निर्भर गर्छ। यसरी निर्णय गर्दा केही खास विषयहरूलाई आधार बनाउनुपर्छ।[१८६] तसर्थ नेपालमा ऐन बनाउँदा यो पक्षमा पनि विचार पुऱ्याउनु जरुरी देखिन्छ।

४.२.११ आफ्नो भूमि प्रयोग गरेर व्यक्ति जिम्मा लगाउन लैजान सहयोग गर्ने

कुनै राज्यले कुनै व्यक्तिलाई अन्तर्राष्ट्रिय फौजदारी अदालत समक्ष बुझाउन लैजाने क्रममा अर्को राज्यको भूमि प्रयोग गर्नुपर्ने स्थिति आएमा सोका लागि सहयोग गर्नु त्यस्तो राज्यको कर्तव्य हुन्छ।[१८७] विधानमा गरिएको व्यवस्थाअनुसार यदि व्यक्तिलाई हवाईमार्गबाट लगिन्छ भने खासै छुट्टै अख्तियारी चाँहिदैन तर यदि मार्गमा पर्ने कुनै राज्यमा विनायोजना अवतरण गरिनु पर्ने भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले सम्बन्धित राज्यसँग अनुरोध गर्नुपर्ने हुन्छ।[१८८] यस्तो अनुरोध नगरी प्रवेश गरेकोमा अनुरोध प्राप्त नभएसम्म सम्बन्धित राज्यले त्यस्तो व्यक्तिलाई थुनामा राख्नसक्ने तर यस्तो थुनाको अवधि ९६ घण्टाभन्दा बढी हुनु नहुने भन्ने पनि रोम विधानमा उल्लेख छ। तसर्थ आफ्नो भूमि भएर व्यक्ति जिम्मा लगाउन लैजाने, अवतरण गर्दा थुनामा राख्ने जस्ता विषयमा पनि रोम विधान कार्यान्वयन ऐनमा व्यवस्था गर्न जरुरी देखिन्छ।

४.२.१२ प्रमाणको सङ्कलन र संरक्षणमा सहयोग गर्ने

अन्तर्राष्ट्रिय फौजदारी अदालतले कुनै राज्यसँग प्रमाण सङ्कलन र संरक्षणका लागि सहयोगको अनुरोध गर्दा देहायका कुराहरू खुलाउनु पर्दछः-

- अनुरोध गर्नुको उद्देश्य र कानुनी आधार तथा आवश्यक परेको सहयोगको विवरण,
- सहयोग मागिएको विषयसँग सम्बन्धित तथ्यगत विवरण,
- अनुरोध गरिएका चिजवस्तु र व्यक्ति रहेको सम्भावित स्थान,
- पालन गर्नुपर्ने विशेष कार्यविधि र आवश्यकताको विवरण,
- अनुरोध कार्यान्वयन गर्न राज्यले आवश्यक ठानेका अन्य विवरणहरू।

यसप्रकारको अनुरोध प्राप्त भएमा उक्त अनुरोध कार्यान्वयन गर्न पालना

---

१८६ ऐ.धारा ९०(६)
१८७ ऐ.धारा ८९(३)
१८८ ऐ.धारा ८९(३)(ङ)

गर्नुपर्ने कार्यविधिगत आवश्यकताहरूका बारेमा हाम्रा कानुनहरूमा स्पष्ट व्यवस्था नहुँदा विधानको भावनासँग मिल्नेगरी रोम विधान कार्यान्वयन ऐन र सोअन्तर्गतको कार्यविधि नियममा उपयुक्त व्यवस्था राखिनु पर्छ। त्यसो त केही अपवादको अवस्थामा बाहेक अन्तर्राष्ट्रिय फौजदारी अदालतको जुनसुकै अङ्गबाट पठाइएको भए पनि सबै अनुरोधहरू राज्यले पालना र कार्यान्वयन गर्नुपर्छ। उचित र विधिसम्मत तरिकाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको अनुरोध कार्यान्वयनको व्यवस्था गरिनु लोकतन्त्र र विधिको शासनको पक्षमा हुन्छ।

४.२.१३ विशेष अवस्थामा प्राप्त सूचना र जानकारीको गोपनीयता कायम गर्ने

अन्तर्राष्ट्रिय फौजदारी अदालतले चाहे लिखित वा मौखिक जे भए पनि केही निश्चित अवस्थामा सूचना र जानकारीको गोपनीयता कायम गर्नुपर्ने कुरालाई मान्यता दिएको छ।[१८९] यस्ता विषयहरू अदालतकै अङ्गहरूलाई पनि सार्वजनिक गर्न नपर्ने व्यवस्था छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई सहयोग गर्ने सिलसिलामा राज्यहरूले यस्ता विशेष अवस्थाका सूचना र जानकारीहरूको गोपनीयता संरक्षणको लागि रोम विधान कार्यान्वयन ऐनमा उपयुक्त व्यवस्था गर्नु जरुरी देखिन्छ।

४.२.१४ साक्षी परीक्षणको कार्यमा सहयोग गर्ने

सामान्यतया अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार भित्र पर्ने अपराधका साक्षीहरूले अदालतले अन्यथा आदेश दिएको अवस्थामा वाहेक आफै उपस्थित भएर प्रमाण दिनुपर्ने व्यवस्था छ। कुनै अभियोगको सिलसिलामा कुनै राज्यमा थुनामा रहेको व्यक्तिलाई साक्षीको रूपमा बुझ्नुपर्ने भएमा पनि सो प्रयोजनका लागि अदालतमा उपस्थित गराइने व्यवस्था छ।[१९०] तर यसका लागि थुनुवा र सम्बन्धित राज्य दुवैको सहमति आवश्यक हुन्छ। यस अतिरिक्त अदालतले अनुमति दिएमा श्रव्य दृश्य प्रविधिको प्रयोगका माध्यमबाट पनि साक्षी परीक्षण गर्न सकिन्छ। साक्षी परीक्षणको विषयमा अदालतबाट देहायको सहयोगका लागि अनुरोध हुन सक्दछः-

- व्यक्तिको पहिचान गर्ने र निजको वतन पत्ता लगाउने।[१९१]

---

१८९ ऐ.धारा ६९(५), नियम ७३)
१९० ऐ. धारा ९३(७)
१९१ ऐ.धारा ९३ (१) (क)

- साक्षीको वकपत्र गराउने र अदालतमा तिनीहरूको उपस्थितिको लागि सहजीकरण गर्ने।[१९२]
- अनुसन्धानको घेरामा रहेका व्यक्तिसँग वयान लिने।[१९३]
- पीडित र साक्षीको संरक्षण गर्ने।[१९४]
- आफ्नो हिरासतमा रहेका व्यक्तिलाई साक्षीको रूपमा बकपत्र गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको जिम्मा लगाउने।[१९५]

उपर्युक्त विषयमा हुने अनुरोधका सन्दर्भमा हामीले आफ्ना नागरिक मात्र होइन विदेशीको पनि र आफनै देशमा रहेकाको मात्र होइन निकट भविष्यमा आफ्नो मुलुकमा प्रवेश गर्ने तरखरमा रहेका र भरखरै देश छाडेकाका हकमा समेत पहिचान र रहे बसेको ठाउँ पत्ता लगाइदिनुपर्ने हुन्छ। त्यस्तै गरी साक्षीको बकपत्र गराउँदा भिडियोको प्रयोग गर्नुपर्ने, अभियोजनकर्ता, प्रतिरक्षी कानुनव्यवसायी लगायत इच्छुक अरुले पनि बकपत्रको कारबाही देख्न र बुझ्न पाउने अवस्था सिर्जना गर्नुपर्ने[१९६] जस्ता व्यवस्थाहरू गर्नुपर्ने हुन्छ। यसैगरी अनुसन्धानको घेरामा रहेका व्यक्तिको बयान गराउँदा निजको अधिकारहरूको संरक्षणको विषय पनि महत्त्वपूर्ण छ। सुनुवाइमा स्वच्छताको सुनिश्चितताको लागि अनुवादको व्यवस्था गर्नुपर्ने, कागजातको नक्कल उपलब्ध गराउनु पर्ने हुन्छ।[१९७] पीडित र साक्षीको संरक्षणका लागि तिनीहरूको वास्तविक नामको सट्टा नयाँ नाम दिनुपर्ने हुन सक्छ। यी विषयहरूमा समेत कानुन निर्माण गर्दा हामीहरूले ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ।

४.२.१५ भौतिक र लिखित प्रमाण एवं अपराधिक सम्पत्ति

भौतिक र लिखित प्रमाणको विषयलाई लिएर अन्तर्राष्ट्रिय फौजदारी अदालतले विभिन्न किसिमको सहयोगको लागि अनुरोध गर्न सक्दछ, जस्तो:-

- कुनै चिजवस्तु रहेको स्थान अथवा व्यक्तिको वतन।[१९८]

---

१९२ ऐ.धारा ९३ (१) (ख)

१९३ ऐ.धारा ९३(१) (ग), ५५(२)

१९४ ऐ.धारा ६८, ४३ (६), ९३ (१)(ञ)

१९५ ऐ.धारा ९३ (७)

१९६ ऐ.धारा ९९(१)

१९७ ऐ.धारा ५५(१)(ग) मा उल्लेख भए बमोमिज अनुवादकर्ताको खर्च पक्षले व्यहोर्न नपर्ने स्थिति छ भने धारा १०० (१)(ख) अनुसार यस्तो खर्च अदालतले व्यहोर्ने व्यवस्था छ।

१९८ ऐ.धारा ९३(१)(क)

- चिहान वा मृतक रहेको स्थान वा क्षेत्रको जाँचबुझ।[१९९]
- खानतलासी लिने र बरामद गर्ने।[२००]
- सरकारी अभिलेखलगायत अन्य लिखत र अभिलेखको व्यवस्था।[२०१]
- अपराधसँग सम्बन्धित साधन एवं सम्पत्ति पत्ता लगाउने, सनाखत गराउने, रोक्का गर्ने, जफत गर्ने।[२०२]

यसको अतिरिक्त राज्यको कानुनद्वारा निषेध नगरिएका अन्य विषयमा पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतले सहयोगका लागि अनुरोध गर्न सक्दछ। राष्ट्रिय सुरक्षाका दृष्टिले संवेदनशील मानिएका विषयमा बाहेक अन्यमा सहयोगका लागि राज्यहरूले आफ्नो कानुनमा कम भन्दा कम नियन्त्रणात्मक व्यवस्थाहरू राख्नुपर्ने हुन्छ। देहाय अनुसारको प्रावधानहरू रोम विधान कार्यान्वयन ऐनमा राख्न आवश्यक देखिन्छ:-

- विधानअन्तर्गतको अपराधको अनुसन्धानको सिलसिलामा राष्ट्रिय सुरक्षाका दृष्टिले संवेदनशील घोषित क्षेत्रबाहेक धार्मिक सांस्कृतिक कारणले अनुसन्धानमा संलग्न व्यक्तिलाई प्रवेश गर्नबाट निषेध गर्न नसकिने कुरा।[२०३]
- अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट खानतलासी र बरामदका लागि अनुरोध भै आएको अवस्थामा या त अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट जारी भई आएको आदेशलाई नै आफ्नै अदालतको आदेश सरह मानी कार्यान्वयन गर्ने वा त्यस्तो अनुरोध प्राप्त हुनासाथ राष्ट्रिय कानुनअन्तर्गत खानतलासीको आदेश जारी गरी बरामद गर्ने कुरा।
- सम्पत्ति रोक्का र जफत गर्ने सम्बन्धमा अन्तराष्ट्रिय फौजदारी अदालतलाई सहयोग गर्ने कुरा।

४.३ फैसला कार्यान्वयन

अन्तर्राष्ट्रिय फौजदारी अदालतले रोम विधानमा तोकिएका अपराधहरूका

---

१९९ ऐ.धारा ९३(१)(छ)
२०० ऐ.धारा ९३(१)(ज)
२०१ ऐ.धारा ९३(१)(झ)
२०२ ऐ.धारा ९३(१)(ट)
२०३ ऐ. धारा ९३(१)(६)

सन्दर्भमा अपराधको गम्भीरता र अपराधी ठहर भएका व्यक्तिको अवस्थालाई हेर्दा आवश्यक भएमा आजन्म कैदको सजाय सम्म गर्न सक्छ[१०४], त्यस्तैगरी जरिवाना[१०५] र तेस्रो पक्षको अधिकारमा प्रतिकूल असर नगर्ने गरी अपराधिक गतिविधिको फलस्वरूप कमाएको सम्पत्ति जफत[१०६]समेत गर्न सक्ने (यस विषयमा परिच्छेद तीनमा पनि चर्चा भइसकेको छ) व्यवस्था छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतलद्धारा गरिएको फैसलाको कार्यान्वयनका सम्बन्धमा रोम विधानको भाग १० मा व्यवस्था गरिएको छ।[१०७] अन्य भागको तुलनामा यो भागमा गरिएका व्यवस्थाहरू केही हदसम्म ऐच्छिक छन्। अर्थात केही दायित्वहरू हामीले अस्वीकार पनि गर्न सक्ने स्थिति छ। तसर्थ फैसलाको कार्यान्वयनको सन्दर्भमा रोम विधानको पक्ष भइसकेपछि हाम्रा के दायित्व हुन्छन् भन्ने बारे यस खण्डमा चर्चा गरिनेछ।

४.३.१ कैद सजायको कार्यान्वयन

रोम विधानको धारा १०५ मा व्यवस्था भएअनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतद्धारा कैद सजाय हुने गरी भएको फैसला पक्षराज्यहरूका निम्ति बाध्यात्मक हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतद्वारा भएको फैसलामा सम्बन्धित राज्यले थपघट गर्न पाउँदैन। कुनै पुनरावेदन वा दोहोर्‍याउने निवेदन उपर निर्णय गर्ने एकमात्र अधिकार अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई छ। सजाय कार्यान्वयन कुन चरणमा पुगेको छ भन्ने कुराले प्रतिवादीको पुनरावेदन गर्ने अधिकारमा कुनै प्रतिकूल असर पार्दैन र कैद लागेको व्यक्ति स्वीकार गरेको कारणले सम्बन्धित राष्ट्रलाई सो व्यक्तिका अधिकारहरूमा हस्तक्षेप गर्ने अधिकार रहँदैन।[१०८]

कैद सजाय असुलीका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग सीमित मात्र कारागार सुविधा उपलब्ध छ। कैद सजायको असुलीका निम्ति अन्तर्राष्ट्रिय फौजदारी अदालत मूलरूपमा अन्य राज्यहरूको सहयोगमा निर्भर रहनु पर्ने बाध्यता

---

१०४ ऐ.धारा ७७ (१) (ख)

१०५ ऐ.धारा ७७ (२) (क)

१०६ ऐ.धारा ७७ (२) (ख)।

१०७ ऐ.धारा १०१ देखि १११ सम्म

१०८ तर विधानको धारा १०३ को (१) (ख)अन्तर्गत राज्यले केही शर्तहरू तोक्न सक्ने व्यवस्था छ। उक्त धारा १०३ को (१) (ख) मा भनिएको छः कैद लागेको मान्छेलाई स्वीकार्ने इच्छाको घोषणा गर्दा राज्यले अदालतले मंजुर गरे बमोजिम विधानको यस भागको अधिनमा रही केही शर्तहरू समेत राख्न सक्नेछ।

छ। तर अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट कैद सजाय हुने ठहराइएका व्यक्तिलाई कैद सजाय भुक्तानी गराउने प्रयोजनका लागि कुनै राज्यले कैद लागेको व्यक्तिलाई ग्रहण गर्न बाध्य पनि छैन। राज्यले यस्तो प्रतिबद्धता जनाउने वा नजनाउने भन्ने कुरा सम्बन्धित राज्यको स्वेच्छाको कुरा हो।[२०९] कैद सजाय भुक्तान गराउने प्रयोजनका लागि कैद सुविधा उपलब्ध गराउन चाहने राज्यहरूको सूची अन्तर्राष्ट्रिय फौजदारी अदालतले तयार गरी राखेको हुन्छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले कुनै अभियुक्तलाई कैद सजाय तोकेको अवस्थामा त्यस्तो कैद कुन राज्यको कारागारमा बसी भुक्तान गर्नुपर्ने हो त्यस्तो राज्यको नाम समेत तोक्नु पर्ने हुन्छ। यसरी राज्यको नाम तोक्दा त्यस्तो सुविधा उपलब्ध गराउन इच्छुकहरूको सूचीभित्र परेका राज्यहरू मध्येबाट तोकिन्छ। कुनै राज्यलाई तोकिएकोमा कुनै परिस्थितिवश त्यो सुविधा उपलब्ध गराउन अप्ठ्यारो आइपरेमा सम्बन्धित राज्यले अविलम्ब अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई जानकारी गराउनु पर्छ।[२१०] कहिलेकाँही कारागार सुविधा उपलब्ध गराउने इच्छा जाहेर गर्दैको अवस्थामा पनि राज्यहरूले केही शर्तहरू राखेको[२११] हुन सक्ने हुँदा ती शर्तहरूको कारणले पनि कुनै व्यक्तिका हकमा कैदमा राख्न पठाउँदा कुनै राज्यलाई अप्ठ्यारो पर्न सक्दछ। जस्तो कुनै राज्यले आफ्नो देशको नागरिकलाई मात्र ग्रहण गर्ने इच्छा जाहेर गरेको हुन सक्छ वा निश्चित अवधिसम्मको कैद लागेको व्यक्तिलाई मात्र ग्रहण गर्ने इच्छा जाहेर गरेको हुन सक्दछ वा आफ्नो देशको कानुनबमोजिमको शर्तमा कैदमा राख्न पाइने भएमात्र ग्रहण गर्छु भन्न सक्दछ। यस्तो स्थितिमा अदालत र सम्बन्धित राज्यबीचको सम्बन्ध यही सम्झौताले निर्धारण गर्दछ।[२१२] अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई राज्यद्वारा प्रस्ताव गरिएका शर्तहरूमा मञ्जुर नभएमा कैद लागेको व्यक्तिलाई उक्त राज्यको सट्टा अर्को राज्यमा पठाउने निर्णय गर्न सक्दछ।[२१३]

यदि कुनै राज्यले पनि कैदीलाई लिन चाहेन भने अदालत रहेको राज्यको

---

२०९ रोम विधानको धारा १०३

२१० ऐ. धारा १०३ (१) (ग)

२११ ऐ.धारा १०३ (१) (ख)

२१२ अष्ट्रिया र अदालत बीच सन् २००५ मा यस्तो सम्झौत सम्पन्न भएको छ भने बेलायत र अदालत बीच सन् २००७ मा सम्झौत सम्पन्न भएको छ।

२१३ रोम विधानको धारा १०३(२) को खण्ड (क)(ख) र धारा १०४(१)

कारगारमा राखिन्छ।[२१४] यस सम्बन्धमा अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापनाका बखत सोको मुकाम राख्ने सम्झौता हुँदा नै सम्बन्धित राज्य र अदालत बीच सहमति भएको हुन्छ।[२१५] कुनै राज्यको कारागारबाट अर्को राज्यमा सारी पाउन कैद लागेको व्यक्तिले पनि निवेदन गर्न पाउने व्यवस्था छ। यी व्यवस्थाहरूको सन्दर्भमा के कस्ता कैदीहरू स्वीकार गर्ने, के कस्ता स्वीकार नगर्ने, सोसम्बन्धी सम्झौता कुन निकायले गर्ने भन्ने बारे रोम विधान कार्यान्वयन ऐनमा व्यवस्था राखिनु उपयुक्त हुन्छ।

यसै सन्दर्भमा अर्को विचारणीय पक्ष के छ भने अदालतले तोकेको सजाय बमोजिम कुनै व्यक्तिलाई कैदमा राख्दा कैदीहरूसँग गरिने व्यवहारका सम्बन्धमा निर्धारित अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्नुपर्ने हुन्छ। यस्ता शर्तहरू आफ्नो राज्यका अरु कैदीहरूको भन्दा घटी वा बढी हुनु हुँदैन।[२१६] यस सन्दर्भमा पनि दायित्व स्वीकार गर्दा विचार गर्नुपर्छ।

साथै कैद सजायको कार्यान्वयन कसरी भैरहेको छ भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले पनि समय समयमा सुपरीवेक्षण गर्न सक्ने व्यवस्था रोम विधानमा छ।[२१७] साथै बीच बीचमा अदालत र कैदमा बसेको व्यक्ति बीच सञ्चार आदान प्रदान गर्न अवरोध गर्न नपाइने र यस्तो सञ्चार गोप्य रहने व्यवस्था पनि गरिएको छ।[२१८] कैदी बन्दीलाई के कस्तो सुविधा र अधिकार प्राप्त हुन्छन् भन्ने विषयमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले निर्देशन गरेका छन्। यस दृष्टिबाट पनि हाम्रो कारागार प्रशासनमा सुधार गर्नु अपरिहार्य भइसकेको छ। तसर्थ सोसम्बन्धी व्यवस्थाहरू राखिनु पर्छ।

लागेको कैद सजाय भुक्तान भएपछि सम्बन्धित व्यक्तिलाई कहाँ र कसरी पठाउने भन्ने सम्बन्धमा विधानको धारा १०७ मा व्यवस्था गरिएको छ। जसअनुसार सम्बन्धित व्यक्तिले चाहन्छ र राज्यले पनि अनुमति दिन्छ भने जुन राज्यको कारागारमा बसेर कैद भुक्तान गरेको हो, कैद भुक्तान भएपछि पनि सोही राज्यमा रहन बस्न सक्छ। होइन भने जुन राज्यले दायित्व लिनुपर्ने हुन्छ त्यही राज्यमा

---

२१४ ऐ.धारा १०३(४)
२१५ ऐ. धारा ३(२)
२१६ ऐ.धारा १०६(२)
२१७ ऐ.धारा १०६(१)
२१८ ऐ.धारा १०६(३)

पठाइन्छ। यदि सम्बन्धित व्यक्ति अर्को राज्यमा जान चाहन्छ र त्यो राज्यले पनि मञ्जुर गर्छ भने व्यक्तिले चाहेको राज्यमा पनि पठाउन सकिन्छ। रोम विधानअनुसार व्यक्तिलाई यसरी अर्को राज्यमा पठाउँदा लाग्ने खर्च सम्बन्धित राज्यले ब्यहोर्न सक्दछ। यदि सम्बन्धित राज्यले व्यहोरेन भने यी खर्चहरू अन्तर्राष्ट्रिय फौजदारी अदालतले नै ब्यहोर्दछ।[३१९] विधानको धारा १०८ को अधीन रहेर कैद भुक्तान गरेको व्यक्तिलाई अर्को कुनै राज्यले सपुर्दगी गर्न वा जिम्मा लगाउन पनि सक्दछ।[३२०] विधानको धारा १०८ अनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्वीकृतिबिना कैद भोगिरहेको व्यक्तिलाई पहिल्यै गरिएको आपराधिक कार्यको सन्दर्भमा तेस्रो राज्यसमक्ष अभियोजन गर्न वा सजाय गर्नको लागि सुपर्दगी गर्न निषेध गरेको छ। अदालतले स्वीकृति दिँदा पनि सम्बन्धित पक्षको विचार सुनुवाइ गरेर मात्र यस्तो निर्णय लिनु पर्छ। तर यस प्रकारको बन्देज सम्बन्धित व्यक्तिले कैद भुक्तान गरेर पनि ३० दिन भन्दा बढी सोही देशमा बसेमा वा आफ्नो देशमा फर्केमा त्यसपछि लागु हुँदैन। यसतर्फ पनि रोम विधान कार्यान्वयन ऐन निर्माण गर्दा नेपालले ध्यान पुऱ्याउनु पर्छ।

४.३.२ जरिवाना असुल गर्ने र जफत गर्ने

अन्तर्राष्ट्रिय फौजदारी अदालतले फैसला गर्दा कुनै व्यक्तिउपर जरिवाना हुने ठहराई फैसला गरेमा वा निजको कुनै सम्पत्ति जफत हुने ठहराई फैसला भएमा अदालतले सम्बन्धित पक्ष राज्यलाई त्यस्तो व्यक्तिको सम्पत्ति पत्ता लगाउन वा रोक्का गर्न अनुरोध गर्न सक्दछ।[३२१] अदालतबाट यस्तो अनुरोध प्राप्त भएमा पक्ष राज्यहरूले विधानको भाग ९ को अधीन रहेर अनुरोधबमोजिमको कार्य सम्पन्न गर्न सहयोग गर्नु पर्दछ। यसका अतिरिक्त अदालतले प्रतिवादीका नाममा पीडितलाई हानिपूरण (Reparation) गर्न पनि आदेश दिन सक्दछ।[३२२] अदालतबाट प्रतिवादीका नाममा यस्तो आदेश भएकोमा त्यस्तो आदेश कार्यान्वयनका लागि सम्बन्धित राज्यले सहयोग गर्नुपर्ने हुन्छ।[३२३] अदालतको आदेशबमोजिम प्राप्त हुन आएको सम्पत्ति वा बिगो मुद्दा अन्तिम भएपछि सम्बन्धित राज्यले अदालतलाई नै हस्तान्तरण गर्नुपर्छ।

---

३१९ ऐ.धारा १०७(२)
३२० ऐ.धारा १०७(३)
३२१ ऐ.धारा ७७(२)(क) र धारा ९३(१)(ट)
३२२ ऐ.धारा ७५(२)
३२३ ऐ.धारा ७५(५) तथा धारा १०९)

यी कुराहरूको सम्बन्धमा रोम विधान कार्यान्वयन ऐनमा आवश्यक व्यवस्थाहरू गरिनु आवश्यक देखिन्छ।

४.३.३ सजायको पुनरावलोकन

सामान्यतया लागेको कैद अवधि भुक्तान नभएसम्म कैद लागेको व्यक्तिलाई कैदबाट मुक्त गरिँदैन। तर केही अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले कैद अवधि भुक्तान हुनु अगावै पनि लागेको कैद सजायको बारेमा पुनरावलोकन गर्न सक्छ। उदाहरणार्थ विधानको धारा ११० को उपधारा (३) अनुसार कुनै व्यक्तिले तोकिएको सजायको दुईतिहाई अथवा जन्मकैदको सजाय तोकिएकाको हकमा २५ वर्षको कैद अवधि भुक्तान गरेपछि सजाय अवधि घटाउन पर्ने नपर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले पुनरावलोकन गर्न सक्छ। यदि देहायको कुनै एक वा बढी अवस्थाहरू विद्यमान रहेको पाइएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले पहिले तोकेको सजाय घटाउन सक्दछ:-

- अदालतको अनुसन्धान एवं अभियोजनको कार्यमा शुरु देखि नै सहयोग गरेको,
- अदालतबाट भएको फैसलाको कार्यान्वयनमा स्वेच्छाले सहयोग गरेमा,
- सजाय घटाउनु पर्ने अन्य मनासिब आधारहरू रहेमा।

कैद सजाय ठहर भएको कुनै व्यक्ति कारगारबाट भागेमा अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग परामर्श गरी सम्बन्धित राज्यले त्यस्तो व्यक्तिलाई आत्मसर्मपण गर्न अनुरोध गर्न सक्दछ। अदालतले पनि विधानको भाग ९ को कार्यविधि अवलम्बन गरी त्यस्तो व्यक्तिलाई बुझाउन व्यक्ति रहेको राज्यसँग अनुरोध गर्न सक्दछ। रोम विधान कार्यान्वयनको कानुन बनाउँदा यस तर्फ पनि दृष्टि पुऱ्याइनु आवश्यक छ।

सङ्क्षेपमा परिच्छेद ४ मा हामीहरूले रोम विधानको पक्ष भइसकेपछि वहन गर्नुपर्ने तीनवटा प्रमुख दायित्वहरू: रोम विधानद्वारा परिभाषित अपराधहरूको अनुसन्धान र अभियोजन, अदालतलाई गर्नुपर्ने सहयोग र फैसला कार्यान्वयनसम्बन्धी दायित्व बारेमा यस खण्डमा थप स्पष्ट गरियो। यी दायित्वहरूको कार्यान्वयनको सन्दर्भमा के कस्तो राष्ट्रिय तयारी आवश्यक छ भन्ने बारे परिच्छेद-५ मा चर्चा गरिनेछ।

परिच्छेद-५

निष्कर्ष र सुझाव

५.१ निष्कर्ष

संयुक्त राष्ट्रसङ्घको स्थापनासँगसँगै दण्डहीनता विरुद्ध राष्ट्रसङ्घले चालेको अभियानलाई मूर्तरूप दिने क्रममा पटकपटकको छलफल र प्रयासपछि सन् १९९८ मा इटालीको रोममा भएको सम्मेलनबाट जारी भएको अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान लागु भएको पनि झण्डै नौ वर्ष पुगिसकेको छ। सन्धिजनित यो विधानको पक्ष राष्ट्रहरू १ सय १५ पुगिसकेका छन्।[३३४] विधानले युद्धअपराध, जातिहत्या, मानवता विरुद्धको अपराध तथा सशस्त्र आक्रमणको अपराधलाई अपराधको रूपमा परिभाषित गरेको छ। यद्यपि सन् २०१० मा भएको कम्पाला पुनरावलोकन सम्मेलनबाट विधानको धारा १२१ र १२३ बमोजिम आक्रमणको परिभाषा गरिए पनि सोसम्बन्धी व्यवस्था सन् २०१७ देखि मात्र प्रारम्भ हुन सक्ने व्यवस्था गरिएको छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले रोम विधानअनुसार परिपुरक क्षेत्राधिकार ग्रहण गर्ने सिद्धान्त आगालेको हुनाले राष्ट्रिय अदालतको फौजदारी क्षेत्राधिकारलाई यसले प्रतिस्थापन गर्दैन। बरु राष्ट्रको फौजदारी न्यायप्रणाली बलियो हुनुपर्ने कुरामा विधानले परोक्षरूपमा जोड दिन्छ। राष्ट्रको फौजदारी न्यायप्रणाली र सोअन्तर्गतका संरचनाहरूमार्फत अन्तर्राष्ट्रिय अपराध गर्नेहरूउपर अनुसन्धान, अभियोजन र पुर्पक्ष हुन नसकेको वा गर्न नचाहेको वा बदनियतपूर्वक अभियुक्तलाई जोगाउने उद्देश्यबाट अभियोजन गरिएको अवस्थामा मात्र दण्डहीनतालाई उन्मुक्ति दिनबाट रोक्ने उद्देश्यले अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गर्दछ। यसरी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरिसकेपछि रोम विधान अनुसार पक्ष राष्ट्रले अदालतलाई आवश्यक सहयोग गर्नुपर्ने हुन्छ।

३३४ April 2011[update], 114, http://en.wikipedia.org/wiki/States_Parties_to_the_Rome_Statute_of_the_International_Criminal_Court

यसप्रकार रोम विधान दण्डहीनता विरुद्धको अभियानको सन्दर्भमा आएको र यसले परिपुरक क्षेत्राधिकारको सिद्धान्त अङ्गालेकोले राष्ट्रको फौजदारी न्यायप्रणाली र यसका अङ्गहरूको सशक्तिकरण प्राथमिक कुरा बनेको छ। विधानको पक्ष भइसकेपछि त्यसको इमान्दारीपूर्वक पालना गर्नुपर्ने, विधानको व्यवस्था लागु गर्न इन्कार गर्न नमिल्ने साथै रोम विधानमा उल्लेखित अपराधको परिभाषालाई साँघुरो पार्न नमिल्ने र विधानको व्यवस्थामा आरक्षण राख्न नपाइने समेत सन्दर्भमा रोम विधानको अनुमोदन गरी पक्ष हुनुपूर्व नै कार्यान्वयनको लागि आवश्यक तयारी गर्नु आवश्यक छ।

रोम विधानको कार्यान्वयनको लागि नेपालले के कस्ता पूर्वाधारहरू तथा तयारी गर्नु आवश्यक हुन्छ भन्ने सन्दर्भमा रोम विधानमा भएका व्यवस्थाहरू, रोम विधानको पक्ष भएका राष्ट्रहरूले अवलम्बन गरेका उत्तम प्रयासहरू (Best Practices) लगायतका अघिल्ला परिच्छेदमा गरिएको विश्लेषणका आधारमा केही सुझाव यहाँ प्रस्तुत गरिएको छ।

५.२ सुझाव

माथि नै उल्लेख भइसकेको छ - अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्ने रोम विधान दण्डहीनता विरुद्धको अभियानको रूपमा आएको र यस विधानअन्तर्गत स्थापित अदालत न्यायको लागि अन्तिम उपायको रूपमा रहेकोले पक्ष राष्ट्रको फौजदारी न्यायप्रणालीलाई सशक्त र रोम विधान अनुकूल बनाउनु आवश्यक छ। विधानको अनुमोदन गरेपछि मात्र विधानद्वारा सिर्जना भएका दायित्वहरूलाई सम्बोधन गर्न थाल्नुको सट्टा अनुमोदनपूर्व नै आवश्यक गृहकार्य गर्नु उपयुक्त हुन्छ। रोम विधानको कार्यान्वयनको लागि विद्यमान फौजदारी कानुनमा सुधार, नयाँ कानुन र संरचनाको निर्माण, कार्यविधिमा संशोधन वा निर्माण, संरचनामा रहने जनशक्तिको क्षमता विकास लगायतका विषयमा ध्यान दिनु पर्ने हुन्छ। त्यस्तै राष्ट्रिय फौजदारी न्यायप्रणालीको अतिरिक्त अन्तर्राष्ट्रिय फौजदारी अदालतमा अन्तर्राष्ट्रिय अपराधका मुद्दाहरू पुगेमा सो अदालतलाई अभियुक्त पक्राउ गर्नेदेखि प्रमाण सङ्कलन तथा फैसला कार्यान्वयनसम्मका चरणहरूमा सहयोग गर्ने सम्बन्धमा सहयोग र सहायतासम्बन्धी छुट्टै कानुन निर्माण गर्नुपर्ने अवस्था आउँछ।

५.२.१ नेपाल पक्ष भएका मानवअधिकारसँग सम्बन्धित महासन्धिहरूद्वारा सिर्जित दायित्वको कार्यान्वयन

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा उल्लेखित अपराधहरू एकदमै नौलो र नयाँ प्रकृतिका छैनन्। मानवअधिकार तथा मानवीय कानुनसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमा भएका व्यवस्थाहरूको समष्टिगत रूप रोम विधानमा देख्न सकिन्छ। अधिकांश यस्ता महासन्धिहरूको नेपाल पक्ष भइसकेको छ। तर, आफू पक्ष भएको महासन्धिहरूको कार्यान्वयनमा उदासिनता एउटा समस्याको रूपमा नेपालमा रहेको छ। जातिहत्या अपराधको बचावट तथा सजाय गर्ने महासन्धि १९४८, १९४९ को चारवटा जेनेभा महासन्धि, दासत्व महासन्धि १९२६, दास व्यापार तथा दासत्व संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि १९५६, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६, रङ्गभेदउपरको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९७३, यातना विरुद्धको महासन्धि १९८४ लगायतका महासन्धिहरूमा नेपाल पक्ष भइसकेको छ। तथापि महासन्धिहरूद्वारा सिर्जित दायित्व पूरा गर्नेतर्फ पर्याप्त ध्यान पुग्न सकेको छैन। यिनै महासन्धिहरूमा उल्लेखित व्यवस्थाहरू रोम विधानमा पनि समावेश भएको सन्दर्भमा आफू पक्ष भएको महासन्धिहरूद्वारा सिर्जित दायित्व पूरा गरेमा मात्रै पनि रोम विधानको पक्ष बन्नको लागि एक हदको तयारी गरेको मान्न सकिन्छ। अन्तर्राष्ट्रिय महासन्धिहरूद्वारा सिर्जित दायित्व पूरा गर्न तथा सन्धिको अनुमोदन गर्न सर्वोच्च अदालतले जारी गरेको निर्देशनात्मक आदेशको पालना भएमा मात्रै पनि दण्डहीनताको अन्त्यको लागि प्रशस्त आधारहरू खडा हुन सक्छन्। तसर्थ नेपालले आफू पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनसँग सम्बन्धित महासन्धिद्वारा सिर्जित दायित्वलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्न आवश्यक छ।

५.२.२ संवैधानिक व्यवस्था र सोको कार्यान्वयन

संविधानमा अन्तर्राष्ट्रिय सन्धिको हैसियत के कस्तो हुने भन्नेबारे स्पष्ट व्यवस्था गर्न आवश्यक छ। संविधानमा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिको प्रभावकारी कार्यान्वयन गर्ने भन्ने व्यवस्था भाग चारमा गरिएको भए पनि यो व्यवस्थाको पालना गर्नेतर्फ खासै काम हुन सकेको छैन। तसर्थ भएको संविधानमा

लेखिएका अक्षर र तिनका भावनाको कदर गर्नु पनि पर्दछ। नेपाल नयाँ संविधान निर्माणको क्रममा रहेकोले आफू पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धिको हैसियतबारे संविधानमा नै स्पष्ट व्यवस्था गर्नु आवश्यक छ। सैद्धान्तिकरूपले आज सम्म हामीले द्वैतवादी (Dualist) पद्दति अनुशरण गरेको हुँदा यदि एकत्ववादी (Monist) पद्धतिको अनुशरण गर्ने हो भने त्यो व्यवस्था संविधानमा नै स्पष्टसँग राख्नु जरुरी हुन्छ। मानवअधिकारसम्बन्धी महासन्धिहरूको प्रत्यक्ष कार्यान्वयन हुन सक्ने गरी नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) मा रहेको हालको व्यवस्था संविधानमा नै राखिनु आवश्यक देखिन्छ।

५.२.३ संविधानमा संशोधन

अन्तर्राष्ट्रिय सन्धिको पक्ष भइसकेपछि त्यस्ता सन्धिको इमान्दारीपूर्वक कार्यान्वयन गर्नु पर्दछ। संविधानसँग बाझिएको भन्ने वा अन्य आधारले सन्धिको व्यवस्था लागु गर्न इन्कार गर्न वा अत्तो थाप्नु उपयुक्त हुँदैन। रोम विधान पनि अन्तर्राष्ट्रिय सन्धि नै भएकोले यसको कार्यान्वयनको तयारी चरणमा रोम विधान प्रतिकूल संवैधानिक व्यवस्थालाई मिलाउनुपर्ने वा संशोधन गर्नुपर्ने हुन सक्छ। उदाहरणको लागि नेपालको अन्तरिम संविधान २०६३ को धारा १५१ को मन्त्रिपरिषद् को सिफारिशमा राष्ट्रपतिले जुनसुकै अदालत वा अन्य कुनै न्यायिक अर्द्धन्यायिक वा प्रशासकीय पदाधिकारी वा निकाले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्ने भन्ने व्यवस्थामा अन्तर्राष्ट्रिय अपराधहरू-युद्धअपराध, जातिहत्या, मानवता विरुद्धको अपराध, सशस्त्र आक्रमणको अपराधमा तथा मानवअधिकारको गम्भीर उल्लङ्घन मा अदालतबाहेक अन्य निकायले सजायको पुनरावलोकन गर्न वा सजाय घटाउन नसक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। यसअघिका संविधानले जस्तो अन्तरिम संविधानले राष्ट्रपति, उपराष्ट्रपति वा प्रधानमन्त्री लगायत कसैलाई पनि कुनै उन्मुक्ति प्रदान नगरेकाले विधानद्वारा सिर्जित यससम्बन्धी दायित्वको विषयमा कुनै व्यवस्था गर्नु वा विद्यमान संवैधानिक व्यवस्थामा संशोधन गर्नु आवश्यक देखिँदैन। अभियुक्तका अधिकार, जस्तै पीडितको न्यायिक प्रक्रियामा सहभागी हुने र क्षतिपूर्तिको विषयमा पुनरावेदन गर्ने हकसमेत प्रत्याभूत गरिनु राम्रो हुन्छ।

५.२.४ अन्य कानुनमा सुधार

रोम विधानको कार्यान्वयनको सन्दर्भमा विद्यमान फौजदारी कानुनमा नै संशोधन गर्न र एउटा रोम विधान कार्यान्वयन ऐनको साथै कार्यविधि नियमहरू आवश्यक पर्ने देखिन्छ। अदालतलाई गर्ने सहयोग र फैसला कार्यान्वयनका व्यवस्था रोम विधान कार्यान्वयन ऐनमा र स्थानीय तहमा विधानले लक्ष्य गरेअनुरूप मुद्दा चलाउने कुरामा फौजदारी कानुनमा नै उपयुक्त व्यवस्था गर्नु पर्ने हुन्छ। जुन विषयमा स्थानीय कानुनमा व्यवस्था छ, त्यसलाई रोम विधानसँग मिल्दो बनाउन र विधानको व्यवस्थाको कार्यान्वयनमा सहयोग पुग्ने गरी कानुनी सुधारका क्षेत्र पहिचान गर्नु पर्ने हुन्छ। उदाहरणको लागि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ मा रहेको मुद्दा फिर्तासम्बन्धी व्यवस्थामा पुनरावलोकन आवश्यक हुन्छ किनकि अन्तर्राष्ट्रिय अपराधहरूमा मुद्दा फिर्ताको व्यवस्थाले आममाफी (Blanket Amnesty) को रूप धारण गर्न सक्दछ। रोम विधानले यस्तो आममाफीलाई अनुमति प्रदान गर्दैन। त्यसैगरी अन्तर्राष्ट्रिय अपराधहरूमा हदम्यादको बन्देज नलाग्ने, क्षेत्राधिकारमा विस्तार गर्ने, व्यक्तिगत फौजदारी दायित्व वहन गर्नुपर्ने गरी खासगरी प्रहरी, सैनिक ऐन, स्थानीय प्रशासन ऐन लगायतमा संशोधन गर्ने, न्याय प्रशासन विरुद्धको कार्यलाई कसुर घोषित गरी सजाय गर्ने, समादेशक वा तालुकवालाले आफ्नो कर्तव्य पूरा नगरेकोमा उनीहरूको कार्यलाई अपराध घोषित गरी सजाय गर्ने, अपराधबाट पीडित तथा प्रभावितलाई हानिपूरण (Reparation) को व्यवस्था गर्ने गरी कानुनमा परिमार्जन गर्ने, न्यायको चरम दुरूपयोग (Miscarriage of Justice) भएबाट पीडित हुनेलाई क्षतिपूर्ति दिने, पीडित र गम्भीर अपराधका साक्षीको संरक्षणको व्यवस्था गरी साक्षीलाई डर त्रास वा धम्की दिने कार्यलाई अपराध घोषित गर्ने, न्याय प्रशासनको कार्यमा बाधा अबरोध पुऱ्याउने कार्यलाई एक गम्भीर फौजदारी अपराध मानी सजायको व्यवस्था गर्ने गरी सम्बद्ध ऐन कानुनमा सुधार वा परिमार्जन गर्नेतर्फ रोम विधानको कार्यान्वयनको तयारीको क्रममा पहल हुन आवश्यक छ। नेपाली कानुनमा कहाँ कहाँ के कस्तो सुधार आवश्यक छ भन्नेबारे परिच्छेद-३ मा औंल्याइएको छ। कतिपय कुराहरू प्रस्तावित अपराध संहितामा समावेश भइसकेकाले समावेश नभएका वा समावेश भए पनि उपयुक्त ढङ्गले नपरेका कुराहरूमा मसौदाको चरणमा विशेष ध्यान दिनुपर्ने हुन्छ।

५.२.५ नयाँ कानुनी र संरचनागत व्यवस्था

रोम विधानले जातिहत्या, युद्धअपराध र मानवता विरुद्धको अपराधलाई हाल क्षेत्राधिकार ग्रहण गर्ने गरी तोकेकोले विधानमा उल्लेखित तीनवटा अपराधअन्तर्गत पर्ने कृत्यहरूलाई हु-बहु रूपमा कसुर कायम गरी सजायको व्यवस्था गर्न आवश्यक छ। यसका लागि विभिन्न मोडालिटीहरू अपनाइएको रोम विधानको पक्ष भएका राष्ट्रहरूले गरेको अभ्यासबाट पनि पृष्ठपोषण लिन सकिन्छ। रोम विधानमा उल्लेखित अपराधपिच्छे तिनलाई सम्बोधन गर्न छुट्टाछुट्टै ऐन वा रोम विधान कार्यान्वयन ऐन भनेर तीनवटै अपराधलाई एउटै ऐनमा परिभाषित गरी एकीकृत ऐन ल्याउने र कानुनी सहयोगसम्बन्धी छुट्टै ऐन जारी गर्ने गरिएको तथा राष्ट्रको फौजदारी संहितामा समावेश गर्ने गरिएका उदाहरणहरू पनि पाउन सकिन्छ। रोम विधानको पक्ष भएका धेरै देशहरूले रोम विधान कार्यान्वयन ऐन र न्यायिक काम कारबाहीमा सहयोगसम्बन्धी ऐन बनाउने गरेको पाइएको सन्दर्भमा नेपाल रोम विधानको पक्ष भएपछि विधानमा उल्लेखित अन्तर्राष्ट्रिय अपराधहरूलाई राष्ट्रको कानुनमार्फत अपराध घोषित गर्ने कुरा लगायतका आधारभूत कुराहरूलाई रोम विधान कार्यान्वयन ऐनमा राखी बाँकी कुराहरू जस्तो:- अपराधमा मनसाय तत्त्व निर्धारण गर्ने, प्रमाणको ग्राह्यता र प्रमाण बुझनेसम्बन्धी प्रक्रिया व्यवस्थित गर्ने सम्बन्धमा तथा सजाय निर्धारण र फैसला कार्यान्वयनसम्बन्धी व्यवस्था अपराध संहिता लगायतका बिशेष कानुन, प्रमाण कानुन र कार्यविधि कानुनमा राख्नु आवश्यक देखिन्छ। यसको लागि उपयुक्त छलफल र पूर्वतयारी आवश्यक पर्छ। रोम विधान कार्यान्वयन ऐनमा देहायका कुराहरू समावेश हुन उपयुक्त हुन्छः-

- रोम विधानमा उल्लेखित अपराधहरूलाई हु-बहु रोम विधान कार्यान्वयन ऐनमा समावेश गर्ने र सजायको व्यवस्था पनि विधानमा भएको व्यवस्था अनुकूल हुने गरी गर्ने,
- रोम विधानको पक्ष भएपछि भए गरेका कसुरको हकमा मात्र ऐन लागु हुने व्यवस्था गर्ने,
- क्षेत्राधिकारसम्बन्धी व्यवस्थामा राष्ट्रको अदालतको प्राथमिक क्षेत्राधिकार र अन्तर्राष्ट्रिय फौजदारी अदालतको परिपुरक क्षेत्राधिकार रहने व्यवस्था,
- विधानमा परिभाषित अपराधहरू स्वतन्त्ररूपमा अनुसन्धान, अभियोजन, पुर्पक्ष, सजाय र पुनरावलोकन गर्नेसम्बन्धी व्यवस्था,

- के कस्तो परिस्थितिमा अभियुक्तलाई कारबाहीको लागि अदालतलाई सिफारिश गर्ने भन्ने व्यवस्था,
- अभियुक्तलाई प्राप्त अधिकार, सजायको गम्भीरता बढाउने विषय फौजदारी दायित्वबाट बाहेक गर्न सक्ने अवस्था,
- रोम विधान कार्यान्वयन ऐनअन्तर्गतका अपराधसँग सम्बन्धित मुद्दाहरू फिर्ता लिन नमिल्ने, अन्तर्राष्ट्रिय फौजदारी अदालतले गरेको सजाय पक्ष राष्ट्रको अदालतले सो सजाय घटाउने वा माफी दिन नमिल्ने व्यवस्था गर्ने,
- व्यक्तिगत फौजदारी दायित्व वहन गर्ने, समादेशक तथा तालुकवाला अधिकारी जिम्मेवार हुने व्यवस्था,
- पीडितको न्याय व्यवस्थामा सहभागिताको कुरा,
- पीडित र साक्षीको संरक्षण तथा सुरक्षासम्बन्धी व्यवस्था,
- विधानअन्तर्गतका कसुरमा हदम्याद नलाग्ने व्यवस्था गर्ने,
- पक्राउ र गिरफ्तारीसम्बन्धी व्यवस्था।

सङ्क्षेपमा सानो रोम विधान कार्यान्वयन ऐन बनाई बाँकी कुराहरू अन्य सम्बद्ध राष्ट्रिय कानुनी प्रणालीमा समावेश गर्ने गरी संरचनामा आवश्यक सुधार गर्नु पर्दछ।

५.२.६ अदालतको काम कारबाहीमा सहयोगसम्बन्धी कानुन निर्माण

रोम विधानको अपेक्षा राष्ट्रिय क्षेत्राधिकारअन्तर्गत नै विधानमा उल्लेखित अपराधमा अनुसन्धान, अभियोजन र पुर्पक्ष होस भन्ने भएपनि राज्यले साँच्चिकै अनुसन्धान र अभियोजन गर्न अनिच्छुक भएमा, राज्यले अनुसन्धान गरेको तर अनिच्छाकै कारण अभियोजन नगरेमा, राज्य यथार्थमा नै अनुसन्धान र अभियोजन गर्न असक्षम भएमा, अनुसन्धान गरेको तर असक्षमताको कारण अभियोजन नगरेमा, बदनियतपूर्वक अभियुक्तलाई आपराधिक दायित्वबाट जोगाउन कथित अभियोजन गरेमा, अभियुक्तलाई फौजदारी दायित्वबाट जोगाउने, अनाबश्यक ढिलाई गर्ने, स्वतन्त्र र निष्पक्षतापूर्वक कारबाही नचलाइएमा वा बदनियतपूर्वक कारबाही चलाएमा वा देखावटी सजाय गरेमा वा राष्ट्रिय न्यायिक पद्दतिको अनुपस्थिति वा ध्वस्त (Collapse) भएको स्थितिमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको परिपुरक

क्षेत्राधिकारलाई रोक्न सकिन्न। अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार ग्रहण गरेको अवस्थामा सम्बन्धित राज्य पक्षले अदालतलाई आवश्यक कानुनी सहयोग र सहायता उपलब्ध गराउनु पर्ने हुन्छ। यस्तो अवस्थामा अदालतलाई न्यायिक कामकारबाहीमा सहयोग पुर्‍याउन राष्ट्रले आवश्यक कानुनी व्यवस्था गर्नु पर्दछ। यस्तो व्यवस्था रोम विधान कार्यान्वयन ऐनमा वा न्यायिक सहायता र सहयोगसम्बन्धी छुट्टै कानुनमा समावेश गर्नुपर्ने हुन्छ। यसको लागि तयारी स्वरूप सम्बद्ध क्षेत्रमा छलफल चलाउनु पर्ने हुन्छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई न्यायिक काम कारबाहीमा सहयोगसम्बन्धी व्यवस्थामा परिच्छेद-चारमा उल्लेख गरिएबमोजिमका देहायका कुराहरू समावेश गर्नु आवश्यक छ :-

- पक्ष राष्ट्रहरूलाई अदालतद्वारा मुद्दाको अनुसन्धान वा पुर्पक्षको सन्दर्भमा अभियुक्त पक्राउ वा समर्पणको लागि, कुनै सूचना वा प्रमाण सङ्कलनको लागि अनुरोध भई आएमा तत्काल कार्यान्वयन गरिदिने व्यवस्था,
- अनुरोध कार्यान्वयनकै लागि आवश्यक भएदेखि बाहेक सम्बन्धित राज्य पक्षले अदालतद्वारा सहयोगको लागि गरिएको अनुरोध र सो सहयोगसम्बन्धी अन्य कागजातहरू गोप्य रहने भन्ने व्यवस्था,
- अदालतद्वारा गरिएको सहायता अनुरोधको कार्यान्वयनमा बाधा अड्काउ परेमा विनाविलम्ब पक्ष राष्ट्रहरूले अदालतसाग परामर्श गर्ने निकाय र प्रक्रियाको व्यवस्था,
- अदालतबाट जारी भएको पक्राउ पुर्जी, म्याद तुरुन्त तामेल गर्ने, गिरफ्तार व्यक्तिलाई न्यायिक अधिकारीसमक्ष उपस्थित गराई अन्तर्राष्ट्रिय फौजदारी अदालतसमक्ष सुम्पुवा गर्ने व्यवस्था,
- गिरफ्तार भएको व्यक्तिले अन्तरिम रिहाइको निवेदेन गरेमा अदालतमा सिफारिस गर्ने वा अपराधको गाम्भीरता, अन्तरिम रिहाइको पुष्टिका आधारको स्थितिको सुनिश्चितता भएमा अन्तरिम रिहाई पक्ष राष्ट्रहरूको अदालतले दिई सोको अद्यावधिक प्रतिवेदन अदालतसमक्ष पेश गर्ने व्यवस्था,
- पक्राउ पुर्जी जारी नभई म्याद जारी हुने अवस्थामा सम्बन्धित व्यक्तिलाई म्याद तामेल गर्ने कर्तव्य पक्ष राज्यको हुने हुँदा सोसम्बन्धी व्यवस्था,
- रोम विधानमा उल्लेखित अपराधमा आरोपित व्यक्ति समर्पण गराउने

(Surrender) कार्य गर्न पक्ष राज्यले इन्कार गर्न नहुने हुँदा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा पठाउने व्यवस्था,

- एकै व्यक्तिका हकमा अदालतले पनि जिम्मा लगाई दिन अनुरोध गरेको र अर्को राज्यले पनि सुपुर्दगीको लागि अनुरोध भई दोहोरो अनुरोध भएको अवस्थामा पक्ष राष्ट्रले अदालतलाई समर्पण गर्ने कुरालाई पहिलो प्राथमिकता दिने व्यवस्था,
- कुनै राज्यले गिरफ्तार व्यक्तिलाई अदालतमा लैजाँदा आफ्नो भूमि प्रयोग गरेमा अदालतको अनुरोधमा अनुमति दिने व्यवस्था,
- अदालतले प्रमाण सङ्कलन र संरक्षणको तथा साक्षीको उपस्थितिको लागि गरेको अनुरोध कार्यान्वयन गर्ने विधि र व्यवस्था,
- फैसला कार्यान्वयनसम्बन्धी व्यवस्था
    - लागेको कैद कार्यान्वयनम्बन्धी व्यवस्था,
    - जरिवाना लागेकोमा वा सम्पत्ति जफत हुने फैसला भएकोमा त्यस्तो व्यक्तिको सम्पत्ति पत्ता लगाउने वा रोक्का गरिदिने।

५.२.७ राष्ट्रिय फौजदारी न्यायप्रणालीको सशक्तीकरण

परिपूरकताको सिद्धान्तको सार नै रोम विधानअन्तर्गतका अपराधलाई पक्ष राष्ट्रले आफ्नो कानुनमा समावेश गरी त्यस्ता अपराधमा यथार्थमा नै अनुसन्धान र अभियोजन गर्छ भन्ने हो। त्यसमा अभियोजन पक्षको न्यायिक मन र उचित न्यायिक प्रक्रियाको सुनिश्चितता महत्त्वपूर्ण हुन्छन्। यसको अर्थ अभियुक्त त्रुटिपूर्ण अनुसन्धान र अभियोजनको कारण न्याय पाउनबाट वञ्चित हुने वा उम्कने स्थिति बन्नु हुँदैन। त्यसैले रोम विधानमा उल्लेखित अपराधलाई राष्ट्रिय कानुनमा समावेश गरी अपराध घोषित गरी सजायको व्यवस्था गर्ने मात्र होइन, फौजदारी न्यायप्रणालीका अवयवहरू- अनुसन्धान निकाय प्रहरी, अभियोजन निकाय सरकारी वकिल र पुर्पक्ष निकाय अदालतलाई पनि सशक्त बनाउन आवश्यक छ। सत्ता र शक्तिमा रहेकाहरूको विरुद्धमा जाहेरी नै नलिने, अनुसन्धान वा अभियोजन नै नगर्ने परिपाटीको अन्त्य गरी व्यक्तिगत फौजदारी दायित्व वहन गराउने स्थितिको शुरुआत गर्नु पर्दछ। अन्तर्राष्ट्रिय अपराधमा अनुसन्धानको लागि पृथक र विशेष व्यवस्था गर्नुको साथै राजनीतिक पदको रूपमा नियुक्त हुने प्रमुख अभियोजक महान्यायाधिवक्ताको राजनीतिक

धरातलले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनमा नै गम्भीर प्रभाव पार्ने हुनाले प्रमुख अभियोजनकर्ता महान्यायाधिवक्ताको पदलाई व्यवसायिक बनाउन अहिलेदेखि नै सोच्नु उपयुक्त हुन्छ। हाल नयाँ संविधान निर्माणको क्रम रहेकोले पनि फौजदारी न्यायप्रणालीको सशक्तीकरणको लागि महान्यायाधिवक्ताको पदलाई राजनीतिक नभई व्यावसायिक बनाउनु पर्दछ। यदि यसो नगर्ने हो भने प्रमुख अभियोजनकर्ता (Chief Prosecutor) को पद संविधानमा राख्नु उपयुक्त हुन्छ। रोम विधानद्वारा परिभाषित अपराधको अनुसन्धान र अभियोजनको लागि प्रमुख अभियोजनकर्ताको नेतृत्वमा विशेष संयन्त्रको व्यवस्था गरी यसले सम्बन्धित अदालतको उचित निर्देशनमा काम गर्नु पर्ने व्यवस्था गर्नु पर्दछ।

५.२.८ कारागार प्रशासनमा सुधार

कैद सजायको असुलीको लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत मूल रूपमा पक्ष राष्ट्रहरूको सहयोगमा निर्भर रहनु पर्ने भएकोले कैद सजाय भुक्तान गराउने प्रयोजनको लागि कैद सुविधा उपलब्ध गराउन चाहने राज्यहरूको अदालतले तयार पारेको सूचीमा परेका राज्यमा कैद भुक्तान गर्नको लागि अदालतले फैसलामा नै तोक्ने हुँदा अन्तर्राष्ट्रिय मापदण्ड अनुकूलको सुविधा तत्काल उपलब्ध गराउन नसक्ने भएमा अदालतलाई जानकारी गराउने कानुनी व्यवस्था गरिनु पर्छ। साथै अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी कैद लागेको व्यक्तिको कैद भुक्तानको लागि कारागारमा राख्नुपर्ने हुँदा कारागार प्रशासनमा पक्ष राष्ट्रहरूले सुधार गरी अन्तर्राष्ट्रिय मापदण्डको बनाउनु आवश्यक छ।

५.२.९ सरकारी अधिकारीहरूको क्षमता विकास

रोम विधानको कार्यान्वयनको तयारीको क्रममा यो महत्त्वपूर्ण पक्ष रहेको छ। विधानमा उल्लेखित अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्ष सामान्य मुद्दामा गरिने प्रकृतिको नभएकोले अभियोजन, अनुसन्धान, पुर्पक्षसाग सम्बन्धित अधिकारीहरूलाई अन्तर्राष्ट्रिय अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्ष विधिबारे प्रशिक्षित गराउनु आवश्यक छ। यस्तो कार्य न्याय क्षेत्रको एक मात्र छाता तालिम तथा अनुसन्धान संस्थाको रूपमा ऐनले स्थापना गरेको राष्ट्रिय न्यायिक प्रतिष्ठानमार्फत हुन सक्तछ। यसअन्तर्गत छोटो तथा लामो अवधिको तालिम, अन्तर्राष्ट्रिय फौजदारी अदालत

तथा अन्य अन्तर्राष्ट्रिय न्यायाधिकरणबाट हुने गरेका अनुसन्धान, अभियोजन र पुर्पक्षबारे ज्ञान, जानकारी, अवलोकन प्रशिक्षणलगायत आवश्यक पर्दछ। त्यस्तै रोम विधानका पक्ष भई कानुन बनाएर कार्यान्वयनमा रहेका राष्ट्रहरूको अनुभव प्राप्त गर्ने लागयत कुराहरू क्षमता विकासका लागि आवश्यक हुन्छ। त्यसैले विद्यमान न्यायिक जनशक्तिको क्षमता विकासका लागि रोम विधानको अनुमोदनपूर्व देखि नै क्षमता विकासको लागि कार्ययोजना निर्माण गरी प्रशिक्षणको थालनी गर्नुपर्ने हुन्छ। यसको साथै अन्तर्राष्ट्रिय फौजदारी कानुनबारे क्षमता विकास गर्न कानुनको पाठ् यक्रममा यो विषयलाई समावेस गरी आधारभूत ज्ञान, सीप र सक्षमताको विकास गरिनु पर्दछ।

५.२.१० नयाँ संरचना निर्माण वा सुधार

रोम विधानको कार्यान्वयन गर्ने तयारीको क्रममा विधानमा उल्लेखित अपराधहरूको अनुसन्धान अभियोजन गर्ने सक्षम निकायको व्यवस्था गर्नेबारे पनि स्पष्ट हुन आवश्यक छ। साथै पुर्पक्षको लागि विद्यमान अदालती संरचनाअन्तर्गत विशेष अदालतलाई क्षेत्राधिकार प्रदान गर्ने भन्नेबारे स्पष्ट हुन र रोम विधान कार्यान्वयन ऐनमा राख्न आवश्यक छ। रोम विधानमा उल्लेख भई राष्ट्रले निर्माण गर्ने रोम विधान कार्यान्वयन ऐनमा समावेस हुने अन्तर्राष्ट्रिय अपराधको सुनुवाइ केन्द्रमा रहेको अदालतबाट हुन उपयुक्त हुने तर नेपालमा केन्द्रका अदालतहरूमा मुद्दाको चाप बढिरहेको सन्दर्भमा शीघ्र न्याय निरुपणको लागि कार्यविधि, जनशक्तिको क्षमता र कार्यदक्षता तथा कार्यसंस्कृतिमा सुधार आवश्यक छ। किनकि अन्तर्राष्ट्रिय अपराधमा सुनुवाइमा अनावश्यक ढिलाइ भएको अवस्था रोम विधानअनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालतले परिपूरक क्षेत्राधिकार ग्रहण गर्ने आधार बन्न पुग्दछ।

५.२.११ साझा मतको निर्माणको लागि गृहकार्य र कार्यशैलीमा सुधार

रोम विधानको पक्ष बन्नको लागि यसको अनुमोदनबाट सिर्जना हुने दायित्व र गर्नुपर्ने कार्यबारे सरकारी नीति निर्माता राजनीतिक दलका विज्ञ प्रतिनिधि तथा नागरिक समाजसमेत बीच छलफल चलाई एउटा साझा मत बनाउन आवश्यक छ। दण्डहीनतालाई प्रश्रय दिने खालका हाम्रा विद्यमान कार्यशैली र कार्य संस्कृतिमा सुधार पनि त्यत्तिकै आवश्यक छ। रोम विधानको पक्ष बन्नको लागि राजनीतिक

तहमा मतैक्यका लागि विधानको व्यवस्था के हो, कसरी यसले दण्डहीनतालाई रोक्दै विधिको शासनको सम्बर्द्धनमा जोड दिन्छ र अन्ततः शिशु प्रजातन्त्रको विकासमा सहयोग पुऱ्याउँछ भन्नेबारे छलफल गरी राजनीतिक इच्छाशक्ति बढाउने प्रयास गर्नु पर्ने आवश्यकता छ।

५.२.१२ अन्य

अन्तर्राष्ट्रिय फौजदारी अदालतको सञ्चालनमा आर्थिक व्यवस्थापनको लागि पक्ष राज्यहरूले गरेको योगदान, संयुक्त राष्ट्रसङ्घबाट उपलब्ध रकम र विभिन्न सरकार, अन्तर्राष्ट्रिय सङ्गठन, व्यक्ति, संस्थालगायतले उपलब्ध गराएको रकम नै मुख्य आधार भएकोले पक्ष राष्ट्र भएपछि आवश्यक रकम उपलब्ध गराउने दायित्व रहने हुँदा त्यसका लागि तयार हुनु पर्दछ। नेपाल अति कम विकसित राष्ट्रमा पर्ने हुँदा नेपालले गर्नुपर्ने आर्थिक योगदान नगण्य मात्र छ। तर त्यसबाहेक पनि पक्ष राज्यहरूको सभा (Assembly of State Parties) मा नियमित सहभागी हुने तथा अन्य गतिविधिमा प्रभावकारी प्रतिनिधित्व गर्नुपर्ने कुरालाई दृष्टि गर्ने गरी आवश्यक व्यवस्था गर्नु जरुरी देखिन्छ।

सन्दर्भ सामग्री

- International Criminal Court Manual for the Ratification and Implementation of the Rome Statute, third Edition, March 2008, Vancouver, International Centre for Criminal Law Reform and Criminal Justice Policy.
- Rome Statute of International Criminal Court 1998, http://untreaty.un.org/cod/icc/statute/99-corr/preamble…
- INTERNATIONAL CRIMINAL LAW & HUMAN RIGHTS, Claire de than and Edwin Shorts, 2003, Thomson Renters (Legal) Limited, London.
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान र वर्तमान नेपाली फौजदारी कानुनः एक अध्ययन, २०६६, राष्ट्रिय न्यायिक प्रतिष्ठान र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल।
- मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सङ्गालो, प्रथम संस्करण, २०६४, नेपाल सरकार कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौँ।
- नेपालको अन्तरिम संविधान २०६३ तथा विभिन्न ऐन नियमहरू, नेपाल कानुन किताब व्यवस्था समिति काठमाडौँ।
- प्रस्तावित अपराध संहिता २०६७
- ww.icc.inseconline.org लगायत अन्य सम्बद्ध वेबसाईटहरू।

राष्ट्रिय न्यायिक प्रतिष्ठान
हरिहर भवन, ललितपुर
फोन: ९७७-१-५५४९०५७, ५५४९०६७
फ्याक्स: ९७७-१-५५३०६६२
इमेल: info@njanepal.org.np
वेबसाइट: www.njanepal.org.np

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पोष्ट बक्स नं. २७२६
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@inse.org.np
वेबसाइट: www.insec.org.np
www.inseconline.org